# शुभकामना सन्देश

नव वर्ष २०८१ सालको सुखद अवसरमा नेपाल प्रहरीका सकल दर्जाका प्रहरी अधिकृत तथा जवानहरू, सेवानिवृत्त प्रहरी कर्मचारीहरू, प्रहरी परिवार तथा अमर प्रहरीका स्वजनमा व्यक्तिगत, पारिवारिक एवम् व्यावसायिक उन्नयन, सुख, समृद्धि एवम् आरोग्यताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यस घडीमा सेवा निवृत्त हुनु भएका समस्त अग्रज सदस्यहरूले यस संगठनको श्रीवृद्धिका लागि गर्नु भएको अतुलनीय योगदानको उच्च कदर गर्दै राष्ट्र र नागरिक हितका खातिर जीवन उत्सर्ग गर्नु हुने वीर अमर प्रहरीहरूप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । यसैगरी, कर्तव्य पालनाको सिलसिलामा घाइते हुनु भएका सकल दर्जाका प्रहरी कर्मचारीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नयाँ वर्ष, विगतमा सम्पादित कार्यसम्पादनको मूल्यांकन गर्दै आगामी दिनहरूमा समेत मुलुक र नागरिक सेवामा निःस्वार्थ सेवाभावका साथ निरन्तरताका साथ दत्तचित्त समर्पित हुन प्रतिबद्धता गर्ने अवसर पनि हो । विगतका वर्षहरूमा तपाईंहरूबाट प्रदर्शन भएको व्यावसायिक निष्ठा, कर्तव्यपरायणता र सेवाप्रतिको समर्पणभावको उच्च प्रशंसा गर्दै यस वर्ष पनि उच्च मनोवलका साथ कर्तव्यनिष्ठ, लगनशील र संगठनप्रति आस्थावान् रही कानून प्रदत्त जिम्मेवारीहरू ईमान्दार भई एवम् कुशलतापूर्वक सम्पादन गर्नमा कटिबद्ध रहनु हुनेछ भन्ने दृढ विश्वास व्यक्त गर्दछु ।

आम नागरिकमा नेपाल प्रहरीप्रतिको भरोसा र विश्वास उल्लेख्य रूपमा अभिवृद्धि हुँदै गएको परिप्रेक्ष्यमा हाम्रो जिम्मेवारीको दायरालाई अझ फराकिलो बनाई शान्ति सुरक्षाको बहाली तथा अपराध रोकथाम र अनुसन्धानका क्रममा मानव अधिकारको संरक्षण, कानूनी समानता एवम् व्यावसायिकता प्रदर्शन गरी संगठनले अख्तियार गरेको नीतिको अक्षरशः पालना गर्ने प्रण गर्न पनि आग्रह गर्दछु । यसका साथै, समाजका सीमान्तकृत समुदाय, जेष्ठ नागरिक, संवेदनशील तथा जोखिममा रहेका वर्गप्रति सेवा प्रवाहका क्रममा विशेष संवेदनशील रहँदै नागरिकको सहज र सुलभ सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न समन्वयात्मक र थप रचनात्मक ढंगले अघि बढ्न निर्देश गर्दछु ।

अन्त्यमा, संगठनलाई नागरिक सेवाको पर्याय बनाई सांगठनिक सुधार तथा सुदृढीकरणका लागि सम्पूर्ण प्रहरी कर्मचारीहरू दृढ संकल्पित रहँदै नयाँ वर्षको सुरुवातसँगै नयाँ उमङ्ग, जोश, जाँगर र उच्च मनोबलका साथ क्रियाशिल रहन व्यवसायिक ऊर्जा जागृत होस भन्ने कामनाका साथ पुनः एक पटक सकल दर्जाका सबै प्रहरी कर्मचारीहरूमा नयाँ वर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रहरी महानिरीक्षक
**बसन्त बहादुर कुँवर**


**सम्पर्क**

**नेपाल प्रहरी प्रधान कार्यालय**

जनसम्पर्क शाखा, नक्साल काठमाडौं

फो नं.: ०१-५७१९८२८, एक्सटेन्सन : १९३

इमेल : phqprs@nepalpolice.gov.np/phqprs@gmail.com

वेवसाइट : www.nepalpolice.gov.np


प्रहरी PRAHARI

वैशाख-जेठ २०८१


ISSN 2661 6122


# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन


प्रकाशन आरम्भ : २०१६ जेठ    वर्ष ६६, अंक १    वैशाख-जेठ २०८१




# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन**

वर्ष : ६६ अंक : १ २०८१ वैशाख-जेठ



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि. दान बहादुर कार्की

**सल्लाहकार**

प्र.व.उ. विश्व अधिकारी

**प्रधान सम्पादक**

प्र.ना.उ. चन्चला श्रेष्ठ

**सम्पादक**

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

डल्फिन अफसेट प्रेस

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा
प्र.स.नि. शरणजंग भण्डारी

**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## सम्पादकीय...

**राजस्व अभिवृद्धिमा नेपाल प्रहरीको पहल**

कुनै पनि राज्य बलियो हुनका लागि राजस्व वृद्धि अत्यन्तै महत्वपूर्ण हुन्छ । किनकि देशको अर्थतन्त्र सुदृढ बनाउन राजस्वको भूमिका अन्य विषयभन्दा अग्रणी रहन्छ । यसका निम्ति राज्यले निकै प्रभावकारी नीति निर्माण गरी कार्यान्वयनमा ल्याएको हुन्छ। विकशित राष्ट्रहरूमा राजस्व वृद्धिका लागि सरकारी निकायको साथै नीजि क्षेत्र र नागरिकलाई समेत प्रोत्साहन गर्ने गरिन्छ । राज्यको समृद्धि तथा विकास, नागरिकको हित कल्याणसँग प्रत्यक्ष सरोकार राख्ने राजस्व अभिवृद्धि निकै महत्वपूर्ण विषय पनि हो।

नेपाल प्रहरी कानून कार्यान्वयन गर्ने प्रमुख निकाय हो । तथापि राजस्व अभिवृद्धिका लागि राजस्व चुहावट र तस्करी नियन्त्रणमा पनि नेपाल प्रहरीको ध्यान उत्तिकै छ। नेपाल प्रहरीबाट तस्करी नियन्त्रण गरी राजस्व संकलन गर्ने क्रममा पछिल्ला आर्थिक वर्षहरूका तथ्याङ्क विश्लेषण गर्दा हरेक आर्थिक वर्षमा करिब चार अर्बदेखि पाँच अर्ब रुपैयाँको बिचमा राजस्व संकलन भएको देखिन्छ। उक्त राजस्व रकम राज्यको कानून कार्यान्वयनको क्रममा अदालतको फैसला कार्यान्वयन, अवैध भन्सार छलि, ट्राफिक जरिवाना, चोरी, पैठारी तथा अवैध सुन, चाँदी, मालसामान, नदीजन्य पदार्थ,

अवैध काठ बरामद, अवैध मुद्रा, हुन्डी कारोबार लगायतका शीर्षकहरूबाट संकलन हुने गर्छ । उल्लिखित शीर्षकमा संलग्न व्यक्तिहरूलाई कानूनी दायरामा ल्याएपछि राजस्व संकलन हुन जाने गरेको छ ।

राजस्व चुहावट र तस्करी नियन्त्रणका क्षेत्रमा देखिएका नविन प्रवृत्ति र विविध समस्याको कारण राजस्व वृद्धिमा चुनौती थपिने गर्दछ । लुकाई छिपाई भन्सार छली गर्ने, अवैध रूपले सामान भित्र्याउने जस्ता राजस्व चुहावटका क्षेत्रमा देखिएका समस्या हुन् ।

यस्ता चुनौती र समस्याको पहिचान गरी प्रभावकारी रूपमा तस्करी नियन्त्रण गर्न नेपाल प्रहरी सक्रिय छ । नेपाल सरकार गृह मन्त्रालय र अर्थ मन्त्रालयद्वारा विभिन्न समयमा संयुक्त रूपमा आयोजना गरिने राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रण सम्बन्धी गोष्ठीले मद्दत गर्ने गरेको छ । यसबाट राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रणका लागि सबै सरोकारवाला निकाय बिच समन्वयकारी भूमिका निर्वाह गर्न, राजस्व चुहावट लगायतका समस्या समाधान गरी संयुक्त रूपमा अगाडि बढ्न सहज हुने गरेको छ । राजस्व अभिवृद्धि तथा चुहावट सम्बन्धी हुने छलफल तथा अन्तरक्रिया सहयोगीसिद्ध र प्रभावकारी हुने गरेको छ ।

राजस्व चुहावट र तस्करी नियन्त्रणका लागि सीमा नाकामा आधुनिक प्रविधिको प्रयोगलाई प्रभावकारी कार्यान्वयन गर्नुको साथै चेकजाँचमा कडाई गर्ने गरिएको छ । निग्रानी र नियन्त्रणका उपायहरू अवलम्बन गरी प्रहरीले सक्रिय रूपमा काम गर्दै राजस्व संकलनमा योगदान दिँदै आएको छ । राजस्व चुहावट नियन्त्रणमा खटिएका सरोकार वाला निकायका कर्मचारीहरूसँग समन्वय तथा सहकार्य गरी नेपाल प्रहरीले काम गर्दै आएको छ । सीमा क्षेत्रमा नेपाल प्रहरीको सक्रियता बढेकै कारण राजस्व संकलन वृद्धि तथा चुहावट नियन्त्रणमा उल्लेखनीय योगदान पुगेको देखिन्छ । यस कार्यलाई अझ प्रभावकारी बनाउदै लैजान सरोकारवाला निकाय बिचको निरन्तर समन्वय तथा सहकार्य निगरानी संयन्त्रमा विशेष जोड दिई थप लगानी गर्नु आवश्यक देखिन्छ ।

अन्त्यमा, वि.सं २०८० साल हामीबाट बिदा भएको छ । आगामी दिन आम नेपालीका लागि सुखद् रहुन् भन्ने शुभकामनासहित नयाँ वर्ष २०८१ सालको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ बालन्याय र नेपाल कानून | ✍ नायब महान्यायाधिवक्ता संजीवराज रेग्मी | १ |
| ♦ आपराधिक मनसाय | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | ९ |
| ♦ बढ्दो साइबर ठगीका घटना र .... | ✍ प्र ना उ जनार्दन घिमिरे | ६५ |
| ♦ लागु पदार्थको दलदलमा चालक | ✍ प्रवनानि विष्णु थापा | ७३ |
| ♦ सम्बन्ध विच्छेद सम्बन्धी कानूनी.... | ✍ प्रवनानि सरस्वती बुढाथोकी | ९५ |
| ♦ बहुमूल्य फल 'बोधिचित्त' मूल्यसँगै... | ✍ प्रसनि सुर्यध्वज तामाङ | १०४ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ समता | ✍ पूर्व प्र ना म नि ई महेशसिंह कठायत | १४ |
| ♦ वैज्ञानिक अर्नेष्ट रदरफोर्ड | ✍ राजेशमान के. सी | २० |
| ♦ भिजेको प्रेम | ✍ ममता मृदुल | २१ |
| ♦ त्याङबोचे : हिजो र आज | ✍ युवराज नयाँघरे | २२ |
| ♦ आमाको माया | ✍ देवकी के. सी | ३३ |
| ♦ साइनो | ✍ पूर्व प्र व उ विक्रम गुरुङ | ३४ |
| ♦ मुस्ताङको मुटुः मार्फा | ✍ प्रनाउ भोजराज पाण्डेय | ४० |
| ♦ आमा ब्रहमलिन हुनु भो | ✍ बद्रीप्रसाद ढकाल | ४५ |
| ♦ नेपालको कृषि विकासमा..... | ✍ गम्भीरबहादुर हाडा | ४९ |
| ♦ पिएचडीवाला साइको | ✍ अधिवक्ता प्रेमराज सिलवाल | ६१ |
| ♦ प्रिय सन्तति | ✍ डा छायादत्त न्यौपाने 'बगर' | ७० |
| ♦ फेरि क्षेत्रवास | ✍ लीलाराज दाहाल | ७७ |
| ♦ विश्व मानचित्रमा नेपाल र नामाकरण | ✍ त्रिचन्द्र प्रतीक्षा | ८१ |
| ♦ कोन्ज्योसोम नल्लुमा पाथीभराको... | ✍ घनबहादुर थापा | ८५ |
| ♦ सौभाग्य | ✍ बिन्दु अधिकारी ढकाल | ९० |
| ♦ अर्ति | ✍ ध्रुवराज थापा 'पुरुष' | १०० |
| ♦ पीडा | ✍ प्रसनि अम्बिका के. सी | १०१ |
| ♦ व्यस्तता | ✍ विवेक दुलाल क्षेत्री 'दमक' | १०६ |
| ♦ प्रेम या डर ? | ✍ डा गितु गैरे | १०७ |

## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ 'शुभकामना' | ✍ उर्मिला पन्त पाण्डेय | ८ |
| ♦ गजल | ✍ मस्त पुन मगर | १३ |
| ♦ आमाको व्याकरण | ✍ तेजविलास | १९ |
| ♦ नामसारी | ✍ गंगा खड्का | ३९ |
| ♦ मुक्तक | ✍ अरुणबहादुर खत्री 'नदी' | ४४ |
| ♦ एक जवान | ✍ प्र ज बिसाल के. सी | ४८ |
| ♦ गजल | ✍ रत्न प्रजापति | ६४ |
| ♦ सपनाको कविता | ✍ डा बम बहादुर थापा 'जिताली' | ६९ |
| ♦ एकोहोरो माया | ✍ शशीश्री आचार्य | ७२ |
| ♦ यो मेरो देश | ✍ इन्द्र कुमार श्रेष्ठ 'सरित' | ७६ |
| ♦ आफ्नै अनुहार भुल्नै त हो ! | ✍ जयश्वर रिमाल | ८४ |
| ♦ गीत | ✍ यशु श्रेष्ठ | ८९ |
| ♦ गजल | ✍ प्रसह. टीकाराम दुलाल | ९४ |
| ♦ गीत | ✍ मुरारीराज मिश्र | १०३ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ रसबस | संकलन : प्र स नि शरणजंग भण्डारी | ११० |
| ♦ इतिहासको पानाबाट | | १११ |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगिता कार्की | ११२ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र नि सुरेश कुमार हायु | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# बाल न्याय र नेपाल कानून



✍ नायब महान्यायाधिवक्ता
संजीवराज रेग्मी

**१. विषय प्रवेशः**

बालबालिकाले गरेको कसूरजन्य कार्यसँग सम्बन्धित कानूनी प्रकृयाको समग्र पक्षलाई बाल न्याय भनिन्छ। बालबालिकाले परिणामको अपेक्षा नगरी फरक ढंगले कसूरजन्य कार्य गर्ने भएकाले त्यस्ता कार्यको लागि वयस्क सरह उत्तरदायी बनाउनु हुँदैन भन्ने बाल न्यायको अवधारणागत मान्यता हो । बालबालिकाबाट भएका कसूरजन्य कार्यका लागि अलग्गै कानूनी प्रकृयाको माध्यमबाट कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाही गर्ने विषय बाल न्यायको आधारभूत मान्यता रहेको छ । बालबालिका सम्बन्धी छुट्टै कानून, अलग कार्यविधि र अदालतको व्यवस्था बाल न्यायको महत्वपूर्ण आधार हो। बाल न्यायका सम्बन्धमा अन्तर्राष्ट्रिय कानूनको रूपमा बाल अधिकार महासन्धि, १९८९ (Convention on Rights of Child 1989) बनेको छ। बाल अधिकार र बाल न्यायको क्षेत्रमा महत्वपूर्ण दस्तावेज मानिएको यो महासन्धिलाई नेपालले १९९० को सेप्टेम्बर १४ का दिन अनुमोदन गरी पक्ष राष्ट्र भएको छ। बालबालिकाको सर्वोत्तम हित, दीर्घजीवन र विकास, समानता र बाल सहभागिता, राज्यको अभिभावकत्व तथा बाल अनुकूल न्याय जस्ता सिद्धान्तलाई महासन्धिले स्वीकार गरेको छ।

पक्ष राष्ट्रहरूले यी व्यवस्थाहरूको अवलम्बन र कार्यान्वयन गर्नुपर्ने हुन्छ। बाल अधिकार सम्बन्धी महासन्धि लगायतका अन्तर्राष्ट्रिय कानूनहरूले बाल न्याय सम्बन्धमा गरेका व्यवस्थाहरू पक्ष राष्ट्र भएको नाताले नेपालले पनि पालना गर्नुपर्ने दायित्व रहे अनुसार बालबालिका सम्बन्धी कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

**२.संवैधानिक तथा कानूनी व्यवस्था**

प्रत्येक बालबालिकालाई बाल अनकूल न्यायको हक हुने संवैधानिक प्रत्याभूति गरिएको छ । बाल अनकूल न्यायको हक बाल न्याय प्रणालीका आधारभूत मान्यतासँग सम्बन्धित छ । संविधानले गरेको बाल अनुकूल न्यायको हकको कार्यान्वयन गर्न बालबालिका

सम्बन्धी कानून जारी भएका छन् । यसका अलावा अन्य कार्यविधिगत कानूनहरूले पनि बाल न्यायसँग सम्बन्धित कानूनी व्यवस्था गरेका छन् ।

**३. बालबालिका सम्बन्धी ऐन, २०७५**

बालबालिका सम्बन्धी ऐनले बाल न्याय सम्बन्धी महत्वपूर्ण सिद्धान्त र मान्यतालाई अंगिकार गरेको छ । बालबालिकाले गरेको कार्यमा वयस्क भन्दा कम उत्तरदायी बनाउने, व्यक्तिगत विवरणको गोपनीयता राख्ने, पटके सजाय नहुने कुरा, दिशान्तर र पुनर्स्थापकीय न्याय, कसूरजन्य कार्यको आरोप लागेका अर्थात् कानूनको विवादमा परेका बालबालिकाको अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीको लागि बाल न्याय कार्यविधिको व्यवस्था लगायतका मान्यता समावेश गरिएको छ ।

**३.१ कसूरको अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्था**

बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६ ले बालबालिकाले गरेका कसूरजन्य कार्यको अनुसन्धान र अभियोजन सम्बन्धमा निम्न कानूनी व्यवस्था गरेको छ। उक्त कानूनी व्यवस्थाको पालना र कार्यान्वयन अनुसन्धान अधिकारी तथा अभियोजनकर्ताले गर्नुपर्दछ ।

**क) अनुसन्धान गर्ने छुट्टै एकाइ वा तालिम प्राप्त कर्मचारी हुनुपर्ने**

बालबालिकाउपर आरोप लागेको कसूरजन्य कार्यको अनुसन्धान गर्न नेपाल सरकारले छुट्टै एकाई गठन गर्ने र त्यस्तो एकाइ गठन नभएसम्म नेपाल सरकारले जिल्ला प्रहरी कार्यालयमा कार्यरत बाल न्याय सम्बन्धी तालिम प्राप्त कर्मचारीलाई तोक्न सक्ने व्यवस्था रहेको छ । बालबालिकाउपरको कसूरको अनुसन्धान विधि र प्रकृया फरक हुने र यस सम्बन्धी अनुसन्धान गर्न छुट्टै एकाइ हुनुपर्ने र अनुसन्धान अधिकारीले बाल न्याय सम्बन्धी तालिम लिएको हुनुपर्ने बाल न्यायको अवधारणालाई यो व्यवस्थाले समेटेको देखिन्छ ।

**ख) कसूरको अनुसन्धान र आरोपित बालबालिकालाई नियन्त्रणमा लिने व्यवस्था**

बालबालिका विरुद्ध कुनै कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले दर्ता गरी गोप्य तवरबाट अनुसन्धान प्रारम्भ गर्नुपर्दछ । यसरी अनुसन्धान प्रारम्भ भएको बालबालिकाको परिचयात्मक विवरण गोप्य राखी सांकेतिक नाम दिई अनुसन्धान कारबाही अगाडि बढाउनु पर्दछ । अनुसन्धान तथा नियन्त्रणमा लिने सम्बन्धी व्यवस्था अन्तर्गत निम्न कार्यविधि अवलम्बन गर्नुपर्दछ ।

- अनुसन्धानका लागि आरोप लागेको

बालबालिकालाई नियन्त्रणमा नलिई नहुने भएमा मात्र नियन्त्रणमा लिने, नियन्त्रणमा लिएकोमा कुन कसूरको आरोपमा नियन्त्रणमा लिएको हो सोही व्यहोराको पूर्जी दिने,

- नियन्त्रणमा लिइएको सूचना सम्बन्धित बालबालिकाको परिवारको सदस्य, सदस्य नभए संरक्षक, संरक्षक नभए नजिकको नातेदारलाई तोकिएको ढाचाँमा दिने,
- नियन्त्रणमा राख्न आवश्यक नदेखिएमा परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउने,
- प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई सादा पोशाक लगाउने,
- बालबालिकालाई नियन्त्रणमा लिनु पर्दा सोको कारण खुलाई आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाउने,
- नियन्त्रणमा लिईएको बालबालिकालाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउने,
- बालबालिकाको बाबुआमा वा कम्तिमा एकजनालाई र बाबुआमा नभए निजको परिवारको सदस्य वा संरक्षकलाई बालबालिकाउपर लागेको आरोपको सम्बन्धमा सूचना दिने,
- नजिकैको सरकारी अस्पताल वा चिकित्सकबाट तुरून्तै बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न लगाउने,
- आवश्यकता अनुसार बाल मनोविज्ञको परामर्श वा मनोसामाजिक सहयोग उपलब्ध गराउने,
- समाजसेवीबाट बालबालिकाको सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउने,
- कुनै लिखत तयार गर्दा बालबालिकाको बाबुआमा भएसम्म दुवै जना वा कम्तिमा एकजना र बाबुआमा नभए निजको परिवारको सदस्य वा संरक्षक, बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहवरमा राख्नुपर्ने,
- नियन्त्रणमा लिइएको जानकारी तुरुन्त जिल्ला बाल न्याय समिति वा केन्द्रीय बाल न्याय समितिलाई गराउने,
- नियन्त्रणमा लिएको बालबालिकालाई बाल अदालतको अनुमतिले एकपटकमा पाँच दिनमा नबढ्ने गरी एक्काईस दिनसम्म मात्र निगरानी कक्षमा राख्ने,
- छुट्टै कानून व्यवसायीको सेवा लिएकोमा बाहेक निःशुल्क कानूनी सहायता प्रदान गर्ने सम्बन्धमा वैतनिक वकिल वा जिल्ला कानूनी सहायता समिति वा सम्बन्धित बार एकाइलाई जानकारी गराउने,

**ग) बालबालिकालाई सोधपुछ गर्ने**

कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई

सोधपुछ गर्दा निजको बाबुआमा वा संरक्षक वा बालकल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नुपर्दछ । यसबाहेक बालबालिकालाई सोधपुछ गर्दा निम्न अनुसार गर्नुपर्ने व्यवस्था रहेको छ।

- बालबालिका बयान दिन सक्ने अवस्थामा रहे वा नरहेको एकीन गर्ने,
- निजको बाबुआमा वा संरक्षक वा बाल कल्याण अधिकारी वा कानून व्यवसायीलाई रोहबरमा राख्ने,
- निजलाई सोधिएको कुराको उत्तर दिन सक्ने बालमैत्री वातावरण बनाई सोधपुछ गर्ने,
- कसूरजन्य कार्यको आरोपमा बालबालिकाको पारिवारिक तथा सामाजिक पृष्ठभूमि र अन्य आवश्यक कुराका सम्बन्धमा सोधपुछ गर्ने,
- निजले बुझ्ने भाषामा सोधपुछ गर्ने,
- रातको समयमा सोधपुछ नगर्ने, दिनमा सोधपुछ गर्दा एकपटकमा एकघण्टा भन्दा लामो समयसम्म सोधपुछ नगर्ने,
- कसूरमा साबित हुन प्रेरित नगर्ने,
- सार्वजनिक रूपमा सोधपुछ नगर्ने र सोधपुछका लागि छुट्टै कोठा वा स्थानको व्यवस्था गर्ने,

**घ. निगरानी कक्षमा राख्ने**

कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अवधिभर निगरानी कक्षमा राख्नु पर्दछ। निगरानी कक्षमा राख्न बाल अदालत वा बाल इजलासको अनुमति लिनुपर्दछ । निगरानी कक्षको स्थापना नेपाल सरकारले गर्नुपर्ने हुन्छ । यस्तो कक्ष स्थापना नभएसम्म प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै निगरानी कक्ष व्यवस्था गर्नुपर्दछ । निगरानी कक्षमा राखिने बालबालिकाको सहयोगको लागि परिवारको कुनै सदस्य बस्न चाहेमा समय र शर्त तोकी बस्न दिनुपर्दछ। यस्तो कक्षमा बालबालिकाको लागि आवश्यक न्यूनतम सुविधाको व्यवस्था गर्नुपर्दछ।

**ङ. गोपनीयता कायम गर्ने**

अनुसन्धान अधिकारीले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको पहिचान गोप्य राख्नुपर्दछ। बालबालिकाको पहिचान अन्तर्गत आरोप लागेका बालबालिकाको नाम, थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धी कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण समावेश छन् । यसरी गोप्य राखिएको परिचयात्मक विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गर्न पाइदैन। परिचयात्मक विवरण गोप्य राखी साङ्केतिक नाम दिई कारबाही गर्नुपर्दछ।

**३.२ अभियोजन सम्बन्धी कानूनी व्यवस्था**

बालबालिकाले गरेको कसूरजन्य

कार्यको आरोपको लागि अनुसन्धानबाट आरोपित बालबालिकाउपर सबुत प्रमाणका आधारमा प्रचलित कानून बमोजिम बाल अदालत वा बाल इजलास समक्ष आरोपपत्र पेश गर्ने कार्य अभियोजन हो । बालबालिका संलग्न भएका मुद्दामा अभियोजनको उद्देश्य कसूरजन्य कार्यमा संलग्न बालबालिकालाई कानूनले निर्धारण गरे बमोजिमको अपराधिक दायित्व वहन गराउनु भएपनि बालबालिकाले गरेको अपराधमा निजहरूलाई सुधार गरी भविष्यमा त्यस्ता अपराधको बारेमा कुनै जानकारी नरहोस भन्ने बाल न्यायको मान्यता रहेको हुँदा अभियोजनको उद्देश्य सोही कुरामा केन्द्रित हुनुपर्दछ ।

**क) बालबालिका संलग्न कसूरजन्य कार्यमा अभियोजन सम्बन्धी निर्णय र मुद्दा दर्ता**

बालबालिका संलग्न मुद्दाको अनुसन्धानबाट आरोपित बालबालिका उपर मुद्दा चलाउनुपर्ने देखिएमा अनुसन्धान अधिकारीले अभियोजनकर्ता समक्ष प्रचलित कानून बमोजिमको ढाँचामा प्रतिवेदन सहित मिसिल पेश गर्नुपर्दछ । अनुसन्धान प्रतिवेदन सहितको मिसिलबाट मुद्दा चलाउनुपर्ने वा नपर्ने निर्णय अभियोजनकर्ताले गर्दछ । मुद्दा चलाउने निर्णय गरेकोमा बाल अदालतमा प्रचलित कानूनको ढाँचामा अभियोगपत्र दर्ता गर्नुपर्दछ । अभियोजनका सम्बन्धमा अनुसन्धान वा मुद्दाको सुनुवाइमा जस्तो विशिष्ट व्यवस्था बालबालिका सम्बन्धी कानूनमा रहेको देखिदैन । अभियोजनकर्ता बाल न्याय सम्बन्धी तालिम प्राप्त हुनुपर्ने, बाल अदालतमा दायर हुने आरोप पत्र फरक हुने जस्ता विषय समावेश रहेको देखिदैन ।

**ख) अभियोजन सम्बन्धमा ध्यान दिनपर्ने कुराहरू**

- ♦ दश वर्ष भन्दा कम उमेरको बालबालिकाले गरेको कार्यमा कुनै सजाय नहुने र मुद्दा नचलाइने हुँदा अभियोजन नगर्ने निर्णय गर्ने,
- ♦ दश वर्षभन्दा माथिको उमेरको भए बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ३६ अनुसार उमेरको आधारमा अभियोगपत्रमा सजायको दावी लिने,
- ♦ अभियोगपत्रमा बालबालिकाको व्यक्तिगत विवरणको पहिचानको गोपनीयता कायम गर्ने,
- ♦ बालबालिकालाई पटकेको आधारमा थप सजाय नहुने हुँदा त्यस तर्फ दावी नलिने कुरा,
- ♦ बालबालिकाले गरेको कसूरजन्य कार्यको हकमा प्रचिलत कानूनमा मुद्दा हेर्ने क्षेत्राधिकार जुनसुकै अदालत वा न्यायिक निकायमा रहेपनि बालबालिकाको हकमा बाल अदालतमा नै मुद्दा दायर गर्ने,
- ♦ बालबालिकाको साथमा उमेर पुगेको व्यक्ति समेत कसूरजन्य कार्यको प्रतिवादी

भएमा बालबालिकाको हकमा बाल अदालत वा बाल इजलासमा र उमेर पुगेको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम अलग मिसिल खडा गरी मुद्दा हेर्ने अधिकार क्षेत्र भएको अदालतमा अभियोगपत्र दायर गर्ने,

- अभियोगपत्र दर्ता गर्दा सामाजिक अध्ययन प्रतिवेदन समेत साथै पेश गर्ने,
- बाल इजलासमा अभियोगपत्र पेश गरिएको व्यहोरा र लगातार सुनुवाइ हुने व्यहोरा उल्लेख गर्ने,
- बाल अदालतको आदेशले निगरानी कक्षमा राखिएको आरोपित बालबालिकाको हकमा बढीमा २१ दिनभित्र अभियोजन कारबाही सम्बन्धी प्रकृया पूरा गर्ने,
- बालबालिका विरुद्ध अभियोगपत्र दायर भएपछि त्यस्तो अभियोगपत्र सम्बन्धित बालबालिका वा निजको बाबु आमा वा परिवारको सदस्यलाई उपलब्ध गराउने,
- बाल इजलासमा अभियोगपत्र दायर गर्ने र यस्ता मुद्दा बन्द इजलासबाट सुनुवाई हुने हुँदा सो कुराको दावी लिने,
- मुद्दाको अनुसन्धान तथा कारबाहीका क्रममा बालबालिकाको उमेर १८ वर्ष पूरा भएपनि त्यस्तो मुद्दा बाल अदालतबाट नै किनारा हुने हुँदा अभियोजन गर्दा सो कुरामा पालना गर्ने,

**ग) सजाय सम्बन्धी व्यवस्था**

बाल न्याय प्रणालीले बालबालिकाले गरेको कसूरजन्य कार्यका लागि उमेरका आधारमा सजायमा कम उत्तरदायी बनाउने कुरामा जोड दिन्छ । बालबालिका सम्बन्धी ऐनले बालबालिकालाई हुने सजायको सम्बन्धमा निम्न व्यवस्था गरेको छ। अभियोजन गर्दा सजाय सम्बन्धी यो व्यवस्थालाई हेक्का राख्नुपर्दछ।

- बालबालिकाको उमेर दश वर्ष वा सो भन्दा माथि र चौध वर्षभन्दा कम रहेकोमा जरिवाना हुनेमा सम्झाई बुझाई छाड्ने र कैद हुनेमा कसूरको प्रकृति हेरी छ महिनासम्म कैद वा एक वर्षसम्म बाल सुधार गृहमा राख्ने गरी दावी लिने,
- चौध वर्ष वा सो भन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको भए उमेर पुगेकालाई हुने सजायको आधा सजाय हुने,
- सोह्र वर्ष वा सोभन्दा भन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको भए उमेर पुगेकालाई हुने सजायको दुई तिहाई सजाय हुने,
- सोह्र वर्ष पूरा नगरेका बालबालिकालाई जघन्य, गम्भीर वा पटके कसूर गरेकोमा बाहेक कैद सजाय नगरिने,

**घ) उमेर कायम गर्ने आधार**

बालबालिकाको उमेर कायम गर्दा देहाय बमोजिमका कुरालाई आधार

लिनुपर्ने व्यवस्था रहेको हुँदा अनुसन्धान तथा अभियोजन प्रकृयामा यी कुरालाई आधार बनाउनुपर्दछ ।

- अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,
- सो नभएमा स्थानीय पंजिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,
- जन्म दर्ता प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,
- चारित्रिक प्रमाणपत्र वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,
- सो पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबुआमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।

**ङ) दिशान्तर गर्दा अवलम्बन गरिने प्रकृया**

दिशान्तर गर्दा बालबालिकाको इच्छा समेतलाई विचार गरी देहाय बमोजिमको एक वा एकभन्दा बढी उपयुक्त प्रकृया अवलम्बन गर्न सकिन्छ ।

- बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,
- बालबालिकालाई गल्ती महसुस गर्न लगाउने,
- बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,
- बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने,
- बालबालिकाको हेरचाह र संरक्षण गर्ने कुनै संस्थामा पठाउने,
- बाल कल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने,
- बालबालिकालाई बाबु आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,
- बालबालिकालाई कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने,

दिशान्तर गर्दा अवधि समेत तोक्नुपर्दछ । दिशान्तर गर्नु पूर्व बाल मनोविज्ञ र बाल विशेषज्ञबाट बालबालिकाको शारीरिक तथा मानसिक अवस्था र समाजसेवीबाट बालबालिकाको आर्थिक सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनुपर्दछ । आरोपित बालबालिकालाई दिशान्तर गर्दा पीडितलाई भएको हानि नोक्सानी बापत क्षतिपूर्ति दिने वा वास्तविक हानिनोक्सानी भराई दिन सकिन्छ । दिशान्तर गरिएकोमा कसूरजन्य कार्य सम्बन्धी विवाद अन्त हुने र औपचारिक न्यायिक प्रकृया समाप्त

भएको मानिन्छ । दिशान्तर गरिएकोमा सोको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतमा दिनुपर्दछ ।

**३.३ बालबालिका संलग्न कसूरको सुनुवाइ तथा बाल अदालत सम्बन्धी व्यवस्था**

बाल न्याय प्रणालीले बालबालिकाले गरेको कसूरजन्य कार्यको न्यायिक कारबाही गर्न अलग्गै बाल अदालतको व्यवस्था अपनाउनुपर्ने मान्यता राख्दछ । यसै अन्तर्गत बालबालिका सम्बन्धी ऐन,२०७५ ले पनि बालबालिकाले गरेको कसूर जन्य कार्यको शुरु कारबाही, सुनुवाइ र किनारा गर्न आवश्यक संख्यामा नेपाल सरकारले बाल अदालत गठन गर्नसक्ने व्यवस्था गरेको छ । यस प्रकारको व्यवस्था बालबालिका सम्बन्धी ऐन,२०४८ मा पनि रहेको थियो । तर बाल अदालत हालसम्म पनि गठन हुन सकेको छैन ।

यद्यपी बालबालिका सम्बन्धी कानूनमा बाल अदालत गठन नभएसम्म प्रत्येक जिल्ला अदालतमा बाल इजलाश गठन गरिने व्यवस्था रहेको छ । यसलाई बाल अदालतको विकल्पको रुपमा तत्कालका लागि गरिएको प्रबन्धका रूपमा लिन सकिन्छ । यही व्यवस्था अन्तर्गत प्रत्येक जिल्ला अदालतमा बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरु कारबाही, सुनुवाइ र किनारा गर्न बाल इजलास गठन गरिएको छ । बाल इजलासमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बाल विशेषज्ञ गरी तिनजना सदस्य रहने व्यवस्था छ । बाल इजलासलाई बालबालिका विरुद्धका बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार क्षेत्र समेत रहेको छ ।

◆◆◆

कविता

## 'शुभकामना'



✍ **उर्मिला पन्त पाण्डेय**

पुरानो बिदाइ
नयाँ वर्षलाई
सजाऔँ घरैमा
नयाँ पात्रो ल्याई

वसन्त बहार
वनै हरिलो भो
खुसीले भरेर
मनै भरिलो भो

नयाँ वर्ष आयो
खुसीयाली छायो
खुसी र हर्षले
उमंग पलायो

पुरानो बिदाइ
नयाँ वर्षलाई
सजाऔँ घरैमा
नयाँ पात्रो ल्याई

मनै हँसिलो भो
तनै हँसिलो भो
मनै रसिलो भो
तनै कसिलो भो

खुसीको पलामा
शुभको घडामा
मनले अर्पण
छ शुभकामना !!!

# आपराधिक मनसाय



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

## १. भूमिका

समाजले हानिकारक मानेका, अस्वीकार गरेका र अवाञ्छित ठहऱ्याएका मानवीय गतिविधिलाई राज्यले फौजदारी कानून मार्फत कसूरको घोषणा गरेको हुन्छ । त्यस्तो कसूर स्थापित हुन आपराधिक कार्य र आपराधिक मनसाय अपरिहार्य हुन्छ। कसूर कायम गर्नका लागि कार्य मात्र पर्याप्त हुँदैन । दोषी मनोभावना (Guilty Mind) सहित सो कार्य गरेको हुनु पर्दछ। कर्ताले आपराधिक मनसाय राखी कार्य गरेको अवस्थामा मात्र कसूर कायम गरी सजाय गरिन्छ । कुनै पनि आपराधिक कार्य व्यक्तिले निर्दोष मानसिक स्थिति राखेर गर्दछ भने उक्त कार्य कसूर हुन सक्दैन । कसूरजन्य कार्य आपराधिक मनसाय सहितको परिणाम हो । साथै कुनै कसूरजन्य कार्यमा कर्ताको दोषी मनोभावनाको स्तर अनुसार सजाय हुने गरी कानूनी व्यवस्था गरिएको हुन्छ। यदि कसूरजन्य कार्य स्थापित भए पनि सो कार्य गर्न वा हुन आपराधिक मनसाय स्थापित हुने अवस्था छैन भने सजायबाट उन्मुक्त गरिन्छ। यसबाट स्पष्ट हुन्छ कि कसूरजन्य कार्य कर्ताको आपराधिक मनसायबाट सिर्जित परिमाण हो। तथापि अपवादात्मक अवस्थामा निरपेक्ष दायित्व अन्तर्गतका कसूरजन्य कार्यमा आपराधिक मनसाय अत्यावश्यक मानिँदैन । साथै परदायित्व अन्तर्गतका अपराधमा कर्ताको आपराधिक मनसाय रहेको मानिँदैन। यसबाट स्पष्ट हुन्छ कि आपराधिक मनसाय नहुँदा पनि कसूर स्थापित हुन सक्दछ । तर यो फौजदारी कानूनको अपवादको अवस्था हो ।

## २. अपराधको आवश्यकीय तत्व

अपराधको घोषणा गरी सो कार्यलाई वैधानिकता प्रदान गर्ने र अपराधीलाई कसूरको मात्रा अनुसार सजाय तोक्ने कार्य फौजदारी कानूनका दुई महत्वपूर्ण कार्यहरू हुन्। कुनै कार्य अपराध हुन कुनै न कुनै रूपमा मानवीय संलग्नता हुनै

°एलएल. एम., (फौजदारी कानून र संवैधानिक कानून), सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

पर्छ । गैरमानवीय संलग्न वा सहभागितामा हुन जाने कार्य अपराध हुन सक्दैन । तसर्थ मानवीय कार्य अपराध हुन निश्चित तत्वहरू पूरा गरेको हुनु पर्छ । परम्परागत रूपमा अपराध कायम हुन Actus reus (आपराधिक कार्य) को संयोजन Mens rea (आपराधिक मनसाय) सँग हुनु पर्दछ । यसैलाई ल्याटिन उक्तिमा Actus non facit reum nisi mens sit rea अर्थात् दोषी मनोभावना विना कुनै पनि कार्य अपराध ठहरिँदैन भनी भन्ने गरिन्छ । दुवैको संयोजनबाट कुनै कार्यलाई अपराध घोषित गर्न र अपराध घोषित कार्यलाई सजाय गर्ने वैधानिकता प्राप्त गर्दछ ।

सजाय गर्नु कुनै व्यक्तिसँग सरोकार नभई उसले गरेको गल्तीपूर्ण कार्यसँग सरोकार हुन्छ । परम्परागत मान्यता रूपमा अपराध हुन आपराधिक कार्य र आपराधिक मनसायको विद्यमानता भए पुग्नेमा पछिल्लो समयमा अपराधको आवश्यकीय तत्वको रूपमा वैध प्रतिरक्षाको अभाव हुनु पर्ने नयाँ धारणा विकास भएको छ । यसलाई फौजदारी कानूनमा General defence/ Valid defence पनि भनिन्छ । वैध प्रतिरक्षा व्यक्तिको आफ्नो रहर नभई मृतक वा घाइतेको आक्रमण विरुद्धको उचित प्रत्याक्रमण हो ।

यो राज्यको, समाजको वा कुनै व्यक्तिको सहायता उपलब्ध नहुँदा वा आफ्नो मानसिक वा उमेरले सही वा उचित ठहऱ्याउन नसक्ने अवस्था हुँदा वा गैर कानूनी आक्रमणबाट आफ्नो जीउ ज्यान सम्पत्ति, सतीत्व आदि जोगाउन नसक्ने अवस्था आइपर्दा मात्रै प्रयोग गरिने, अन्तिम तथा बाध्यात्मक उपाय हो । यसलाई अपराध प्रमाणित गर्ने नकारात्मक तत्व (Negative requirement) पनि भनिन्छ। बेलायतका कानूनविद् William Wilson का अनुसार The third element in criminal liability is the absence of valid defence हो भनेका छन् ।

यसप्रकार आधुनिक फौजदारी विधिशास्त्र अनुसार आपराधिक कार्य र आपराधिक मनसायको संयोजन भई वैध प्रतिरक्षाको अभाव भएमा मात्रै उक्त कार्य अपराध हुने धारणाको विकास भएको छ ।[१]

### ३. आपराधिक मनसायको अर्थ

सामान्य अर्थमा आपराधिक मनसाय भन्नाले कुनै अपराध गर्दाको अवस्थामा अभियुक्तले राख्ने गरेको

**१.** हेर्नुहोस्, प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, (२०७८), “आधुनिक फौजदारी विधिशास्त्रको कसीमा आपराधिक कार्य सम्बन्धी धारणा, सिद्धान्त र न्यायिक दृष्टिकोणः एक समीक्षा”, नेपाल कानून परिचर्चा, वर्ष ३, अंक ३, काठमाडौंः नेपाल ल क्याम्पस, पृ. ७२ ।

मानसिक सोच (State of Mind) हो ।[२] सर्वोच्च अदालतले आपराधिक मनसाय भन्नाले कुनै पनि आपराधिक कार्य गर्दा वा सो कार्य गर्ने सम्बन्धमा कर्ताले राखेको सोच अथवा विशेष मस्तिष्कीय अवस्थालाई बुझाउने भनी अर्थाएको छ ।[३] आपराधिक मनसाय फौजदारी कानूनमा आपराधिक कार्य पछि अपराधको दोस्रो तत्वलाई जनाउने प्राविधिक शब्दावली हो । शाब्दिक रूपमा "Mens Rea" भन्नाले दोषी मनोभावना (Guilty Mind), कलुषित मनोभावना (Wicked Mind) वा दोषपूर्णता (Wrongfulness) हुन्छ । यसलाई नेपालीमा आपराधिक मनसाय, दोषी मनोभावना वा अपराधी मन[४] भनी रूपान्तरण गर्ने गरेको पाइन्छ । यो प्राविधिक शब्द प्राचीन ल्याटिन भाषाको Mens/Rea भन्ने दुई शब्दहरूको विन्यासबाट बनेको हो । 'Mens' भन्नाले अपराधी मन, दोषी मनोभावना वा दोषपूर्ण मानसिक स्थिति हो भन्ने 'Rea' को अर्थ फौजदारी कानूनद्वारा निर्धारित गरिएको भन्ने हुन्छ । यसरी "Mens Rea" को शाब्दिक अर्थ फौजदारी कानूनद्वारा निर्धारित गरिएको दोषी मनोभावना भन्ने हो । यसलाई आधुनिक फौजदारी कानूनमा सकारात्मक मानसिक तत्व (Positive Mental Element) पनि भन्ने गरिन्छ । किनकि यसको विद्यमानतालाई अभियोक्ता वा वादीले सकारात्मक रूपमा प्रमाणित गर्न सक्नुपर्दछ । यसको विद्यमानता प्रमाणित गर्न नसकेको अवस्थामा वादीको हार हुन्छ र प्रतिवादीले उन्मुक्ति पाउन सक्दछ ।[५]

आपराधिक कार्य अपराधको शरीर (Body of Crime) हो भने आपराधिक मनसाय उक्त शरीरलाई सञ्चालन गर्ने मस्तिष्क (Mind) हो ।[६] यसलाई अपराधको आन्तरिक तत्व पनि भनिन्छ । कुनै पनि कार्य त्यस बेलासम्म अपराध हुँदैन जति बेलासम्म कर्ताले दोषी मन राखेर वा उक्त अपराध घटाउछु नै भनेर निश्चित गरी गरेको हुँदैन ।[७] Black's Law Dictionary

२. Robert W. Ferguson and Allan H. Stokke (1977), Concepts of Criminal Law (2nd ed.), Boston: Holbrook Press, pp. 115-116.

३. नेपाल सरकार वि. मधुसुदन पुरी, नेकाप २०७० अंक १, नि.नं. ८९४८, पृ. ११९ ।

४. अपराध संहिता, २०३० को व्याख्यात्मक टिप्पणीमा Mens Rea लाई नेपालीमा अपराधी मन भनी रूपान्तरण गरिएको थियो । तर व्यवहारमा यी शब्दले जनबोलीमा स्वीकार्यता पाउन सकेन ।

५. Ashoworth (2003), Principles of Criminal Law (4th ed.), Oxford, p. 414.

६. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, फौजदारी कानूनको परिचय, (२०७९), लुम्बिनी प्रकाशन, (पाँ.सं.) काठमाडौँ, पृ. १४९ ।

७. K.D. Gaur (1975), Criminal Law : Cases & Materials (1st ed.), Bombay: N.M. Tripathi Pvt. Ltd., p. 16.

ले Mens Rea लाई यसप्रकार अर्थाएको छः 'A guilty mind, a guilty or wrongful purpose, a criminal intent, guilty knowledge or willfulness अर्थात् 'दोषी मस्तिष्क, दोषी वा गलत उद्देश्य, आपराधिक चाहना, दोषयुक्त ज्ञान वा चाहना' । आपराधिक मनसाय एउटा काल्पनिक कुरा हो र अभियोक्ताले अभियुक्तले आपराधिक कार्य गर्दाको अवस्थामा Mens Rea नै थियो भन्ने कुरा प्रमाणित गर्नुपर्छ ।

सर्वोच्च अदालतले नेपाल सरकार वि. परिवर्तित नाम सीतामणी[८] भएको मुद्दामा "आपराधिक कार्यको मनसाय कुनै छुट्टै रूपमा जाँच गरी पत्ता लगाउनु पर्ने विषय होइन । आपराधिक मनसाय थियो कि थिएन ? भन्ने तथ्य अपराध हुँदाको परिस्थिति, अपराध गर्न प्रयोग भएको साधन र सो साधनको प्रयोग गर्ने तरिका, अभियुक्तले वारदात गर्नुअघि वा वारदात हुँदाका अवस्थामा वा वारदातपछि अपनाएको व्यवहार र गरेको क्रियाकलाप आदि जस्ता कुराबाट पत्ता लगाउनु पर्ने" भनी स्पष्ट पारेको छ ।

Mens Rea लाई रूपान्तर गरी 'दोषी मनोभावना वा मन' भन्नु पनि सही अर्थ दिएको मानिँदैन । यसले मानसिक तत्वलाई निर्देशित गर्दछ भनेर बुझ्नु मात्रै उचित हुन्छ किनभने कुनै पनि व्यक्तिले असल आशय राखेर वा उचित कारणका लागि वा धार्मिक विश्वासका कारणबाट पनि कानून उल्लङ्घन गर्दछ र यो पनि अपराध नै हुन्छ तर यहाँ दोषी मनोभावना वा मस्तिष्क भने छैन । त्यस्तै कतिपय अवस्थामा व्यक्तिले साँच्चै नै कानून नजानेर पनि अपराध गर्न पुग्दछ । उसलाई यस अवस्थामा अपराध गरेकै थाहा हुँदैन भने दोषी मस्तिष्क हुने कुरै भएन तर उसको यस्तो मानसिक अवस्था हुँदा पनि उसको कार्यलाई अपराध मानिन्छ ।[९] यी सम्पूर्ण अवस्थाहरूलाई प्रतिनिधित्व गर्ने यही प्राविधिक शब्द Mens Rea लाई नै विश्वका सम्पूर्ण कानूनी प्रणालीहरूले मौलिक रूपमा स्वीकार गरेको पाइन्छ । त्यस कारण हामीले पनि यसलाई शाब्दिक रूपान्तर गरी 'दोषी मस्तिष्क' का रूपमा बुझ्नुभन्दा Mens Rea लाई नै मौलिक रूपमा बुझ्नु राम्रो हुन्छ ।

आपराधिक मनसायलाई जनाउन दोषी मनसाय, मनसाय तत्व, दोषीपन, आन्तरिक तत्व जस्ता शब्दहरू प्रयोग गरिएको पाइन्छ । अंग्रेजीमा यसलाई जनाउन Guilty mind, Wicked mind, Mental element, Internal

८. नेकाप २०७५ अंक ८, नि.नं. १००८३ ।

९. Glanville Williams (1979), A textbook of Criminal Law (2nd ed.), London: Stevens and Sons, p. 49-50.

element, Blameworthiness, Fault element, State of mind जस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ। आधुनिक फौजदारी विधिशास्त्रमा सामान्यतयाः आपराधिक मनसाय (Mens Rea) लाई मनसाय/नियत (Intention), जानीजानी वा थाहा पाई (Knowledge), लापरबाही (Recklessness) र हेलचेक्र्याइँमा (Negligence) गरी चार श्रेणीमा विभाजन गर्ने गरिएको छ।

**४. निष्कर्ष**

आपराधिक मनसायलाई अपराधको आवश्यक तत्वको रूपमा नेपाल सरकार विरुद्ध तारा राजभण्डारी (कार्की) भएको मुद्दामा Actus non facit reum nisi mens sit rea अर्थात् कुनै कार्य त्यो बेलासम्म अपराध ठहरिँदैन, जुनबेलासम्म दोषी मनोभावना राखेर गरिँदैन भन्ने रोमन शुत्रलाई हाम्रो सर्वोच्च अदालतको पूर्ण इजलासबाट स्वीकार गरेको छ। सर्वोच्च अदालतबाट यो रोमन शुत्रलाई फौजदारी न्यायको सिद्धान्तको रूपमा स्वीकार गरी फौजदारी मुद्दामा कसूर ठहर हुन सो कसूरको आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) को विद्यमानता हुनु पर्ने स्पष्ट उल्लेख गरेको छ।

यसैगरी सर्वोच्च अदालतको वृहत् पूर्ण इजलासबाट नेपाल सरकार वि. दिपक तामाङ्ग भएको सवारी ज्यान मुद्दा (०७७ -CF- ०००१ फैसला मिति २०७९/११/१८)मा सवारी चालकको अनुमतिपत्र विना सवारी चलाई मानिस मरेमा त्यसलाई लापरबाही (Recklessness) ठहऱ्याउने गरी सजाय गर्ने अभ्यासलाई दुई पाङ्ग्रे सवारी साधनको हकमा घटना हुना साथ लापरबाही नै ठहऱ्याउन नमिल्ने उल्लेख गरेको छ। वस्तुतः दुई पाङ्ग्रे सवारीको हकमा अपवादको रूपमा दुर्घटनाको समग्र परिस्थितिको मूल्याङ्कन गरी कानूनी व्यवस्थाको प्रयोग गरिनु नै न्यायोचित हुने देखिन्छ भनी नयाँ दृष्टिकोण अगाडि सारेको छ। ♦♦♦

**गजल**



✍ **मस्त पुन मगर**

आज धेरै कुरा फेरियो हेर बा
राख गोदाममा रेडियो हेर बा।

काम छैन यो अनौठो भएरै बस्यो
अब सबै फोनमा भेटियो हेर बा।

आश मारेर आमा सधैं जानु भो
ओठमा के कमी देखियो हेर बा।

थापियो आँसुका भेल यी हातमा
तीर मनमा कता छेकियो हेर बा।

रात काटेर मैले गुलामी गर्दा
पाए पीडा खुसी बेचियो हेर बा।

# समता



✍ पूर्व प्र.ना.म.नि.ई. महेशसिंह कठायत

आजकल समतामा विशेष चर्चा चलिरहेको हुन्छ । सबैसँग अर्थात् सबैको साथ समतामा व्यवहार गर्नु पर्दछ । यस्तो प्रचार प्राय सुन्न पाइन्छ । तर वास्तवमा समता केलाई भनिन्छ र यो कसरी आउँदछ , यसलाई बुझ्नु आवश्यक छ। समता भन्नु साधारण कुरा होइन ? बरू यो परमात्माको साक्षात स्वरुप हो। जसको मनमा समतामा स्थिर भइहाल्दछ, उसले जिउदै संसारमा विजय प्राप्त गर्दछ। साथै परब्रह्म परमात्माको अनुभव गरिहाल्दछ। (गीता ५-१९) । यो समता तब आउदछ, जब अर्काको दुःख आफ्नो दुःख र अर्काको सुख आफ्नो सुख हुन थाल्दछ। व्यवहारमा फरक हुँदा पनि दुःख (पीडा) मेटाउने बेला हामी समानताको व्यवहार गर्दछौ। शरीरको सबै अंगहरूको सुख-दुःखमा हाम्रो एउटै भाव रहन्छ। (गीता ६-३२) । यसै प्रकार प्राणीहरूमा खान-पान, गुण, आचरण, जाति आदिको भेद हुनाले उनीहरूको साथ ज्ञानी महापुरुषहरूको व्यवहारमा पनि भेद हुन्छ र हुनु पनि पर्छ। तर ती सबै प्राणीहरूमा एउटा परमात्माको तत्व परिपूर्ण हुनाको कारण महापुरुषहरूको दृष्टिमा भेद हुँदैन । ती प्राणीहरू प्रति महापुरुषहरूको आत्मियता, प्रेम, हित, दया आदिका भावमा कहिले फरक पर्दैन। उनको अन्तःकरणमा राग-द्वेष, ममता, आसक्ति, अभिमान पक्षपात, विषमता आदिको सर्वथा अभाव हुन्छ । जस्तो आफ्नो शरीरको कुनै अंगको दुःख दुर गर्ने चेष्टा स्वभाविक हुन्छ, यस्तै थाहा पाएपछि अर्को प्राणीको दुःख दुर गर्न र उसलाई सुख पुऱ्याउने चेष्टा पनि स्वभाविक हुन्छ।

यही कारण हो भगवानले यहाँ समदर्शी भन्नु भएको छ न कि समवर्ती । गीतामा अर्को ठाउँमा पनि सम देख्नु या समवुद्धिको नै कुरा आएको छ । जस्तो **"समवुद्धि विंशिष्यत"(गीता६-९)**, **"सर्वज समदर्शन" (गीता ६-२२)**, **"सर्वज समवुदृय" (गीता १२-४)**, **"समं सर्वेषु भूतेषु...यः पश्यति स पश्यति" (गीता १३-२७) र "समं पश्यन हि सर्वज" (गीता १३-२८)।** श्री शंकराचार्यजी महाराज भन्नु हुन्छ," **भावाद्वैत संदा कुर्यात क्रिया द्वैतं न कुजचित"** (तत्वोपदेश) भावमा सदैव अद्वैत हुन पऱ्यो, क्रिया (व्यवहार) मा होइन।

गीतामा भगवान भन्नुहुन्छ कि, 'हे अर्जुन' जो पुरुष आफ्नो शरीरको तरह मलाई सबै ठाउँमा सम देख्दछ र सुख अथवा दुःखलाई पनि सबै ठाउँमा सम देख्दछ। त्यो योगी परम श्रेष्ठ मानिएको छ। (गीता-६-४२)। जस्तो शरीरको कुनै पनि अंगमा पीडा हुँदाखेरि त्यस पीडालाई हटाउन हाम्रो प्रयास शुरूहुन्छ। यस्तै कुनै पनि प्राणीलाई दुःख सन्ताप आदि हुँदा त्यसलाई दुर गर्न लगन लाग्नु पर्दछ, तब बल्ल समता आउँदछ। सन्तहरूको लक्षणहरूमा पनि आएको छ। '**पर दुःख सुख सुख देखे पर**' (**मानस** ७।३८।१)

जबसम्म आफ्नो सुखको लालसा छ, तबतक चाहे जति उद्योग गरोस् समता आउँदैन। परन्तु जब हृदयबाट यो लगन लाग्दछ कि अर्कालाई सुख कसरी पुग्दछ अर्थात् पुऱ्याउन सकिन्छ? उनीहरूलाई लाभ कसरी हुन्छ ? उनीहरूको कल्याण कसरी हुन्छ ? तब समता स्वतः आउँदछ। यसको आरम्भ सर्वप्रथम आफ्नै घरबाट गर्नु पर्दछ। हृदयमा यस्तो भाव होस् कि कसैलाई पनि कति पनि दुःख या कष्ट नपुगोस्, कसैको पनि अनिष्ट नहोस्। चाहे म जति पनि कष्ट पाउँ, तर मेरो माता-पिता, स्त्री-पुत्र, भाइ-भतिजालाई सुख हुनु पऱ्यो अर्थात् होस्। घरवालाहरूलाई सुख पुऱ्याउनाले आफ्नो हृदयमा शान्ति त आउछ नै। जहाँ आफ्नो घरको पनि सम्बन्ध छैन, त्यहाँ सुख पुऱ्यायो भने त विशेष आनन्दको लहर आउन थाल्दछन्। तर ममतापूर्वक सुख पुऱ्याउनाले हाम्रो उन्नति हुँदैन। जहाँ हाम्रो ममता हुँदैन, त्यहाँ सुख पुऱ्याउनाले अथवा जहाँ हामी ममतापूर्वक सुख पुऱ्याउछौ त्यहाँबाट आफ्नो ममता हटाउनु पर्दछ। यी दुवै परिणाम एउटै हुन्छ।

चित्रकुटमा लक्ष्मणजी भगवान राम र सीताजीको सेवा कसरी गर्नु हुन्थ्यो, यस विषयमा बताउनु हुन्छ गोस्वामी **तुलसीदासजीः "सैवहिं लखनु सिय रघुविरहि जिमि अविवेकी पुरुष सरिरहि॥** (**मानस** २।१४१।१)

अर्थात् लक्ष्मणजी भगवान राम र सीताको त्यस्तो सेवा गर्नुहुन्थ्यो, जस्तो अज्ञानी मनुष्य आफ्नो शरीरको सेवा गर्दछन्। आफ्नो शरीरको सेवा गर्नु त्यसलाई सेवा पुऱ्याउनु समझदारी होइन। आफ्नो शरीरको सेवा त पशु पनि गर्दछन्। जस्तो बादर आफ्नो बच्चालाई यति माया (ममता) गर्दछ कि यदि बच्चा मर्यो भने पनि उसको मृत शरीरलाई लिएर नै हिँड्दछ। तर जब कुनै वस्तु खानको लागि पाउँदछ तर ऊ स्वयम् त खान्छ, तर बच्चालाई खान दिँदैन। बच्चाले खाने चेष्टा गरेपछि त उसलाई पिट्दछ र बच्चा भाग्दछ। अर्थात् ममता हुँदाहुँदै पनि समता आउन असम्भव हुन्छ।

जोसँग हाम्रो कुनै लिनु दिनु छैन

अर्थात् व्यवहार छैन । अर्थात् हाम्रो कुनै स्वार्थ छैन। यस्तो व्यक्तिसँग पनि हामी प्रेम पूर्वक राम्रो भन्दा राम्रो व्यवहार गर्नुपर्दछ। जसबाट उसको हित होस्। यदि कुनै व्यक्तिले बाटो बिर्सिएर उसले हामीलाई सोध्छ भने हामीले खुसी साथ उसलाई बाटो बताउनु पर्दछ। सके केही टाढासम्म सँगै जानुपर्दछ, जसले गर्दा हाम्रो हृदयमा ठूलो प्रत्यक्ष सुखको शान्तिको अनुभव हुन्छ। तर यदि हामीले जान्दा जान्दै पनि उसलाई सही बाटो बताएनौ भने हाम्रो हृदयमा सुख हुँदैन। यो अनुभवको कुरा हो। यसलाई हामी व्यवहामा उतार्न सक्छौ। कसैलाई प्यास लागेको छ भने उसलाई बताई दिनु पर्छ कि भाइ यता आउनुहोस् यहा ठन्डा पानी छ। फेरि हामी आफ्नो हृदयमा हेरौं। हाम्रो हृदयमा प्रसन्नता आउँछ, सुख आउँछ। यो सुख हाम्रो कल्याण गर्नेवाला हुन्छ। अर्कोले दुःख पावस् तर म सुख पाउँ, यस्तो सुख पतन गर्नेवाला हुन्छ। यसबाट न त व्यवहारमा हाम्रो उन्नति हुन्छ र न त परमार्थमा। हामी सत्संगको आयोजना गर्दछौ। त्यसमा आउनेवाला व्यक्तिहरूको बस्ने व्यवस्था गर्दछौ। उनीहरूलाई प्रेमपूर्वक भन्नु पर्यो कि आउनुहोस् यहाँ बस्नुहोस् आदि इत्यादि। उनीहरू राम्रोसँग सुन्न सक्ने स्थानमा, आरामसँग बस्न मिल्ने स्थानमा बस्न आग्रह सच्चा भावबाट गर्नु भयो भने यसबाट हाम्रो हृदयमा प्रत्यक्ष शान्ति आउँदछ। त्यही ठाउँमा ठिक माथि उल्लेखित व्यवहारको उल्टो हुकुम चलायौ भने हाम्रो हृदयमा शान्ति आउदैन। भित्र अभिमान हुन्छ, यसले अरुलाई घोच्दछ, नराम्रो लाग्दछ। यस्तो व्यवहारबाट चाहना गरेको समता कहिल्यै पनि आउँदैन।

सबैको हितमा जसको प्रिति भएको हुन्छ, उसलाई भगवान प्राप्त भइहाल्दछ। "**ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः**"(गीता १४-४) किनकि भगवान प्राणी मात्रका परम सुहृदय हुनुहुन्छ। (गीता-५-२९)। उहाँ प्राणी मात्रको पालनपोषण गर्नु हुन्छ। आस्तिक भन्दा आस्तिक होस् अथवा नास्तिक भन्दा नास्तिक दुवैको लागि भगवान विधान बराबर हुनुहुन्छ। एउटा व्यक्ति ठूलो आस्तिक छ, भगवानलाई ज्यादै मान्दछ र उहाँलाई पाउन साधना-भजन गर्दछ र एउटा व्यक्ति यस्तो नास्तिक छ कि संसारबाट भगवानको खाता (अस्तित्व) उठाउन चाहन्छ। भगवानलाई नमान्ने तथा भगवानकै कारण संसारले दुःख पाइरहेको छ, भगवान भन्ने नामको कुनै चिज हुँदैन। यस्तो उसको हृदय भाव छ। साथै यस्तै उसले प्रचार गर्दछ। यस्तो नास्तिक व्यक्तिको प्यास पानी (जल) बाट नै मेटिन्छ र यही जल आस्तिक व्यक्तिको पानीले यो भेद गर्दैन कि आस्तिकको प्यास राम्रोसँग मेटाउने (शान्त गर्ने) र नास्तिकको प्यासलाई शान्त नगर्ने। पानीले

सबैको प्यासलाई एउटै तरिकाबाट शान्त पार्ने गर्दछ । सूर्य समान रुपबाट सबैलाई प्रकाश तथा ताप दिने गर्दछ । हावा समान रूपमा सबैलाई स्वास लिन दिनुहुन्छ । पृथ्वी समान तरिकाबाट सबैलाई बस्ने स्थान दिनुहुन्छ । यस प्रकार भगवानबाट रचित प्रत्येक वस्तु सबैलाई समान तरिकाबाट सबै लाई भोजन र विवाह (रोटी-बेटी) को व्यवहार गर्नुपर्दछ । व्यवहारमा समता त महान पतन गर्नेवाला चिज हो । समान व्यवहार त यमराज मृत्युको नाम हो । किनकि उसको व्यवहारमा विषमता (भिन्नता) छैन । चाहे माहात्मा हुन, चाहे गृहस्थ हुन, चाहे साधु हुन, चाहे पशु हुन, चाहे देवता हुन मृत्यु सबैका लागि बराबर हुन्छ । यसकारण यमराजलाई "समवर्ती" (समान व्यवहार गर्नेवाला) भनिएको हो । अर्थात् जो सबैलाई समान व्यवहार गर्दछ ती पनि यमराज नै हुन ।

पशुहरूमा पनि समान व्यवहार पाइन्छ । कुकुर ब्राह्मणको भान्छामा जाँदा खुट्टा धोएर जादैन । बाहुनको भान्छा होस् या हरिजनको कुकुरले फरक गर्दैन । किनकि यो उसको समता हो । तर मानिसको लागि यो समता होइन, बरू यो त महान पशुता हो । समता त यो हो कि अर्काको दुःख कसरी मेटिन्छ ? अरुलाई सुख कसरी हुन्छ ? अरुलाई आराम कसरी हुन्छ ? आदि इत्यादि यस्तो समता राख्दै व्यवहारमा पवित्रता, निर्मलता राख्नुपर्दछ । व्यवहारमा पवित्रता राख्नाले अन्तःकरण पवित्र, निर्मल हुन्छ । तर व्यवहारमा अपवित्रता राख्नाले, खान-पान आदि एक गर्नाले अन्तःकरणमा अपवित्रता आउँदछ । जसले गर्दा अशान्ति बढ्दछ । खाली बाहिरको व्यवहार समान राख्नु शास्त्र र समाजको मर्यादाको विरुद्ध हो । यसबाट समाजमा संघर्ष पैदा हुन्छ । वर्णहरूमा ब्राह्मण माथि (ठूलो) तथा शुद्र तल्लो भन्ने यस्तो शास्त्रको सिद्धान्त होइन । ब्राह्मणको उपदेशद्वारा अजियले रक्षाद्वारा, वैश्य धन-सम्पत्ति आवश्यक वस्तुहरूद्वारा र शुद्र शारीरिक परिश्रम गरेर सबै वर्णहरूको सेवा गर्नु पर्दछ । यसको अर्थ यो होइन कि, अर्को आफ्नो कर्तव्यको पालनामा समान रितिसँग सबैले परिश्रम गर्नुपर्दछ । जोसँग जुन प्रकार, व्यक्ति, विद्या, वस्तु, कला आदि छ उसैद्वारा चारै वर्णहरूले चारै वर्णहरूको सेवा गर्नु पर्दछ । साथै चारै वर्णहरूले चारै वर्णहरूको सेवा गर्ने कुरामा भेदभाव राख्नु हुँदैन ।

आजकल वर्णश्रमलाई मेटाएर पाटीवाजी (राजनिति) भइरहेको छ । आज वर्णाश्रममा यति लडाइ छैन, जति लडाइ पाटीबाजीमा भइरहेको छ । यो प्रत्यक्ष कुरा हो । पहिला मान्छे चार वर्ण र आश्रमहरूको मर्यादामा हिँड्थे र सुख र शान्तिपूर्वक रहन्थे । आज वर्णाश्रमको मर्यादालाई मेटाएर अनेक पाटीहरू बनाई राखिएका छन् जसले संघर्षलाई बढवा दिइरहेका छन् । गाउँका सबै

मानिसहरूलाई पानी पाउन गार्हो भइरहेको छ। जसको अधिकारमा कुवा छ, उनीहरू भन्दछन् तिमी अर्को पाटीमा भोट दियौ, त्यसै तिमीले पानी पाउदैनौ। आमाबाबु र छोरा तीन जना अलग अलग पाटीमा भोट दिन्छन् र घरमा लड्ने गर्छन्। मन भित्र दुश्मनी बाधिरहेका छन्, तिमी यस पाटीको, म यस पाटीको भनेर। कस्तो महान अनर्थ भइरहेको छ।

यदि समाजमा समता ल्याउनु छ भने, अर्को व्यक्ति कुनै पनि वर्ण, आश्रम, धर्म, सम्प्रदाय मत आदिको किन नहोस्, उसको दुःखलाई हटाउन र उसको वास्तविक हित गर्नु छ भने उनीहरूमा फरक हुन सक्छ। तपाईँ राम राम भन्नुहुन्छ, हामी कृष्ण कृष्ण भनुला, तपाईँ वैष्णव, हामी शिव हुन सक्छौ, आदि इत्यादि। यसले यसबाट कुनै बाधा हुँदैन। बाधा तब आउँछ जब यो भाव रहन्छ कि ऊ मेरो पाटीको होइन यसकारण उसलाई दुःख हवस् तर हामीलाई र हाम्रो पाटीलाई सुख होस्। यस्तो भावना महान पतन गर्नेवाला हुन्छ। यसकारण कहिले पनि कुनै वर्ण आदिका मानिसहरूलाई कष्ट हुन्छ भने उनीहरूको हितको चिन्ता समान रितिसँग हुनु पर्दछ र उनीहरूलाई सुख हुन्छ भने प्रसन्नता समान तरिकाबाट हुनुपर्दछ। जस्तो ब्राह्मणहरू र हरिजनहरूमा संघर्ष भयो भने त्यसमा हरिजनको हार र ब्राह्मणको जित हुँदा हामीमा प्रसन्नता हुन्छ र हरिजनको जित र ब्राह्मणको हारमा हाम्रो मन दुख्छ भने यो विषमता हो, समता भएन। यो ज्यादै हानिकारक हो। ब्राह्मणहरू र हरिजनहरू दुवै प्रति हाम्रो मनमा हितको समान भावना हुनुपर्दछ। कसैको पनि दुःख हामीमा समान रूपबाट खट्कनु पर्दछ। यस प्रकार कुनै पनि वर्ण, आश्रम, धर्म, सम्प्रदाय आदिलाई लिएर पक्षपात हुनु हुँदैन।

भोजन, वस्त्र, घर आदि निर्वाहका वस्तुहरूको कमि जो सँग हुन्छ, उनीहरूलाई यी वस्तुहरूको उपलब्ध गराउनु पर्दछ। उनीहरू जुन सुकै वर्ण, आश्रम, धर्म, सम्प्रदाय आदिका किन नहुन। सबैको जीवनयापन सुखपूर्वक हुनु पर्दछ। सबै को हित होस् कहिले कसैलाई कति पनि दुःख नहोस् यस्तो भावना राखेर सकेसम्म राम्रो व्यवहार गर्नु समता हो। जो सबै मानिसहरूको लागि हितकर हुन्छ।

ब्राह्मण, चाण्डाल, गाई, हात्ति, र कुकुर यी सबै क्षण बदलिरहे का छन्। र अभावमा गइरहेका छन्। तर उनीहरूमा रहिरहनेवाला जो भावरुप सत् तत्व छ, यो कहिले बदलिदैन, बरू नित्य निरन्तर ज्यो का त्यो रहन्छ। ज्ञानीहरू त्यस सत्-तत्वलाई नै देख्छन्। जस्तो कमिलाले बालुवा मिसिएको चिनीको दानालाई निकाल्दछ, यसै गरेर ज्ञानीहरूको विवेक

न ती सुक्ष्म दृष्टि असल संसारमा व्याप्त सत्-तत्वलाई समात्दछ । यसको तात्पर्य यो हो कि ब्राह्मण होस् या चण्डाल, गाई होस् या कुकुर, हात्ति होस् या कमिला विषम भन्दा विषम प्राणीहरूमा पनि उहाँको (ज्ञानीहरूको) दृष्टि सदा सम अर्थात् समान नै रहन्छ । व्यवहारमा विषम हुँदा पनि उनको दृष्टि कहिले पनि विषम हुँदैन ।

सर्व भवन्तु सुखिनः सर्व सन्तु निरामयाः सर्वभद्राणी पश्यन्तुमा कश्चिद् दुःख भाग्भवेत् ॥ ♦♦♦

कविता

# आमाको व्याकरण



✍ **तेजविलास**

घर चलाउन सबेरै उठ्नु
कसैप्रति गुनासो नगर्नु
सधैं बित्यो र बिग्रने भो
सधैं जाग र जगाऊ
सन्तानप्रतिको प्रेम
अनि
अभावलाई भावमा बद्लेर
आफ्नो प्रभावलाई ढाल्दै
जीवन शैलीमा
अफालेर फोस्रो आडम्बर
बरु कताकता
अलिकति अन्धविश्वास
झारफुक, खरानीको टीका
खै ! कस्तो मनोविज्ञान हो?
छोराछोरीको लागि मात्र होइन
ब्याज पुस्तालाई पनि
बनेर कर्मयोगी उदाहरण ।
आमाको प्रयोग कुशल व्याकरण
नयाँ नियम बनाउने मार्गमा
पुराना तर गतिशील
नियमको नहुने गरि बर्खिलाप
खार्दै दैनिकीबाटै
त्यसैले त
आमा शब्द नै काफी
भरिएको छ महिमाले
प्रेम वितरण गरेर सन्तानमा
कति धेरै शक्तिशाली
आमा ! धर्तीमाता
आमा पृथ्वी
मेरो प्रत्येक प्रश्न
उत्तर बनेर फर्किन्छ मतिरै
आमा फालेर आफ्नो स्वार्थ
बन्दै युगको दार्शनिक ।
आमाले आमाको गरिमा
आमाले आमाको महिमा
बोक्न नसकेको दिन
आमाको व्याकरण
कस्तो बन्ला ममतामयी
रूप अनि स्वरूप
आजसम्म नफेरिएको
आमाको व्याकरण
अरु जे-जे फेरियोस
नियम कानून
एकचोटि लेखेर नपुग्ने
एकपटक पढाई
गरेर नहुने
पत्रै-पत्र ममताले भिजेको
जीवन-शैली बनेको
आमाको व्याकरण
बुझ्न कठिन
तर मिठो भोगाइ
निःस्वार्थ सृष्टिको
कहिल्यै नमेटिने
अनि
अर्थ लगाउन मुस्किल
आमाको व्याकरण ।

# वैज्ञानिक अर्नेष्ट रदरफोर्ड



✍ **राजेशमान के.सी.**

वैज्ञानिक अर्नेष्ट रदरफोर्डको जन्म सन् १८७१ को अगष्ट ३० तारिखका दिन न्यूजील्याण्डमा भएको थियो । एउटा सामान्य काठ व्यापारीका छोरा रदरफोर्ड सानो उमेरदेखि नै विलक्षण प्रतिभाका धनी थिए । आफ्नो विलक्षण प्रतिभाका कारण उनले वेलायतस्थित क्याम्ब्रीज विश्वविद्यालयमा अध्ययन गर्ने छात्रवृत्ति पाएका थिए । छात्रवृत्ति पाएपछि अध्ययनको क्रममा उनले त्यहाँ रेडियो एक्टीभीटीको सम्बन्धमा गहन अनुसन्धान समेत गरेका थिए । क्याम्ब्रीज पछि अध्ययनकै क्रममा उनी क्यानडा पनि पुगेका थिए । क्यानडाको मन्ट्रियल विश्वविद्यालयमा २७ वर्षको उमेरमै प्रोफेसर बन्न पुगेका रदरफोर्डले रेडियम र यूरेनियमको पारमाणविक विच्छेदन प्रक्रियाको अध्ययन गर्दागर्दै अल्फा र बिटा नामक दुई थरी किरणको अस्तित्व समेत खोजी गरेका थिए । त्यसैताका यिनलाई परमाणु तथा रेडियो एक्टिभ पदार्थको विच्छेदन प्रक्रिया सम्बन्धी अध्ययनको कदर गर्दै सन् १९०८ को लागि रसायन शास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो । क्यानडापछि यिनले पुनः वेलायत फर्केर आफ्नो अध्ययन अनुसन्धानको क्रमलाई निरन्तरता दिएका थिए ।

१९ औं शताब्दीको अन्त्यसम्म पनि धेरै वैज्ञानिकहरू के विश्वास गर्थे भने हरेक वस्तु असंख्य परमाणुहरूद्वारा बनेको हुन्छ र परमाणुभन्दा सानो वस्तु अरु कुनै हुँदैहुँदैन । वैज्ञानिक रदरफोर्ड भने यस कुरामा सहमत भएनन् । उनको मान्यता थियो कि परमाणुभन्दा सूक्ष्म कणहरू पनि यस संसारमा छन् र तिनै सूक्ष्म कणहरूबाट परमाणु बनेको हुन्छ । आफ्नो यस मान्यतालाई प्रमाणित गर्न उनी यस सम्बन्धी अध्ययन अनुसन्धानमा कम्मर कसेर जुटे । आफ्नो लामो समयको अध्ययन-अनुसन्धानपश्चात् उनले परमाणु केन्द्रको सिद्धान्त (Theory of automic nucleus) प्रतिपादन गरेका थिए । यसै सिद्धान्तको प्रतिपादन गरे बापत उनलाई सन् १९०८ को लागि रसायनशास्त्रतर्फको नोबेल पुरस्कारद्वारा सम्मानित गरिएको थियो ।

यसरी आफ्नो गहनतम अनुसन्धानद्वारा परमाणु भौतिकीको ढोका उघार्ने यी वैज्ञानिकले भौतिक उपलब्धि र धन सम्पत्ति आर्जनलाई भने कहिल्यै पनि प्राथमिकता दिएनन् । आफूले जीवनकालमा आर्जन गरेको केही धनलाई पनि उनले अध्ययन अनुसन्धानकै क्षेत्रमा लगानी गरे । भनिन्छ, यिनको मृत्यु हुँदा यिनीसँग मात्र सात हजार अमेरिकी डलर थियो । जुन रकम उनले नोबेल पुरस्कारकै क्रममा प्राप्त गरेका थिए ।

यी महान् वैज्ञानिकको सन् १९३७ को अक्टोवर १९ तारिखका दिन दुःखद् निधन भयो । ◆◆◆

लघुकथा

# भिजेको प्रेम



✍ **ममता मृदुल**

वृद्ध आश्रममा पुगेपछि छोराले ल्याएका सामान गन्यो पच्चीस थान ट्र्याक सुट पन्ध्र थान रेडिमेट कुर्था सुरुवाल, ज्याकेट चालिसवटा ।

सबैजनालाई हलको कुर्सीमा ल्याएर बसाए । नाम लिस्ट अनुसार बोलाउँदै कपडासँगै खाजाको प्याकेट मेरो हातमा छोराले दियो । मैले आश्रमका मान्छेको हातमा राख्न थाले । पहिला आमाहरूलाई दियौं । त्यसपछि बाहरूको पालो आयो ।

सामान बाड्दै गर्दा एक्कासि मेरो हातबाट सामान भुइँमा झर्यो । म रिङ्गटा लागेर थचक्क बसैं । छोराले सामान भुइँमा छोडेर मलाई समात्यो । आमा के भयो ? चुपचाप उभिएको मान्छेलाई हेरिरहैं ।

मैले गल्ती गरेको हो ? श्रीमतीको मृत्यु पश्चात् सन्तानको प्रेममा भिजैं । आज उनीहरूलाई बोझ भएँ ।

तपाईं डाक्टर छोराले अनुहारमा हेरेर प्रश्न गर्यो । उनले जवाफ फर्काएनन् उल्टो फर्केर गए । विलाए । घर फर्कने बेला मन भारी थियो । गल्ती कसको हुन्न र भयो ।डाक्टरले बिहे नगरेर ठिक गरैं । एउटा छोराकी आमासँग बिहेको प्रस्ताव राखेका थिए । मलाई साहारा हुन्छ भन्ने नलागेको होइन प्रतिष्ठित डाक्टर थिए ।

कति खुसी राखेको छ छोराले धेरै ख्याल राख्छ । जे भयो ठिक भयो मनलाई सम्झाउँदै फर्के । अगाडि सिटमा डाक्टरलाई देखैं । सम्हाल्छु भन्दाभन्दै मेरा आँखाबाट आँसु खसे तप्प तप्प ।

नियात्रा

# त्याङबोचे : हिजो र आज

डाँडाका टुप्पामा पहैंलो गजुर !

दिबुचे डुल्दै खोला छेउमा थिएँ म । अलिक अग्लो ढिस्कोमा उभिएर हेर्दा पश्चिमतिर आँखा पुगेथे ।

अग्लो डाँडालाई घेरेथ्यो हरियालीले । खुम्बिलाका धारिला ढुंगेनी सुइरामा अलेली हिउँ थिग्रेका थिए । आँखा तिनै ढुंगेनी खोंच र सुइरा हेर्दै खोला तरेर थुम्कामा आइपुगे ।

'ओहो, के यस्तो अचम्म !'


मैले घना जंगलले छोपिएको डाँडामा पहैंलो गजुर देखेर खुसी पोखैं । मेरा लागि यतिखेर नपत्याइने दृश्य थियो त्यो ।

आँखा पुछैं अनि आँखा गाढेर हेरैं । हो, डाँडामा गजुर टाँसिएको भव्य गुम्बा थियो । गुम्बाको रातो रङ तल कहाँसम्म देखिन्छ–आँखा सोहोरेर तल-तलसम्म हेरैं ।

एक हातसम्म हेरेपछि तल छोपियो हरियो र घना जंगलले । फेरि आँखा गएर मास्तिरको गजुर वरिपरि रम्न थाले ।

'त्यो त्याङबोचेको गुम्बा !'

निधार कन्याइरहेका बीरू मगर बोले ।



✍ **युवराज नयाँघरे**

'ओहो !'

मेरा किलकिलेबाट यति खुसीको मुस्लो आयो । यति एक शब्दभित्रै मैले धेरै-धेरै तथ्य, इतिहास, सूचनाहरू सम्झिन पुगैं । यति एउटा शब्दैले मेरो छातीको सिङ्गै श्रद्धा, आदर र सम्मान पोखेको थियो । यही एक शब्दले अथाह भक्तिभाव र अनन्त प्रेम पोखेको थियो ।

झन्डै २० वर्षदेखि मैले त्याङबोचे सुनैं, दिबुचे सुनैं, नाम्चे सुनैं । त्यत्तिकै सुनैं काला पत्थरको नाउँ पनि ।

कसैले चोमोलुङमा भने पनि, कसैले जोमोलुङ्मा भने पनि नेपालीका ओठले भन्ने गरेको छ- सगरमाथा । त्यसो त अंग्रेजीसँग नसनाता बढ्ता गाँसिदै गएकाले माउन्ट एभरेष्ट भनेर फूर्तिफार्ति गर्नेको संख्या पनि कम्ताको कहाँ छ र ?

तर मैले त सगरमाथा जत्तिकै सुनेको नाम थियो– त्याङबोचे ।

'त्यहाँ पुग्न सकिएला त ?'

जाडोमा थरर्र भएका ओठभन्दा डरले मन कमाएर सोधेथैं मैले ।

किनभने पहाड, हिमाल र डाँडाकाँडातिर बस्ती, घर र बिसौनीको लागि अड्कलै गर्न सकिन्न । बाटो देखाउनेले ऊ तीँ भनेर एकाध घण्टाको हिसाबले बताएको हुन्छ । तर आधा दिन पूरै लागेको हुन्छ ।

'यस्तै एक घण्टामा छिचोलिन्छ भीर' भनेर बताउने मान्छेले बाटो बताएको हुन्छ । तर हिँड्नेले सिँगै दिन खर्चेर असिनपसिन हुनुपर्छ । राति सुत्ने बेलामा पसिनाले लतपतिएको अनुहार, जिउ हेर्दै मन बुझाउनु पर्थ्यो– हो रहेछ, तीन घण्टैमा छिचोलिने बाटो रै'छ । तर मेरा खुट्टाको गणितले त्यो अन्दाज गर्नै सकेनन् ।

अनि हाँस्दै थकाइ मार्नुपर्ने हुन्थ्यो ।

रिभेन्डाल लज फर्किरहेका थियौँ । जाडो बेस्सरी थियो ।

'बेलुका जाने कुरा सुनेको छु । ल्हाक्पा बूढा त्यस्तै भन्दै थिए ।'

मगरले यति भनेपछि मेरो मन हरियै भो खुसीले ।

चार बज्दा नबज्दै त्याङबोचे जाने टोली बाटो लागिहाल्यो । म त सिरकभित्र गुडुल्किरहे पनि सबै कुराले तम्तयारै थिएँ ।

ख्यास्स जुत्ता हालेँ खुट्टामा ।

लजबाट बाहिरको पश्चिमतिर बेगिएको बाटोमा सबै उभिएथे । ल्हाक्पा बूढा, तेन्जिङ नुर्बु, अमर गुरुङ थिए । तिनको टोलीमा मिसिएँ मै पनि ।

'दुई दिन बसौँला भन्ने थियो । भोलि जाने कुरा आजै अगाडि सारेको ।'

दुःख लाग्यो कुराले– तर सुख पो भा' थियो झनै मलाई । एक दिन अघि नै घुम्न, डुल्न र पुग्न पाउँदाको हर्ष हलक्क बढेको छ छातीमा ।

म ओठका कुनामा खुसी उमारेर बाटो छिचोल्न थालेँ । टोली पश्चिमतिरको तेर्पे लाग्यो । बाटो बिस्तारै उकालो, तेर्पे र मोडिएर डाँडातिर लाग्यो । ढुंगा छापे पनि खच्चडले धेरै ठाउँमा छरपस्ट पार्न भ्याइसकेथे ।

'जोप्क्यो यो बाटो नलानु भने पनि आँखा छलिहाल्छन् ।'

नुर्बुले कुरो खुलाए ।

३-४ पटक याकको गोबरमा परेर चिप्लिएँ । ढाडको झोला हुत्तिएर अगाडि आइहाल्थ्यो । बाटो घना जंगलभित्र बटारिई-बटारिई गइरहेछ । उकालो अप्ठेरो छैन, छेपारी गल्ने खालको भने छ ।

ल्हाक्पा बूढा गिजामा खैनी चेप्न उभिन्थे । मतिर हेरेर भन्थे- 'म पनि थाक्न थालेछु । पहिला हिँडेको तालमा खुट्टा सार्दा सास बढ्न थालेछ ।'

४-५ पाइला हिँडेर लामो सास तान्थेँ ।

म चैं फोक्सोमा धेरै यो हावा हुल्न खोजिरहेथैं । त्यै भएर बढ्तै बिसाइरहेथैं । जंगलको सफा हावाका फूल, जडिबुटी र पातहरूको गाढा-गाढा सुवास ठोक्किइरहेको झस्को पस्थ्यो । छातीमा त्यो सुगन्धले मिठो सुख छरिरहेथ्यो ।

एउटा आनन्द आँखासम्म आएर फैलेको भान भइरहेथ्यो मलाई ।

'गल्या भने भन्नुस् है ।'

नुर्बुले बेला-बेला भनिरहन्थे ।

मैले मुन्टो हल्लाएर उनका कुरालाई सही थापिरहेथैं ।

तेर्पे बाटोमा रास-रास थिए याक, नाक, जोप्क्योका गोबर । त्यस्तै घोडा, खच्चडका लिदी पनि बाटबाटै मा चुलिएका भेटिन्थे । लिदीको गन्ध अलिक चर्को लाग्थ्यो मलाई । लिदीमा भन्किने हरिया ठूला झिँगा र मसिना भुसुना खाले कीरा खुबै थिए । आलो लिदीमा बस्ने भुसुनाका हरिया पखेटा हुन्थे । ती कुन सङ्को-कुन सङ्को कान, नाक र आँखातिर वेगिएर पस्थे ।

आँखा पोल्थे र धेरै बेर आँसुमा डुब्नु पर्थ्यो ।

अहिले पनि त्यस्तै भो ।

चस्माको धुलो पुछ्न लाग्दा गुहे कीरा आँखामा स्वाट्टै पस्यो । अब मेरा लागि जगतै अन्धकार । एक पाइला सार्न सक्तिनँ ।

'के भो, के भो ?'

नुर्बु अत्तालिए ।

आँखा नदेखेर बढेमानको भोजपत्र समातेर उभिरहेथैं । आँखाभरि आँसु आइरहेथे ।

उनले खल्तीको नरम कागज थमाए- टिस्यु पेपर । मैले रुमाल लजमै छोडेथैं । हत्केलाको धारले आँसु पुछिरहेको थिएँ । नर्बुको कागजी रुमालले ठूलो काम गऱ्यो ।

'जोप्क्यो नले-नले भनेको हो । मान्दैन ।'

नर्बुले फेरि पनि भने ।

'मान्दैन । टेर्दैन ।'

अरूथपे ।

यतिखेर ल्हाक्पा बूढाले खैनी चेपे गिजामा । मैले नाकबाट समेत बग्न भ्याएको पन्यालो पानी पुछैं । पीडा त आँखामा मात्र होइन रहेछ- नाक समेत अत्तालिन पुगेछ ।

'वनैभरि यत्तिका रसिला फूलका बोट छन् । फूल फल्ने बुटा छन् । यी किरालाई नि लिदी नै मनपर्ने, लिदीमै सधैं अल्मलिनुपर्ने कस्तो होला ?' म बोलैं ।

मेरो कुराले सबैलाई हँसाएछ । अनि बाटो लाग्यौं हामी । भीर छोडेर अलिक उकालियो बाटो ।

भुइँ कुइरो र हावाले रुखलाई फित्ता लाई-लाई नापे झैं गरिरहेथे ।

एक छिनमा दुई पाइला अघिका ज्यान छोपिन्थे। सिरेटोलाई वरिपरिका हिउँचुलीले निफननाफन पारेर पठाएको लाग्थ्यो । तिख्खर र कडा थियो जंगलको हावा।

'आधी घण्टा भएछ।'

गुरुङले भने।

'अब त्यति नै लाग्ला।'

नुर्बुले अड्कल गरे।

भदौको १६ भनेको बर्खाबर्खै हो नि। तराईमा हो भने प्रचण्ड गर्मी र आरी घोप्टिने झरी दर्किने कालबेला हो। हिमाल नजिकै भएकाले उभिँदा दाँत बज्ने जाडो र हिँड्दा पसिनाको मूल फुट्ने गर्मीको हैरानी खेप्दैछु म।

बाटैभरि पानी कुलकुल बगेका खोल्सा बेस्सरी थिए। चिमाल घारी टन्न थियो। भोजपत्र, धुपीको घना हरियाली झन् बेपत्तैसँग बाक्लिएको थियो।

५-६ चौरी धपाएर आएकी एउटी सानी केटीलाई नुर्बुले भने- 'चराउन ल्याएको ? निकुञ्जले समात्ला नि !'

उसले चाँडचाँडो धपाई।

अलिक फाँटिलो ठाउँमा ३-४ स-साना घर थिए। ती पानीका मुहान रहेछन्। मुहान वरिपरि चाउचाउ, बिस्कुट र प्लाष्टिकका बोतल खुबै छरिएका थिए। निकै थिए गोबरका रास पनि।

हामी एकसुरले उकालो लागेर पश्चिम गइरहेका छौं।

भुइँ कुइरो तल खोलाबाट माथिसम्म आइरहेको छ। पाङबोचे, खुम्बिला र फोर्चेबाट गएको लमतन्ने बाटो झल्याकझुलुक देखिन्छ। आँखा र मनसँग कुद्छु म। तिनको आदेश, उर्दी र आज्ञा नमानी मैले भएकै छैन।

जा है भन्यो- गयो।

फर्की है भन्यो- लुरुक्कियो।

यस्तै भइरहेको छु म।

ज्यानलाई कुदाउने र अह्राउने अर्कै रहेछ। हामी त गई दिने, चलि दिने र मान्दिने मात्रै रै'छौं।

अलिक उकालामा सटक्क भो- छाती।

'अक्सिजनको अलिक ठूलो गाँस गयो कि क्या हो छातीमा ?'

'अलिक सानै सर्को लिनुपर्ने।'

'स्वादिष्ट, स्वच्छ र सफा भनेर धेरै-धेरै लिइस् होला।'

आफैंले हप्काएँ।

आफूलाई थाहा हुन्न बूढो भएको, कमजोर भएको, शिथिल र उमेर खाएको कुरा। सधैं एकैनासे ठानिँदो रहेछ आफूलाई।

तर पढ्न लाग्दा आँखाले नसके पछि, हिँड्न लाग्दा घुँडाले नसकेपछि- बल्ल बूढो भएको ईशारा शरीरले दिन्छ। मलाई पनि अहिले कुनै संकेत आएको हो कि छाती चस्किएर ?

जंगलको गोरेटो अलिबेर लम्केपछि छ्याङ खुलेको चौरमा हामी पुगेथ्यौँ। चौरभरि १०-१२ घोडाहरू थिए। मसिना बछेडासँगै माउहरू थिए चरिरहेका, बच्चासँगै रमाइरहेका। ३-४ वटा भोटे कुकुर ती घोडा र बछेडालाई चौकिदारी गरिरहेथे यताउता कुदेर।

वनपट्टि ५-६ वटा एक तल्ले र माइला घरको ताँती थियो। दक्षिणपट्टि ठूलो बिहार थियो। पश्चिमपट्टि ठूलो गुम्बाको द्वार थियो।

असाध्यै कलात्मक, कालीगढी, रंगीचंगी र अनेकौँ बुट्टा, चित्र र भाव जोडिएको मूलद्वार थियो। मैले यहीँ उभिएर ३-४ किलिक्क तस्विर खिचेँ।

'यो खिच्नै पर्छ। कहिलेकाहीँ मनले टिप्न छोडेका कुरा तिनै तस्विरमा आँखाले गजबको कुरा भेटछन्। मनमा मात्र भर परेर हुन्न नि साइँला। आँखालाई नि मान्नु पर्छ।'

तस्विर खिचिरहँदा गफ्फिन पुगेँ म मनसँग।

मूल ढोकालाई मैले ढोगेँ।

अनि वरिपरि सरासर आँखा नचाएँ। एउटा बेग्लै खुसी, एउटा अलग्गै आनन्द, एउटा अर्कै सन्तोष र एउटा भिन्नै रमाइलो छातीभित्र दगुरादगुर गरिरहे।

मूल गुम्बातिर गइरह्यो सिँढी।

गुम्बा वरिपरि माने, छोर्तेन र स-साना गुम्बाहरू छँदै थिए। लामाहरू पढिरहेका थिए। तिर्पालमुनि बसेर अरूलामाहरू खाने, पिउने र गफ गरिरहेका देखिन्थे।

'त्याङबोचे गुम्बाका मुख्य लामा भर्खरै बितेकाले अहिले उनको नाममा पूजापाठ भइरहेको छ।'

नुर्बुले भने।

तिर्पालमुनिका लामाका अनुहार शोकमग्न देखिन्थे। उनीहरूमा पीडा भए पनि जीवन धान्ने लहरमा उभिएका लाग्थे।

अर्को सानो ढोका भएर हामी त्याङबोचे गुम्बातिर लाग्यौँ। ठूलो चोक थियो गुम्बा अघिल्तिर। चार कुनामा छोर्तेन फिर्फिराइरहेथे। चोकैभरि ठूला-ठूला भोटे कुकुर गुडुल्किरहेका देखिन्थे। तिनीहरू कसैले चुँक्कसम्म भुकेन, आँखाले चिहाएर हेरे। हामी २-३ सिँढी नाघेर भित्र पस्यौँ।

जुत्ता खोलेर अझै अर्को ढोकामा पुग्दा गुम्बाभित्रको विशाल स्वरुपसँग देखादेख भयो। भव्य उज्यालो र चहकिलो संसारमा बुद्धका विशाल प्रतिमाहरू देदीप्यमानसाथ ध्यानमग्न देखिन्थे। त्यो मूर्तिको चारै कुनाभरि १०-१२ जना लामाहरू पढिरहेका र ग्रन्थमा डुबिरहेका देखिन्थे।

शिक्षा, उमेर, लगाव र समय खर्चेका आधारमा ती लामाहरूको स्थान

निर्धारण भएको लाग्थ्यो । गुम्बाभित्र उत्तर-दक्षिण सामुन्ने मुख गरेर बसेका लामाका बीच-बीचमा ठूलठूला पुस्तकहरू थिए अगिल्तिर । त्यस्तै ठाउँ-ठाउँमा बुद्धका अनेक भावभंगिमा भएका मूर्ति थिए । पश्चिमपट्टि रहेको विशाल मूर्तिले पूर्वतिर मुख फर्काएको थियो ।

एउटा खादा अलिक अघि बाहिर किनिदिएका थिए गुरुङले । त्यो घ्यू रङ्गे खादा बुद्धसामु चढाएर मन हलुक्याएँ। देब्रेबाट दाहिनेतिर घुम्दै बाहिर आउँदा झ्याम-झ्याम बाजा बज्दै थिए। लामा-लामा दर्नालजस्ता बाजा पनि बज्न थालेका थिए । गुम्बाका चारैतिर, मास्तिर अनेकौं बुद्ध, त्रिपिटक र बौद्ध सभ्यताका चित्रहरू ज्यादै कलात्मक रुपमा कुँदिएका थिए ।

ल्हाक्पा बूढाले सबै लामालाई खादा र रकम चढाए । बाहिर निस्कँदा बाजाहरू बज्न रोकिएका थिए । मात्र मन्त्रहरूको मिठो लय आइरहेथ्यो । मन्त्रले छातीमा पारेको आनन्दमा पाइला सार्दै गर्दा उत्तरपट्टि देखेँ- एउटा खैरो रङको ढुंगा । जहाँ तीन वटा पाइलाको छाप देखिन्थ्यो ।

तेन्जिङ नुर्बुले ढुंगा देखाएर भने- 'लामा साङबा दोर्जेले टेकेका पाइलाहरू हुन् यी । पहिला जंगल र ढुंगैढुंगाले घेरिएको यो ठाउँमा दोर्जेले तपस्या गरेका रहेछन् । आफ्ना गोडा चिप्लेर उनले तीन ठाउँमा टेक्न पुगेछन् । अहिले यही ठाउँमा गुम्बा बनेको छ ।'

यी तीन पाइलालाई भूत, वर्तमान र भविष्यत् कालका रूपमा व्याख्या गर्ने र बुझ्ने पनि गरिएको मैले त्यही सुनेँ ।

त्यसो त बिहान दिबुचेमै एक जना लामा भेटेको थिएँ। उनले त्याङबोचेको अर्थ यसरी लगाएथे- 'तीङ बिजे हो यो ठाउँको पुरानो नाम । तीङ बिजे भनेको तीन वटा पाइला । तीङ बिजेबाट मान्छेले बिगारेर त्याङबोचे बनाइसके । समय फेरिएजस्तै मान्छेको बोलीले नाम बदल्दो रै'छ । ठाउँ भने जस्ताको तस्तै ।'

त्याङबोचे विशाल गुम्बा रहेछ ।

बाहिर आएर मैले चारै सुर निहालेँ। तलपट्टि अर्को कलात्मक र भव्य गुम्बा थियो । त्यस भित्रको कलाकारिता झन् अद्भूत थियो । विभिन्न मुद्रा, भाव, नृत्य, शैली र चरित्रका ती चित्रले जीवन, समय, परिवर्तन र कर्तव्यका ठूलठूला पाठहरू सिकाउँथे । अत्यन्तै मिहिन, खारिएका हात र ध्यानमग्न कलाकारले यी चित्रहरू कुँदेका थिए । कतिपय मन्त्रहरू उत्तिकै राम्रा अक्षरले लेखिएथे ।

अगाडिपट्टिका दुई सुनौला मूर्ति थिए । बीचमा छ तल्ले अर्को कलात्मक मन्दिरलाई कला, रङ, सीप र समर्पण भावले सिँगारिएको थियो । अकास छुन लम्किरहेको लाग्ने त्यो मन्दिर वरिपरि अरू

मनै सिरिङ्ग पार्ने चित्रहरू भित्ताभरि, छतै भरि, झ्याल र ढोकाभरि कुँदिएका थिए। यी सबै कुराले भव्य थिए- कुनै अभाव, अपुग वा अपुरो थिएन।

त्याङबोचे गुम्बाबाट पश्चिमपट्टि एउटा ओरालो सिँढी थियो । त्यसैका आडमा सानो आँगन थियो। त्यहाँ ५-७ वटा जोप्क्यो उग्राएर उभिइरहेथे । कति याक बसेका थिए। तिनका ढाडमा गद्दा थिए।

यर्ने (गुफा) पूजाका लागि नाम्चेबाट सामान बोकेर ती जोप्क्यो भर्खर आएका रैछन्। गुफा पूजामा थुप्रै सामान जोप्क्योका ढाडमै पनि थिए।

म फन्को मारेर उत्तरतिर गएँ।

३-४ गिलास तातो पानी पिएकोले कतै बिसाउन खोज्दै थिएँ । भीरैमा टिनका छाप्रा देखेँ। यसो घचेटेको त शौचालय रहेछ।

भित्र पसेर हेरेँ- मल एकातिर र मूत्र अर्कैतिर बिसाउन मिलाइएको रहेछ। मल सोझै तल भीरमा रास-रास भएथे। कुहिन समय लाग्ने भएकाले रुखका पात पतिङ्गरले छोपछाप गरिएको देखिन्थ्यो। मूत्र बिसाउने अर्को ढ्वाङ्ग्रो थियो- शायद त्यसबाट अरूनै कुनै उपयोगी कर्म हुँदो हो। पछि गाउँमा साग र आलु रोप्दा त्यही मल हालिने रहेछ।

मलाई हतारो भएथ्यो । सन्चो भएपछि पो देखेँ- मल र मूत्रका अलग-अलग बिसाउने ठाउँ । 'हगिसक्यो दैलो देख्यो' भन्या यै होला है।

उत्तरपट्टि फन्को मारेर फेरि त्याङबोचे गुम्बाको ठूलो आँगनमा पसेँ।

'भाषा बुझ्नु हुन्छ ?'

मैले सोधेँ- उनले टाउको हल्लाए।

ग्याल्पो शेर्पा रहेछन् तिनी- लामा पढ्न आएका।

उनैले मनिरिम्दुप हुने यही आँगन भएको बताए। सन् १९१६ देखि नै शेर्पाहरूको प्रमुख सांस्कृतिक चाडबाड र पर्वहरूको मूल थलो मान्ने गरिन्छ त्याङबोचेलाई। नेपालको अत्यन्तै उचाइमा रहेको यो गुम्बासँग धार्मिक, सांस्कृतिक, ऐतिहासिक र शैक्षिक धेरै तथ्यहरू जोडिएका छन्।

दुधकोशी र इम्जा खोलाले छुट्ट्याएको रहेछ त्याङबोचेलाई।

त्याङबोचेको मनिरिम्दुप संसार भरिबाट चासो लिइन्छ । मनिरिन्दुप भनिए पनि धेरैले मनिरिम्दु पनि भनिरहेकै हुन्छन्। भगवान्लाई खुसी पार्न नाचगान गरिने, पूजा-प्रार्थना गरिने र आफन्त भेटघाट गरिने मनिरिन्दुप चाड खुम्बु उपत्यकाको मौलिक पहिचान पनि मानिन्छ।

फाक्पा चेनेरेजिगको मूल पूजा हुन्छ मनिरिम्दुपमा। सुख, शान्ति, आरोग्य

र पारिवारिक समृद्धिको आशीर्वचन फाक्पा चेन्रेजिगले दिने विश्वास गरिन्छ । भगवान्को खुसी र रमाइलोका लागि यही बेला लामाहरूले विभिन्न देवदेवीका भाव, मुद्रासहित नाच प्रस्तुत गर्छन् । ती नाचमा प्रयोग गरिने पोशाक र भावभंगिमाले नृत्यको भाव र चरित्र देखिने रहेछ । सामान्यतया मनिरिम्डु दसौं महिनामा आयोजना हुन्छ ।

चीनको रोङबुकबाट मनिरिम्दुपको नृत्य आएको मानिन्छ । त्याङबोचे पछि फाप्लुपारिको चिवाङ गुफामा पनि मनिरिम्दुप आयोजना हुन्छ । पछि थामेमा गुम्बा बनेपछि त्यहाँ पनि मनिरिम्दुप मनाउने परम्परा थालनी भएछ । थामेमा चौथो महिनामा, दसौं महिनामा चिवाङमा र त्याङबोचेमा नवौं महिनामा आयोजित हुने रहेछ मनिरिम्दुप ।

नवाङ तेन्जिङ नोर्बु रिम्पोछेले रोङबुकबाट थाहा पाएर आएपछि स-सानै रुपमा थालनी गरेका रहेछन् । तर पछि अरूलामाहरूले थप नाचहरू सिकेर, अध्ययन र अभ्यास गरी प्रस्तुत गर्न थालेछन् । अहिले मनिरिम्डु ज्यादै लोकप्रिय हुन पुगेको छ ।

दश दिनसम्म निकै धुमधामसँग मनाइने मनिरिम्डुलाई तिब्बतमा पाँचौ महिनामा मनाउने गरिँदो रहेछ । 'त्सी चु' भनेर नाचिने ती नाचको महत्व र मूल्य निकै नै रहेछ । तिब्बतबाट खुम्बु उपत्यकामा आइपुग्दा ती नाचको लय, शैली, धुन र चरित्रमा धेरै फरक आइसक्दो रहेछ । खुम्बु शैलीको रुपमा परिमार्जित भएको रहेछ ।

पछिल्लो समयमा तन्त्र र रहस्यमय भावलाई बढी जोडेर मनिरिम्डुका नृत्यहरू देखाइने धेरैका मुखबाट मैले सुनेथेँ । मनिरिम्डुको प्रभाव हिजोआज सांस्कृतिकसँगै बढी मनोरञ्जनात्मक र आनन्ददायी भावसँग जोडेर हेरिँदोरहेछ ।

मनिरिम्डु नामाकरण पनि मनि, रिल र डुप शब्दको समिश्रणबाट बनेको ऐतिहासिक तथ्य भेटिन्छ । मनिको अर्थ सामूहिक प्रार्थना, रिलको अर्थ रातो प्लेट र डुपको अर्थ रिल्वुको आशीर्वाद भन्ने हुन्छ । यसैले या पर्वलाई खुम्बुका शेर्पाहरूले सांस्कृतिक र धार्मिक उत्कर्षको रूपमा लिने गर्छन् । त्यसो त ताप्लेजुङ, पाँचथर, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, मनाङ, मुस्ताङलगायत आठ जिल्लामा शेर्पाहरू छरिए पनि मनिरिम्डु मनाएको पाइन्न । मुस्ताङमा मनिरिम्डुकै शैलीमा केही नृत्यहरू नाचिए पनि त्यसको मौलिकता र ऐतिहासिकता भने फरक रहेको छ ।

त्याङबोचेको मनिरिम्डुमा थुजे, जिमसाक, सेरक्याम, छाम, मि त्सीरिङ, जुर्रा राक्ये, छिरिङमा आदि नाचहरू नाच्ने गरिन्छ । मनिरिम्डु पर्वमा १० दिनभरि यी नृत्यहरू विभिन्न लय र अवस्थासँग गाँसेर प्रस्तुत गर्ने परम्परा रहेछ ।

बौद्ध धर्मका प्रमुख चार सम्प्रदाय मिङ्मापा, गेलुपा, कग्युदपा र शाक्यकै जीवन पद्धत्ति र संस्कारको प्रभाव यी मनिरिम्डु नाचभित्र पनि रहेको छनक मिल्दो रहेछ। नेवार समुदायको करुणामय र तान्त्रिक पद्धत्तिको प्रभाव पनि मनिरिम्डुकै नाचमा पनि छ भन्नेहरू निकै थिए।

म कुरा सुन्दै अलिक फाँटतिर आइसकेको थिएँ।

पश्चिमपट्टि फर्केर हेरेँ- गुम्बाको उज्यालो, आभा र सौन्दर्य झन् अद्भूत भएर मेरा आँखामा सरिरहेको थियो।

खुम्जुङबाट पूर्वतिर पर्दोरहेछ- त्याङबोचे । त्याङबोचेबाटै सगरमाथा, आमादब्लम देखिँदो रहेछ। त्याङबोचेबाट थामसेर्कु र खाङटेगा दक्षिणतिर पर्दा रहेछन्। त्याङबोचेको उत्तरतिर थवोचे र पश्चिमतिर कोङदे छ।

खुम्बिलाका वरिपरि यी सबै चुचुरा र उपत्यकाहरू रहेका छन् । सगरमाथाको विशाल झल्को मैले त्याङबोचेबाटै देखेँ– हातले तानेर च्वाप्प गालामा दलुँजस्तो।

धेरैको लागि सगरमाथा यो पवित्र ठाउँबाट देख्न पाउनु चुली चढ्न सकिने आधार बन्दोरहेछ, आशीर्वाद हुँदोरहेछ।

छिरिङ जाङमु शेर्पाले भनेको मैले यहीँनेर सम्झिएँ- 'म ३ पटक सगरमाथा चढेँ। तर त्याङबोचेको गुम्बा दर्शन भएको बेला म भित्रैदेखि उत्साह, आँट र ऊर्जा पाएको ठान्थेँ।'

धेरै आरोहीले त्याङबोचेको दर्शन र अवलोकनपछि मात्रै सगरमाथातिर पाइला सारेको मैले सुनेको, पढेको र थाहा पाएको थिएँ। जीवन त यहाँ हृदयमा मात्र सीमित छ र ? अदृश्यमा झन् धेरै संसारको पाटो बसेको छ। सफलताका पछाडि यी दुवै पाइला मिलाएर नहिँडी मान्छेले सुखै छैन।

त्याङबोचे घना जंगलले घेरिएको टाकुरोमा थियो।

हामी तल झर्ने मूल बाटोमा आएछौँ। अरुहरू जाडोले चिसिएर अघि-अघि लागे। छिटो लजमा पसेर सिरकले छोपिऊँ, आगो तापूँ वा तातो पानी सुर्क्याऊँ भन्ने चालामालामा थिए। तर म तेन्जिङ नुर्बुका कुराले तानिएको तानिएकै थिएँ।

'यी यो रुख हेर्नु त।'

नुर्बुले पूर्वतिर देखाए।

एउटा अग्लो र झ्याम्म परेको धुपीको रुख थियो।

'एउटा फोटो खिच्नु त। म यसको कथा सुनाउँछु।'

उनले भने।

'लौ त लौ एउटा किलिक्।'

मैले सेल्फी नै खिचेँ । उनले पनि रुखलाई एक छेउ पारेर अर्को फोटो खिचिदिए।

अनि उनले भने- 'यो रुख ५००

वर्ष पुरानो हो । ५ रुप्पेको नोटमा यसको चित्र छापिएको छ।'

मैले फेरि फोटो खिच्न मन गरैं ।

'ओहो, यस्तो पो !'

मैले ओठसम्म आएको शब्दलाई गालाको उज्यालोमा सजाएँ।

त्याङबोचे पहिला जंगलैजंगलले घेरिएको ठाउँ रहेछ । त्यहीँ बसेर लामा साङ्वा दोर्जे तपस्या-ध्यान गर्दा रहेछन् । लामा साङ्वा प्रसिद्ध तान्त्रिक थिए।

उनको रहस्यमयी गतिविधिबाट खुम्बु परिचितै थियो । तिब्बतमा पनि उनीबारे धेरै नै चर्चा-परिचर्चा हुनेरहेछ।

साङ्वाले तपस्या गरेको ठाउँमा त्याङबोचे गुम्बा बनेछ।

मैले कतै पढेको थिएँ- त्याङबोचे गुम्बा बन्दाको कथा।

'सन् १९१४ मा खुम्जुङका लामा गुलु आए तिब्बतको चोमोलुङ्मा क्षेत्रबाट । त्यहीँ नै लामा नवाङ तेन्जिन नोर्बुलाई गुलुले पढाए । खुम्बुमा गुम्बा बनाएपछि त्यसको प्राण प्रतिष्ठा गराए । उनले अर्को पनि गुम्बा बनाउन अनुरोध गरे।'

'तर धेरै पैसा लाग्ने भएकाले त्यो आँट कसैले पनि गरेनन् । गुलुकै चेला नवाङ तेन्जिन नोर्बुले गुरुको भावना बुझेर भनेछन्- जब तपाई लामा बुद्ध तेन्चेन हुनुहुन्थ्यो अघिल्लो जुनीमा। म त्यो बेला लामा साङ्वा दोर्जेको परिचयमा जन्मेको थिएँ । हामीबीच नजिकको र आत्मीय सम्बन्ध छ। पीर नगर्नुस्। भविष्य उज्ज्वल र समृद्ध छ । म कोसिस गर्नेछु- गुम्बा बनाउन।'

त्यसपछि गुलु लामा खुम्बु फर्किए । उनले गाउँका शेर्पाहरूलाई विनयपूर्वक अनुरोध गरे । त्यो बेला गेन्पो शेरब त्सीपाल लगायतले निकै मद्दत गरेछन्। सन् १९१६ मा गेन्पो शेरब त्सीपाल, लामा कर्मा र थाक्डो कुन्जाङ र गाउँले शेर्पाहरूको लगाव अनि परिश्रमले गुम्बा तीन वर्षमा बनेको रहेछ।

त्यसको केहीपछि रिम्पोछे नोर्बुले यो गुम्बा उद्घाटन गरेका रहेछन् । त्यही बेलादेखि नै मनिरिम्दु पर्वले सुरुवातसँगै निरन्तरता पाएको हो रे।

त्याङबोचेको गुम्बा धार्मिक केन्द्रसँगै पठनपाठनको महत्वपूर्ण संस्था बन्न पुगेको रहेछ अहिले । थर्वा, जमत्र, थामेका विद्यार्थीहरू अहिले यहाँ बढी भएको बताएथे- तेन्जिनले।

यो गुम्बा बनिरहँदा राणा प्रधानमन्त्री श्री ३ भीम शमशेरले पनि सघाएको इतिहास रहेछ। त्यो बेला केही आर्थिक र खाद्य सामग्री दिएर प्रधानमन्त्री भीमले धार्मिक कार्यक्रममा सघाउ पुऱ्याएका रहेछन्।

त्यसको ४० वर्षपछि भीम

शमशेरका छोरा त्याङबोचे गुम्बा अवलोकन गर्न आएछन् । तर त्यहीबेला भयानक भुइँचालो गएछ । भूकम्पपछि गुम्बाको क्षति भएछ । निकै मुस्किलले ढोका खोलेछन्- राणा थुनिएको ढोका । भुइँचालाले गुम्बाको छाना भत्किएछ । तर गुलु लामा बसेको भवन जस्ताको तस्तै रहन पुगेछ । उनलाई केही भएनछ ।

त्यो कहालीलाग्दो प्राकृतिक विपत्तिपछि रिम्पोछे नवाङ तेन्जिन नोर्बु त्यहाँ पुगेछन् । त्यसपछि उनकै सकृयतामा त्याङबोचेको गुम्बा पुनर्निर्माण गरिएछ ।

पहिलाको भन्दा ठूलो, व्यवस्थित, फराकिलो र अत्यन्तै सुन्दर गुम्बा बनेछ । गुम्बा बनेपछि ल्हासाकै प्रसिद्ध कलाकार काप्पा काल्देनलाई यहाँ बोलाइएछ ।

काप्पाकै मिहिनेत, परिश्रम र कारिगरीमा त्यो गुम्बाको भित्री भागमा चित्र कोरिएको रहेछ ।

तेन्जिन नुर्बुले मलाई सम्झाए- ' अघि भित्र देख्नु भो नि ? कस्तो छ हगि ? त्यो सबै चित्रकला कलाकार काल्देनले कोरेका हुन् ।'

फेरि फर्केर गुम्बाभित्र जाऊँ-जाऊँ भएँ म ।

'यो गुम्बाको पनि फोटो छापिएको छ- पाँचसयको नोटमा ।'

उनले भने ।

मेरो मनमा पनि कता-कता गुम्बाको घुर्मैलो चित्र उत्रियो । तर यै सालतिरको नोट हो भनेर ठोकुवा गर्न सकिनँ ।

हामी अलिक अघि लम्केका थियौँ । अरुहरू ओर्लिसकेका थिए जाडोले चिथोरेर ।

फेरि टक्क अडिए नोर्बु । अनि भने- 'यो आगलागीमा पऱ्यो नि !'

'ए हो र !' मेरा आँखा पनि ह्वार्रै बले ।

'सन् १९८९ मा खरानी भयो । जनवरी १९ का दिनमा यो गुम्बा ध्वस्त भयो ।'

सुरुदेखि अहिलेसम्म तीन पटक पुनर्निर्माण भएको रहेछ यो गुम्बा ।

नाम्चेबाट बिजुली ल्याएर यहाँ बालिँदोरहेछ । एक जना भिक्षुले त्यो सबै काम गर्थे । उनको अनुपस्थितिमा अर्को भिक्षुले बिजुलीको चुलो बालेछन् । दुर्भाग्यवश आगलागी भएछ ।

कागजले भरिएको, रङ धेरै पोतिएको, काठैकाठको गुम्बा भयानकसँग सल्किएछ । सगरमाथा हिँडेका आरोहीहरू, भरियाहरू, भिक्षुहरूले सकेसम्म आगो निभाउन खोजेछन् । तर उनीहरूको बलबुताले भ्याएनछ ।

त्यो बेला धेरै बहुमूल्य पुस्तकहरू, थाङ्काहरू, मूर्तिहरू आगोमा परेर सखाप भएछन् । कतिपयले जोगाउन गाउँतिर पनि पठाएका थिए रे । तर ती पछि

फर्किएनछन् । गुम्बाका यसरी बहुमूल्य सम्पदा नष्ट भएछन् ।

आगलागीको अर्को दिन वरिपरिका गाउँलेहरू आएर आगो निभाउन मद्दत गरेछन् । त्याङबोचे छेउका गाउँहरू पाङबोचे, फोर्चे, खुम्जुङ, खुन्दे र नाम्चेबाट समेत मानिसहरू आएका रहेछन्- आगो निभाउन ।

तेन्जिन नुर्बुसँग म फटाफट दिबुचे झरिरहेको छु- अघि उक्लेको बाटो । चिसो हावाले अहिले झनै ज्यान सेक्यो । खुट्टा चाँडचाँडो लम्केका छन् ।

खुम्बिलाका चुचुरा वरिपरि घुमिरहेको कुइरो झर्दै-झर्दै आयो दिबुचे तिर । हामी पुग्दासम्म पूरै छोपिने ईशारा मैले पाएँ कुइराको ।

झमक्क साँझमा हामी पुग्यौँ दिबुचे । ♦♦♦

लघुकथा

# आमाको माया



✍ **देवकी के.सी.**

भातको गाँस हातमा लिएर आफ्नो  एक्लो छोरो दिलिपको तस्विर हेर्दै रुदै गरेको आमालाई देखेपछि दिलसराले रिसाउँदै भनिन् । आमा तपाईंको के पारा हो यो सधैंभरि ? सधैं भातको गाँस हातमा लिएर त्यो ज्यानमाराको तस्विर हेर्दै रुनुहुन्छ किन ?

कुलत र कुसंगतमा फसेर आफ्नै बाऊको हत्या गर्ने छोराको किन त्यति धेरै माया लागेको तपाईंलाई आमा ? आफ्नै सिउँदो उजाड पार्ने छोरो सम्झेर किन आनो जिउ सुकाउनुहुन्छ आमा ? बर्बती आँसुका ढिक्का खसालेर दिलसरालाई हेर्दै आमाले भन्नुभयो छोरी त्यो पनि मेरै कोखबाट जन्मेको तेरो भाइ हो नि । के गर्नु कुलत र कुसंगतमा फसेर आफ्नै बाऊको हत्यारा बन्यो । मेरो सिउँदो मेटायो । समाजमा ज्यानमाराको सन्तान भनेर दाग लगायो । आफ्नै भविष्य पनि बर्बाद पार्यो ।

आज जेलमा आफ्नो सजाय भोगिरहेछ । विचरा जेलमा कति दुःख होला ? ज्यानमारा भनेर जेलमा बेस्सरी कुट्दा होलान् ।  ज्यानमारा भए पनि ,मेरो सिउँदो उजाड पारे पनि मायामा के कमि हुन्थ्यो र आफ्नो सन्तानको ? यो आमाको माया भन्ने चिज पनि अचम्मकै हुँदो रैछ ।

छोरी दिलसरा तिमी पनि कुनै दिन त आमा त होलिऊ नि अनि थाहा पाउँछेऊ तिमीले पनि कस्तो  हुँदो रैछ आमाको माया...... ?

कथा

# साइनो



✍ पूर्व प्र.व.उ. विक्रम गुरुङ

मनोजले भन्ने गर्दथ्यो, "रूख र बोटबिरूवा जस्तै हाम्रो जीवनमा पनि सम्बन्ध छ । जसमध्ये केही पहिलेदेखि नै हामीसँग छन्, कुनै हाम्रो जीवनको अन्त्यसम्म रहन्छन्, कोही मौसमी फूलहरू जस्तै धेरै सुन्दर हुन्छन्, तर केवल एक मौसमको लागि रहन्छ ।"

"अनि तिमी मेरो जीवनमा कुन विरूवा हौ र ?" बिन्दुले मुस्कुराउँदै उसलाई जिस्काएकी थिइन । "मलाई उखुको रूपमा लिनु, रसिलो छु, वर्षौं काम लाग्छ ।" उनीहरू ठूलो स्वरले हाँसेका थिए । मनोजले एकदमै छिटो जवाफ दिएको थियो । उसको शब्दहरूको अर्थ केही वर्ष पछि बिन्दु तौलिहवा फर्किने कुरामा थियो । बिन्दुको मनमष्तिष्कमा कसरी मनोजले कब्जा जमायो उनलाई पत्तै भएन । उनीहरूको भेट पनि अचानक भएको थियो, पुष्पाको छोरी रश्मीको जन्मदिनको पार्टीमा । त्यहाँको भीड र

रातको साढे दुई बजिसकेको थियो । तीन वर्ष पनि बितेछ... बिन्दुलाई थाहा छ आज उसलाई निद्रा लाग्दैन । ओछ्यानबाट उठेर कुर्सीमा बसेर पलंगतिर हेरिन् । केशव मस्त निन्द्रामा सुतिरहेको थियो । कहिले काहिँ बिन्दुले सोच्छे यो मान्छे जीवनभर यति साह्रो कसरी निश्चिन्त रहन सकेको होला ? सबै कुरा सहज रूपमा चल्नु मात्र जीवन होइन । झ्यालबाहिर हेरिन, टाढा चम्किरहेको सडक बत्तीमा उडिरहेका केही किराहरू, सुनसान सडक र पुष माघ महिना, यो समयमा बिरलै देखिने अलिकति कुहिरो देखिएको थियो । एक्कासी शरीरमा हलचल आए जस्तो भयो । उनलाई ऐनाको अगाडि गएर गाउन फुकालेर उभिन अझै पनि रमाईलो लाग्छ । आफ्नो शरीर कुनै पनि केटीले इर्ष्या गर्न योग्य छ भन्ने थाहा पाउँदा उनको मनमा लुकेको लाजले अनुहार छोप्यो । कसिलो छाला, सुडौल बढेको छाती, गहिरो काटिएको कम्मर, चिल्लो चम्किलो मांसपेशी, सुडौल नितम्ब, चम्किलो गुलाबी रंग र अनुहारमा डुबेका हल्का खैरो आँखा, यी उनका गुणहरू हुन् । अचानक मनोजसँगको कुराहरू सम्झेर उनको अनुहारमा मुस्कान छरपस्ट भयो ।

सङ्गीतको कोलाहल थकाउने किसिमको थियो । बिन्दु छेउको सोफामा बसिरहेकी थिइन । अलिकति हल्का महसुस भएपछि छेउमा हेर्दा, पार्टीबाट पूर्णतया अलग भएर बसिरहेको २४-२५ वर्षको एउटा आकर्षक युवक आँखा चिम्लेर टाउको पिठ्युँ सोफामामा अड्याएर आरामले सुतिरहेको देखिन् ।

त्यतीनै बेला पुष्पाले आएर भनिन्, “थाक्यौ दिदी ?” त्यसपछि उसको नजर सुतेको युवकमा पऱ्यो, उनले भनिन्, “तिमी यहाँ सुत्न आएका हौ...!” त्यसपछि उसको अनुहारलाई हातले समातेर हल्लाइन् ।

“ए भाउजु ! म आँखा बन्द गरेर बसेको थिएँ ।” भन्दै मुसुक्क हाँस्यो ।

पुष्पाले परिचय गराइन्, “वहाँ हुनुहुन्छ मेरो बिन्दु दिदी, अहिले भिनाजु यतै सरूवा भएर आएका छन्, दिदी वहाँ मनोज, गणेशको साथी ...।”

“तर गणेश ज्वाई र वहाँको उमेरको एउटै जस्तो लाग्दैन ।” बिन्दुले भनिन् ।

“उनी गणेश भन्दा आठ वर्ष कान्छो हुन, तर उसको सबैभन्दा मिल्ने साथी ...।” त्यसपछि उनले भनिन् “मनोज दिदीको ख्याल राख्नु है ।”

“अरे, मलाई यहाँबाट कसैले उठाएर लैजान्छ र ?” बिन्दुले पुष्पालाई भनिन् ।

“तिमीलाई साथी होस् भनेर भनेको हुँ ।” पुष्पा मुस्कुराउदै बाँकी पाहुनाहरूसँग मनोरञ्जन गर्न गइन् । बिन्दुले मनोज तर्फ फर्केर हेरिन, ऊ फेरि सुतिरहेको थियो ।

केशव कपिलवस्तुबाट सरूवा भएपछि बिन्दु पोखरा आएकी थिइन । पुष्पा पनि पोखरामा भएका कारण बिन्दुको आउने-जाने क्रम चलिरह्यो तर, बसोबास टाढा भएपछि एक्लोपनले सताउन थाल्यो । छोरी भुमिका कति छिट्टै हुर्किइन् । यो वर्ष मेडिकल कलेजमा भर्ना भएपछि उनी पोखरामै सरिन् ।

बिन्दु गाउन लगाएर कोठामा फर्किएर कुर्सीमा बसिन् । केशवलाई ओछ्यानमा सुतिरहेको देख्दा बिन्दुलाई जीवन एकदम सरल लाग्छ । केशवको सट्टा ओछ्यानमा मनोज भइदिएको भए जीवन कति स्वतन्त्र र गतिशील हुन्थ्यो । बिन्दुले मनोजलाई दोस्रो पटक पनि पुष्पाको घरमा भेटेकी थिइन । उसले एउटा प्यारो सानो सेतो कुकुरलाई काखमा लिएर आएको थियो । उसले कुकुरलाई रश्मीको काखमा राखिदियो । त्यस्तो प्यारो कुकुर देखेर रश्मी र दिपेश निकै खुसी भएका थिए ।

त्यसपछि सबैजना खानाको टेबुलमा आए ।

“मनोज, सायद तिमीले केशवलाई भेटेका छैनौ । गत महिना मात्रै

पोखरा आएका हुन र उसको नाम मनोज हो ।" गणेशले दुवैको परिचय गराईदिए । मनोजले चुपचाप हात जोडेर नमस्कार गऱ्यो।

पुष्पाले मनोजलाई भनिन्, "दिदी फीसटेल कोलोनीमा एक्लै बस्छे, "तिमीले दिदीलाई बजार आउन जान मद्दत गर्ने गर है ।

"ए ! हो ।"

बिन्दुलाई पछि मात्र थाहा भयो कि मनोज कम बोल्ने र शब्दको सही प्रयोग गर्छ । रातको तीन बजिसकेको थियो । त्यो रात कहिल्यै नसकियोस झैँ लागिरहेको थियो उनलाई । पाखुरामा किन हो कुन्नी रौंहरू ठाडा भएका छन् । तिनीहरूमा हत्केला रगड्दा राम्रो लागिरहेको थियो । यदि यी हत्केलाहरू मनोजका हुन्थे भने, त्यो स्पर्श तातो हुन्थ्यो होला, सायद पूरै शरीरलाई जलाउने थियो । सधैं त्यस्तै लाग्थ्यो बिन्दुलाई, जब-जब मनोजको औंलाहरूले शरीरमा स्पर्श गर्दथ्यो, एक प्रकारको तरंग उत्पन्न हुनथ्यो । वास्तवमा, सबै पुरूषहरू समान हुँदैनन् । तनमन, बल, यौवन सबै फरक हुँदोरहेछ र अझ धेरै भिन्नता त यीनीहरूको संयोजन र नियन्त्रणमा हुँदोरहेछ। किशोरावस्थादेखि नै बिन्दुले पुरूषका चाहना र अभिव्यक्तिको विविधतालाई नियाल्दै आएकी थिइन ।

बिन्दुले अझै पनि समयले गुमाएको आफ्नो पहिलो माया हेमराजलाई सम्झिन्छिन् । हेमराज र बिन्दुले त्यो प्रेममय सम्बन्ध अचानक टुट्छ भन्ने कल्पना पनि गरेका थिएनन् । बिन्दु स्नातकको दोस्रो वर्षमा अध्ययन गर्दै थिइन। आमाले जहिले पनि विवाहमा मात्र छोरीको भविष्य सुरक्षित देखेकी थिइन। बुबाको मृत्यु पछि परिवारको लागि ठूलो आड भरोसा टुट्यो । त्यसपछि आमाको सहारा उनका भाइहरू मात्र थिए। उनकै भर परेर उनी आफ्ना दुई छोरीलाई लिएर दमौली छोडेर गगनगौडा आएर आमाघरमा बस्न थालिन्। सबै राम्रै चलिरहेको थियो । उनीहरूको मामाघरको हजुरआमा र तीन मामाको सहयोगले जीवन पुनः सहज भएर आएको थियो तर त्यो धेरै दिन रहेन, टुट्यो ।

एक दिन आमा पुष्पालाई लिएर काकाको घरमा जानु भएको थियो। गर्मीको त्यो समयमा परीक्षा भएको कारणले बिन्दु जान पाएकी थिइनन्। मामा घरमानै थिइन। हजुरआमा, मामा माइजू र उनीहरूको छोराछोरी सहितको ठुलो परिवार भीडभाड भएपनि बिन्दुलाई रमाइलोनै लाग्दथ्यो । तर एकदिन अचानक एउटा घटना घट्यो । बिन्दुको कोठामा भएको एटैच वाथरूमको ढोकाको चुक्कुल बिग्रिएको थियो । यो ख्याल नगरी उनी नुहाउन थालिन्, किनभने त्यस वाथरूम बिन्दु बाहेक कसैले पनि प्रयोग गर्दैनथ्यो । त्यहाँ अचानक माइला मामा अर्धनग्न अवस्थामा वाथरूममा

प्रवेश गर्दा बिन्दु आत्तिएर डरले चिच्चाएकी थिइन । बिन्दु जोडले चिच्याउँदा मामा भाग्नु भयो र तिनी जोगिएकी थिइन । आमा फर्के पछि बिन्दुले सबै कुरा सुनाइन। आमालाई आफ्नो असहाय स्थितिले दिनरात सताउन थाल्यो । परिणाम यो भयो कि उनीहरू पुनः दमौली फर्किए। तर आमाले बिन्दुको सुरक्षा तिनको विवाह नै हो भनेर त्यही वर्ष विवाह गरिदिइन । त्यतिबेला बहिनी पुष्पाको उमेर सानै थियो।

केशव एक असल तर सामान्य व्यक्ति थिए। उसको लागि काम नै महत्वपूर्ण थियो। मानसिक स्तरमा उनमा न कुनै उत्साह थियो न त बिन्दु आफूले पनि कुनै इच्छा नै देखाएकी थिइन । छोरी भुमिकाको जन्मपछि बिन्दुको जीवन पूर्णरूपमा उसैमा केन्द्रित भएको थियो । श्रीमतीको रूपमा कुशलतापूर्वक घर चलाउनु, बच्चाको हेरचाह गर्नु र बिना कुनै संकोच शरीर सुम्पनु केशवका लागि ठूलो खुसीको कुरा थियो । कहिलेकाहिँ सोच्दा बिन्दुलाई लाग्थ्यो उनीहरूले आफ्नो जीवन आफ्नै किसिमले बाँचिरहेका छन्।

बिन्दु र मनोजले बिस्तारै एकअर्कालाई चिन्न थालेपछि बिन्दुले मनोजलाई घरमा बोलाउन थालिन्। त्यतिबेला बिन्दुलाई ड्राइभिङ आउँदैनथ्यो। किनमेल गर्ने बजार उनीहरू बस्ने ठाउँबाट टाढा थियो। यस्तो बस्तीमा सवारी साधन बिना बस्न गाह्रो थियो। नजिकै सजिलोसँग केही भेटिदैनथ्यो । यो अवस्थामा मनोज निकै सहयोगी भएका थिए । मनोज बिन्दुलाई बारम्बार बजारमा लैजानै ल्याउने गर्दथ्यो। दिनभरि मनोजसँग बस्न र यात्रा गर्न पाउनु बिन्दुको लागि जीवनको उत्कृष्ट पलहरू जस्तो लाग्थ्यो । बिहे पछि पहिलो पटक एउटा केटा बिन्दुको जीवनमा मिल्ने साथी जस्तै नजिक भएको थियो । बिन्दुलाई कार चलाउने तरिका सिकाउँदै गर्दा एकदिन अचानक मनोजले भनेको थियो "म चाहन्छु कि तपाईँलाई कार चलाउन कहिल्यै नआओस् र सधैं यस्तै सिकिरहनुहोस् । तपाईँसँग समय बिताउन पाउँदा धेरै राम्रो लाग्छ।"

उसको त्यो कुरा सुनेर त्यसबेला बिन्दु छक्क परेकी थिई, "तिमी बौलायौ कि के हो ?" बिन्दुले आफूलाई नियन्त्रण गर्ने प्रयास गर्दै जवाफ फर्काइन । यी चार महिनामा बिन्दुले उसको व्यवहार केही बुझ्न थालेकी थिइन । बिन्दुलाई थाहा थियो, मनोजले मनमा लागेको कुरा मात्रै बोलेको थियो । बिन्दुले गाडी घरतिर फर्काइन। उनीहरूले आपसमा असहजता महसुस गर्न थालेका थिए। मनोज चुपचाप बसिरहेको थियो। बिन्दुलाई धेरै कुरा भन्न मन लागेको थियो तर ओठ खुल्नै सकेन।

"बाहिर निस्क" घर पुगेपछि गाडी रोकेर बिन्दुले रिसाएर भनिन् । ऊ

चुपचाप तल ओर्लियो र गयो । बिन्दु चाहन्थिन् मनोजले माफी मागोस् र केही स्पष्टीकरण देओस् तर ऊ चुपचाप केही नबोली गयो । ऊ यसरी जानुले बिन्दुलाई स्तब्ध बनायो । पछि घण्टौंसम्म उसको नम्बरमा डायल गरिरही तर फोन उठेन । भोलिपल्ट बिन्दु आफै उसको घर पुगिन तर गेटमा ताला लागेको थियो । फोन अझै पनि उठिरहेको थिएन । बिन्दुले पुष्पासँग उसको बारेमा सोधपुछ गर्दा पनि उसले हिजोदेखि फोन नउठाएको थाहा भयो । गह्रौं मन लिएर बिस्तारै पाइला चाल्दै घर पुगिन् । मनोज गेट अगाडि उभिरहेको भेटिन । उनलाई एक थप्पड हानु जस्तो पनि लाग्यो, तर मनोजले सधैं जस्तै शान्त शब्दमा भन्यो, “हिजो मोबाइल तपाईंको कारमा छुटेको रहेछ ।”

“हे भगवान ...!” बिन्दुले आफ्नो टाउको समातिन् ।

त्यसपछि तीन वर्ष कसरी बित्यो थाहा नै भएन । त्यो दिन जब मनोजले घरमा पहिलो पटक बिन्दुलाई अँगालोमा कसेको थियो । त्यसबेला उनलाई महसुस भयो कि कस्तो सुखमय स्पर्श थियो उसको । अनुहारमा उसको ओठले चुम्दा बिन्दुको शरीरमा नवयुवतीलाई जस्तै एक किसिमको कम्पन महसुस भएको थियो । कति खुसीसाथ बिन्दुले आफ्नो शरीर मनोजलाई समर्पण गरेकी थिइन । मनोज तिनको जीवनमा एउटा सुखद अनुभव जस्तै भएर आएको थियो । कुनै साइनो नभएको ऊसँगको सम्बन्धले जीवनलाई नयाँ उद्देश्य बुझ्ने मौका दियो । अब बिन्दुले जीवनलाई सत्य, असत्य, सहि र गलत, पाप र पुण्यबाट फरक अनुभव गर्न सिकेकी थिइन् ।

तीन वर्ष पनि बित्यो त्यसैले केशव तौलिहवा फर्किनु पर्ने भएको थियो । सामान्य अवस्थामा यो खुसीको पल हुन्थ्यो होला तर अहिले बगेको खोला एक्कासी रोकिएजस्तो लाग्यो बिन्दु र मनोजलाई । बिन्दुलाई थाहा छ, मनोजसँग उनी सधैंभरि बस्न सक्दिनन् । जुन परिवार र समाजको बन्धन हो । मनोजले कस्तो प्रतिक्रिया देखाउला भनेर बिन्दुले सोचिरहेकी थिइन, त्यसैले तिनले यो कुरा हप्ता दिनसम्म नियन्त्रणमा राखिन् तर एक दिन बिन्दुले उसलाई भन्नु पऱ्यो । त्यसपछि चुपचाप टाउको निहुराएर, केही नबोली, कुनै प्रतिक्रिया नराखी मनोज गएको थियो ।

बिहान आठ बजे हिँड्नुपर्ने थियो, चार बजिसकेको छ । बिन्दुको आँखामा निद्रा छैन, केशव पहिले जस्तै निश्चिन्त सुतिरहेको छ । अचानक मोबाइलमा टुइँक्क आवाज आयो । नोटिफिकेशनमा मनोजको नयाँ म्यासेज कविता जस्तो थियो,

“घुम्ती भन्दा अगाडि, जहाँ गुलाबका फूलहरू फूलिरहेका होलान्,

रगतको केही थोपा चम्किरहेको होला ।
सायद मालीको औंलामा चोट लागेको छ।
जब बिहान निस्कन्छौ त्यहाँ रोकिएर हेर्नु ।
जब तिमी जान्छौ मालीको हातमा हेर्नु,
तिमीले सुक्दै गरेको घाउ र दाग पाउनेछौ ।
कतै नरोकिनु, जीवन साथमा लिएर जानु ।
घुम्ती अगाडि जहाँ गुलाबका फूलहरू छन्,
त्यहाँ केही सकिएको जस्तो लाग्ला, तिम्रो
सपना जस्तै तर म सधैं तिम्रै सपनामा
जिउने छु ।" ♦♦♦

कविता

# नामसारी



✍ **गंगा खड्का**

गोधुली साँझमा चिसो चिसो हावाले
मलाई स्पर्श गर्दा
तिम्रो अनुपस्थितिको महसुस होला कि
भन्ने आशंकामा
आजकाल पूर्णविराम लागेको छ
भित्रभित्रै पाकिरहेको मन
तिमीलाई तर्कवितर्कका कठघरामा उभ्याउनुभन्दा
आफूलाई शमन गराउने अनुनयविनय गर्न
आतुर भेटिन्छ ।

हजारौं ताराको माझमा बसेर
चाँदनीले पनि ईर्ष्या गर्ने हाम्रो प्रेमालाप
आज एकादेशको कथा बन्दै गएकोमा
खेदले झुकेका नयनले त झनै
तिमीसँग हार नखाएको कुरा बकिरहँदा
तिम्रो स्मृति अझै ताजा बन्दै छ प्रिय
उही परिवेश, उही बस्ती
उही मायाको सुगन्ध
तर
दोष कसको भयो भन्दै
म स्वयम् द्विविधामा अल्झिएको पलमा
तिम्रो र मेरो लागि सफाइ दिनका लागि
तिम्रो मनमा सजिएको मेरो तस्विर
अनि मेरो मनमा खिचिएको तिम्रो आकृति
काफी छैन र प्रिय ?

सायद तिम्रो हुलिया परिवर्तन भयो होला
बोली फेरियो होला
तर तिम्रो मन फेरिएको भए
तिमीले मबाट तिम्रो याद नि लुटेर लान्थ्यौ
होला
धन्यवाद छ प्रिय
तिमीलाई सम्झने अधिकारको पुर्जा त
आखिर मेरै नाममा नामसारी गरेर गएछौं ।

# मुस्ताङको मुटु : मार्फा



✍ **प्र.ना.उ.भोजराज पाण्डेय**

झट्ट सुन्दा मुस्ताङ जिल्ला भन्ने वित्तिकै जो कोहीले पवित्र तीर्थस्थल मुक्तिनाथ सम्झने गर्दछन् । तर मुस्ताङको परिचय यति मात्रैले कदापि पूरा हुन सक्दैन् । यहाँ अनगिन्ती विविधताहरू छन् जसले मानिसलाई सधैँ आनन्दित गर्न सक्छ र पटक-पटकको यात्राको लागि लालायित बनाउन सक्दछ । मुक्तिनाथ मन्दिरको दर्शन गर्ने मात्र उद्देश्य राखेर मुस्ताङको यात्रा गर्नु भनेको यहाँको अपूरो यात्रा हुनु हो । मुस्ताङ जिल्लामा यति धेरै तथ्यहरू छन् कि नेपालको सरकारी तथा अन्य संघ संस्थामा रोजगारीको अवसरको निम्ति लोकसेवा लगायतका लिखित परीक्षा लिने निकायहरूले बनाउने प्रश्नहरूमा मुस्ताङको बारेमा नै एउटा छुट्टै प्रश्नपत्र तयार हुन्छ भन्दा पनि हुन्छ ।

छिमेकी मित्र राष्ट्र चीनसँग सीमाना जोडिएको मुस्ताङ जिल्ला गण्डकी प्रदेशको सबैभन्दा उत्तरमा पर्ने जिल्ला हो । मरूभूमिको जिल्ला, नेपालमा सबै भन्दा कम पानी पर्ने जिल्ला, हिमाल पारीको जिल्ला र विशिष्ट खालको भौगोलिक बनावट भएको जिल्ला आदि नामबाट परिचित यो जिल्ला धौलागिरि र निलगिरि दुई अग्ला हिमशिखर भन्दा पनि उत्तरमा अवस्थित छ । यस जिल्लाको ऐतिहासिक आधार र भौगोलिक अवस्था आदि हेर्दा धेरै अघि यो क्षेत्र नेपाल र तिब्बत बिचको मुख्य व्यापारिक नाका रहेको बुझिन्छ । मुस्ताङ जिल्लाको उत्तरी सिमाना तिब्बतसँग जोडिएको लोमान्थान हुँदै छोसेर कोरोला सम्म उच्च पहाडी र हिमाली श्रृङ्खला मिलेर बनेको छ । तर सीमा पारी चीनको स्वशाषित क्षेत्र तिब्बतको भूभाग नेपालको तराई जस्तो समथर (पठार) भूभाग रहेको छ ।

मुस्ताङ जिल्लाको पूर्वमा मनाङ, पश्चिममा डोल्पा दक्षिणमा म्याग्दी र उत्तरमा तिब्बत पर्दछन् । यसको उत्तर-दक्षिण लम्बाई करिब ८० किलोमिटर र चौडाइ बढीमा ४५ किलोमिटर छ । यो जिल्ला अन्नपूर्ण हिम श्रृङ्खलाको उत्तरमा पर्ने भएको र माथिल्लो मुस्ताङ लगायतका स्थानहरूमा वन जङ्गल नभएको हुँदा कम पानी पर्दछ । तर तल्लो मुस्ताङ, जोमसोम, कोवाङ, लेते

र घासा लगायतका स्थानहरू २७०० मिटर भन्दा कम उचाइमा अवस्थित रहेको र केही हदसम्म जङ्गल पनि रहेको हुँदा माथिलो मुस्ताङको तुलनामा यहाँको भौगोलिक बनावट अलि फरक छ।

नेपालको दोश्रो ठूलो तथा पर्यटकीय शहर पोखराबाट सडक यातायातको सर्वसुलभ उपलब्धता रहेको कारण पोखरा देखि बस तथा जीपमा सवार भई करिब साढे छ घण्टामा कास्की जिल्लाको पर्यटकीय तथा रमणीय स्थल सराङकोट, लुम्ले, पर्वत जिल्लामा रहेको बन्जी जम्प र बाग्लुङ जिल्लाको प्रसिद्ध बाग्लुङ कालिका मन्दिर, प्रसिद्ध धार्मिक स्थल पञ्चकोट र म्याग्दी जिल्लामा रहेको गलेश्वर महादेव, तातोपानी लगायतका स्थानहरूको रमणीय आनन्द लिँदै काली गण्डकी किनारै किनार विविध प्राकृतिक छटाहरूको अवलोकन गर्दै कच्ची र पक्की सडकको करिब ११४ किलोमिटर यात्रा पार गर्दा मुस्ताङ जिल्लाको सिमाना घासामा पुग्न सकिन्छ। त्यस अघि म्याग्दी जिल्लाको दानामा रहेको प्रसिद्ध "रूप्से झरनाको"आनन्द लिन भने छुटाउनु हुँदैन । रूप्से झरनाबाट केही किमीको यात्रा पश्चात म्याग्दी र मुस्ताङ जिल्लाको सिमानामा रहेको काभ्रे भीर नजिक काली गण्डकी नदीमा अवस्थित गहिरो गल्छीको समेत भरपुर आनन्द लिन सकिन्छ। काली गण्डकीमा बनेको गहिरो गल्छि अवलोकन गर्नको लागि बनाइएको झोलङ्गे पुलबाट तल हेर्दा कताकता मनमा डर पैदा भए तापनि प्राकृतिक बनोटको त्यो अद्‌भुत स्थल देख्न पाउदा मन उमङ्गले फुरूङ्ग हुन्छ।

मुस्ताङ जिल्लाको दक्षिणी प्रवेशद्वार घासा कट्ने बित्तिकै करिब ५ किमि यात्रा गरे पछि समुन्द्र सतहबाट करिब २११३ मिटरको उचाइमा रहेको प्रसिद्ध पर्यटकीय स्थल लेते पुग्न सकिन्छ। लेते मुस्ताङ जिल्लालाई चिनाउने एउटा विशिष्ट पर्यटकीय आधार बोकेको स्थान हो। यहाँबाट देखिने धवलागिरि र मानापाथी हिमालको दृश्य जो कोहीको लागि आनन्दको पर्याय बन्न सक्दछ। अथवा लेते समुन्द्र सतहबाट ८,१६७ मिटर उचाइको धवलागिरि र ६,३८० मिटर उचाइको मानापाथी हिमालको काखमा रहेको छ। मुस्ताङ घुम्न आउने जो कोही पनि एक पटक यहाँको दृश्यसँग क्यामेरा वा मोबाइलको विभिन्न पोजमा कैद नभई अगाडि बढ्न सक्दैनन्। त्यसमा पनि बिहानको घामको पहिलो झुल्को धवलागिरि र मानापाथी हिमालमा पर्दाको दृश्य लेतेबाट हेर्दा सूर्यले केही समय आफ्नो गति रोकेर बसिदिए हुन्थ्यो भन्ने अनुभूति हुन्छ, बादल छेउमा नआइदिए हुन्थ्यो जस्तो अनुभूति पनि हुन्छ। त्यसैले त मुस्ताङ घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरूले

बेलुकीको बास लेतेमै बस्न तछाड मछाड गर्ने गर्दछन् । यही कारण मुख्य मौसममा यहाँका होटलहरूले पर्यटकको माग धान्न सक्दैनन् ।

लेतेबाट करिब १० किमी यात्रा गरे पछि पर्यटकीय र ओखर खेतीको लागि प्रख्यात स्थल कोबाङ पुग्न सकिन्छ। केही वर्ष अघिसम्म यहाँ बसोबास गर्ने मानिसहरूको प्रमुख आय श्रोतको रूपमा स्याउ खेती रहेको थियो । जलवायु परिवर्तनको कारण अहिले कोवाङमा पहिले जस्तो पर्याप्त स्याउ फल्न छाडेको छ। मानिसहरू अहिले ओखर खेती तर्फ आकर्षित भएका छन् । जसको कारण यहाँका बासिन्दाले आफ्नो तथा परिवारको जीविकोपार्जनको अलावा ओखर बिक्रीबाट प्रशस्त आम्दानी समेत गर्ने गरेका छन् ।

जोमसोम नपुग्दै मुख्य सडक मार्गको छेउमा पर्ने प्रसिद्ध पर्यटकीय स्थल हो, मार्फा गाउँ । जुन समुन्द्र सतहबाट २,६८० मिटर उचाइमा अवस्थित छ। मार्फा भन्नासाथ स्याउ उत्पादनका लागि प्रख्यात स्थान हो भन्ने पनि बुझिन्छ । थकाली समुदायको मूल थलो थाक खोलाको मौलिक वास्तुकला देख्न पाइने यो ठाउँ पर्यटकीय गन्तव्य पनि हो । यसलाई नेपालको राजधानी काठमाडौं शहरको असनसँग पनि तुलना गर्ने गरिन्छ किनभने मार्फा गाउँको भित्री गल्लीहरू असनकै जस्तो साँघुरो गल्लीहरू रहेको देख्न सकिन्छ । मार्फाको भित्री गाउँको बनोट यहाँको मौलिकतासँग अत्यन्त समीप छ । मुस्ताङ जिल्लाको विभिन्न स्थानमा घुम्न आउने जो कोही पर्यटकहरू पनि यहाँको मुख्य सडकमा गाडी रोकेर यहाँको सुन्दर बस्तीको अवलोकन गर्न पैदल यात्रा गर्ने गर्दछन् । मार्फाको भित्री गाउँमा गाडी जान सक्दैन् । त्यसकारण यहाँको सौन्दर्य अवलोकन गर्न पैदल नै हिँड्नु पर्ने हुन्छ । बाह्य पर्यटकहरू माझ प्रिय अन्नपूर्ण र धौलागिरि पदमार्गका यात्रीहरू जोमसोम आइपुग्दा यो गाउँमा नघुमी फर्कदैनन् ।

मार्फा गाउँ धेरै हिसाबले प्रख्यात छ । यहाँ बनेका घरहरू एकै किसिमको मौलिकतामा आधारित छन् । वरिपरि पहाडले घेरिएको सुन्दर बस्ती मार्फाको अर्को विशेषता हो । छानो आकारका घरहरू यहाँ देख्न पाइदैन् । यहाँ चौडा छत भएका घरहरू मात्र देख्न पाइन्छ । । घरको छतहरू शहरमा जस्तो सिमेन्ट ढलान गरेर बनाइएको हुँदैन । छतमा काठहरू ओछ्याई माथिबाट हिलो माटोले छोपेर बनाइएको छ। यहाँका घरहरूको अझ अर्को विशेषता घरको छानामा दाउराले सजाएर राखिएको छ । जुन मार्फा घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूको चासो र आश्चार्यको विषय बन्ने गरेको छ । मार्फा गाउँको माथि पट्टी गगनचुम्बी पहाड लतमन्न परेर

बसेको छ। समथर भूभागमा रहेको यहाँको सुन्दर बस्तीलाई स्याउको घना बगैंचाले सजाएको छ । गाउँको सबैभन्दा अग्लो स्थानमा सम्तेन छोलिङ गुम्बा छ, जुन मार्फावासीको आस्थाको धरोहर मानिन्छ।

मार्फा अहिले तरकारी उत्पादनको पनि केन्द्र बनेको छ। यहाँ आलु, साग, काउली, टमाटर लगायतका तरकारी मनग्गे उत्पादन हुने गरेको छ। मार्फामा रहेको नेपाल सरकार अन्तर्गतको शितोष्ण बागवानी केन्द्रमा विभिन्न तरकारीहरूको उत्पादनको अलावा गाजर, मुला, बन्दागोभी, काउली लगायतका तरकारीहरूको बीउले गण्डकी प्रदेशको मागलाई धानेको छ। जोमसोम, कोवाङ, घासा, कागबेनी र मुक्तिनाथ तथा उपल्लो मुस्ताङमा समेत यहाँ उत्पादन हुने तरकारी पुग्ने गरेको छ। सिजनमा मार्फामा उत्पादन भएको तरकारी जोमसोमको अलावा म्याग्दीमा समेत पठाउने गरेको छ। अहिले मार्फामा उत्पादन हुने आलुले यहाँको स्याउले जस्तै ब्राण्ड स्थापित गर्न सफल भएको छ। यहाँ घुम्न आउने जो कोही पनि मार्फाको आलु खरिद गर्न मरिहत्ते गर्ने गर्दछन्।

मुस्ताङ घुम्न आउने पर्यटकहरूको पहिलो रोजाई हिन्दू र बौद्ध धर्मावलम्बीहरूको धार्मिक धरोहरको रूपमा रहेको मुक्तिनाथसँग जोडिएको छ। मुस्ताङ घुम्न आउने पर्यटकको रोजाइमा पर्ने मुक्तिनाथ, कागबेनी र लोमान्थान जाने बाटोमै मार्फा पर्छ। काली गण्डकी करिडोरको जोमसोम जाने मुख्य सडक मार्फा गाउँ भन्दा केही तलबाट जाने हुँदा मार्फा पर्यटकीय हिसाबले केही ओझेलमा परेको हो की भन्ने भान हुन्छ। मार्फामा उत्पादित स्याउले ब्राण्ड स्थापित गरेको छ। यहाँको स्याउबाट उत्पादित 'मार्फा' ब्राण्डको ब्राण्डी र वाइन स्वदेशमा मात्र होइन विदेशमा पनि प्रख्यात छ। तर जलवायु परिवर्तनको असर यहाँको स्याउ उत्पादनमा पनि परेको छ। पहिले जस्तो स्याउ उत्पादन हुन छोडेको छ। मार्फा सडक सञ्जालले जोडिएको र मुस्ताङ घुम्न आउने पर्यटकहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको कारण सडकको किनारमा रहेका प्रशस्त स्याउ फल्ने जमिन मासेर अहिले नयाँ शहरीया शैलीका होटेलहरू धमाधम निर्माण भइरहेका छन्। जसले गर्दा यहाँको मौलिकता हराउदै जाने हो कि भन्ने चिन्ता मार्फाली माझ बढ्दो छ।

खास गरि मुस्ताङको मार्फामा २०२३ साल भन्दा अगाडि स्याउ खेती गर्ने प्रचलन थिएन। मुस्ताङ जिल्लाको मार्फा लगायतको स्थानमा स्याउको सम्भाव्यता भएको कारणले गर्दा नै होला २०२२ सालमा तत्कालीन सरकारको पालामा मार्फाको जमिन अधिकरण गरि राखिएको थियो। त्यसै ताका तत्कालीन राजा महेन्द्र विर विक्रम शाहदेव फ्रान्स भ्रमणमा

गएको अवस्थामा नेपालको पूर्व घर भएका एक जना सुब्बा थरका मानिसले मजदुरको रूपमा त्यहाँको वाइन फ्याक्ट्रीमा काम गरेको देखि निजलाई मुस्ताङमा स्याउ उत्पादन गर्ने काममा सहयोग गर्न आव्हान गरे पछि निज तत्कालै फ्रान्सबाट नेपाल आई मुस्ताङको मार्फामा स्याउको विरूवा उत्पादन लगायतको काम गर्न थालेको र पछि २०२३ सालमा कृषि विशेषज्ञ बुद्धिरत्न सेरचन लाई स्याउ खेतीको उत्पादन तथा प्रबर्धनको लागि तत्कालीन सरकारले मार्फामा पठाए पश्चात मार्फामा “स्याउ खेती फर्म” स्थापना गरी स्याउ खेती गर्न थालिएको भन्ने छ। त्यसपछि क्रमश जिल्लाको अन्य स्थानहरूमा पनि यसको खेतीले प्रचारता पाएको हो । यस अर्थमा मार्फा नै मुस्ताङ जिल्लाको स्याउ खेतीको प्रमुख आधार बिन्दू हो भन्दा मिथ्या नहोला।

सामान्यतया मुस्ताङ घुम्न जाने पर्यटकहरूले प्रमुख गन्तव्य भन्दा अन्य स्थानहरूको बारेमा जानकारी नलिई मुख्य गन्तव्यस्थल जाने गरेको कारण पनि मार्फा ओझेलमा परेको हो कि भन्ने अर्थ रहन सक्छ । कहिलेकाहिँ मुक्तिनाथ तथा जोमसोममा पर्यटकले अत्यधिक भरिभराउ हुँदा बास बस्न समेत मुस्किल हुने हुँदा यसको वैकल्पिक वासस्थान मार्फा हुन सक्छ । यसैगरी जोमसोममा कहिलेकाहिँ मौसम प्रतिकूल हुँदा हवाइजहाजको यात्रा गर्ने यात्रुहरूको लागि घुमघामको अवसर मार्फाले जुटाइदिन सक्छ। आन्तरिक पर्यटक सामान्यतया सुनेका गन्तव्यहरूमा मात्र जाने गर्दछन् । यसकारण मुस्ताङ घुम्न जाने पर्यटकहरूले कम्तीमा पनि त्यहाँ रहेका गन्तव्य स्थानहरूको बारेमा पूर्ण जानकारी लिई गएको खण्डमा कम्तिमा पनि मुस्ताङको मुटुको रूपमा रहेको मार्फा जस्ता स्थानहरू ओझेलमा पर्ने थिएनन्। ♦

## मुक्तक



✍ **अरुणबहादुर खत्री ‘नदी’**

जिन्दगीका पानाहरू तिमीसँगै राख्न खोजैं
तिम्रो मायामा डुब्दै आफू रमाउन खोजैं
झट्ट आँखा खोल्दा त मैले आफैंलाई बिर्से
मनको भित्तामा तिम्रै तस्बिर सजाउन खोजे।

नफसूँ भन्दा भन्दै म त फसिहाले हाँसोमा
छोड्न गाह्रो भएर ख्याल ख्यालमै परियो पासोमा
जोस र जागरको बेला होस् सबै गुमाएछु
झसङ्ग भएको छु म त परिएछ अर्काको नासोमा।

किन सुनाउछौ प्रिय सबैलाई मनभित्रको घाउ
फेरि शत्रुहरूको लाग्न सक्छ त्यसैमा दाउ
यो समाजको कति अन्याय सहेर बस्छौं प्रिय
न्याय पाउनको लागि तिमीले अब कलम समाऊ।

संस्मरण

# आमा ब्रह्मलिन हुनु भो



बद्रीप्रसाद ढकाल

शाश्वत सत्य जन्मसँगै मृत्यु रहेको छ । जन्मे पछि अवश्य मर्नु पर्दछ थाहा छ तर मृत्युको पीडा निकै कठिन छ त्यसमाथि मातृशोक सहन निकै गाह्रो । आमासँग रहेको मेरो पछिल्लो जीवनमा अचानक आमाले यहलोक छोडेर जानुहुँदा म शून्य हुन पुगें फेरि ।

**वासांसि जीर्णानी यथा विहाय नवानि गृह्णाति नरोद्रपरणि ।**
**तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥**

स्थूल शरीर जीर्ण भएपछि छोड्नु पर्दछ । सूक्ष्म शरीरले स्थूल शरीरलाई छोडेर अर्थात् स्थूल शरीरको विनासपश्चात् अन्य स्थूल आकारमा प्रवेश गरी पुनः जन्म लिन्छ भन्ने धारणा हिन्दु संस्कृतिमा बनेको छ । सूक्ष्म शरीर तथा यो आत्मा अजर अमर छ । जीवले ८४ लाख स्थूलकाय अर्थात् जुनी फेर्ने कुरा पनि यिनै धर्मशास्त्रमा पाइन्छ ।

स्थूलकायाको नाश अवश्य हुन्छ । जन्म र मृत्युको अटुट सम्बन्ध चेतनशील मानव जातिका स्मरण रहिरहेको छ । यो चेतनशील प्राणी मृत्युलाई विस्मृतितिर पन्छाएर केवल क्षण आनन्दमा रमाइरहन्छ ।

बाबाले महासमाधि लिएकै दिन उर्फ फागुन १२ गते । २०७९ साल फागुन १२ गते ९ वर्ष पछि रातको ११ बजेर ४३ मिनेट भएको थियो । आमालाई अलि गाह्रो भएको अनुभव भयो । मैले नजिकै गएर आमा भनें मलिन स्वरमा हँ को आवाज बिस्तारै बिस्तारै शून्य तर्फ जाँदै थियो र अन्त्यमा दुई चोटि हिक्क हिक्क गर्नु भए सँगै यो सांसारिक दुःखलाई तत्काल बिसाउनु भयो अर्थात् आमा ब्रह्मलिन हुनुभो ।

आमाको कोठामा म, दिदी, दाजु र भाउजू भेला भएका थियौं । बिहीबार अर्थात् फागुन १० गते आमाले मध्यान्ह स्नान गर्नु भयो दिन हल्का चिसै थियो । दिनभर मन्द तातो घाममा बस्नुभयो । साँझ पर्न आँटे पछि अचानक आमालाई दम आउन थाल्यो र क्रमशः हिरिक हिरिक हुन थाले पछि हामी आत्तियौं डा.लाई फोन गर्‍यौं उमेरसँगै देखिएको परिवेशलाई सामान्य मान्दै डक्टरले सान्त्वना दिनुभो र निकै गाह्रो भए म अक्सिजन ठिक पार्छु

राती ल्याउँदा पनि हुन्छ भन्नु भएपछि हामी सबै आमाको नजिकै बस्यौ बेलाबेलामा अलि छटपटि र फेरि स्थिर हुने अवस्था भयो। भोलिपल्ट बिहान फेरि दम कम भयो र सामान्य अवस्थामा फर्किए झैं भएपछि आमालाई झोलिलो खानेकुरा खुवाएर घाममा बस्यौं । आमा ठिक हुनुभो झैं भयो र आमासँगै हामी नजिकै बसिरहेका थियौं। दिनभरिको सामान्य अवस्था पछि आमामा शिथिलपन आयो। दम रोकियो। आमाले दूध र दाल पिउनु भयो र निकै राम्ररी झकाउनु भयो । हामी पनि अब सुत्नुपर्छ भन्दै थियौं । अचेतमै अचानक आमाले मलाई बा लिन आउनु भयो अब म जान्छु भन्दै बर्बराएको सुनें र आमा भनि बोलाएँ वहाँले हँ...भनेको आवाजसँगै दुई चोटी हिक्क हिक्क गरेपछि वहाँ बासँगै जानुभो।

आमासँग म थिएँ । अब आमा रहनु भएन। आमाको भौतिक शरीर मेरै अगाडि लडिरहेको छ । मातृवियोगको असह्य पीडामा पनि साहसका साथ सद्गतको काम गर्नुपर्ने। मध्य रात आमाको भौतिक शरीर सामुन्ने बसेर के गर्ने कसो गर्ने द्विविधासँगै मनमा त्यही कुरा खेलिरहेका थिए।

अघिल्लो दिन मात्र आमासँग राम्ररी कुराकानी गरेर अफिस निस्किएको स्मृतिमा झनझन बलियो बनेर आउन थाल्यो । शनिबार प्रपितामहको श्राद्ध आमाले हविष्यान्नका लागि सोध्नु भएको कुरा उर्फ शुक्रबार मध्यरातमा यी सब बेहोर्नुपर्दा मन कहाँ थाम्न सक्नु। केही बोल्न सकिनँ, प्राणभन्दा पनि प्यारा छोराछोरी माथिको माया ममता स्नेहलाई तिलाञ्जली दिएर आमाले आफ्नो इहलीला समाप्त गर्नुभयो।

मैले व्यथित हुँदै आफ्नो रीतिरिवाज संस्कृति अनुसार गर्नुपर्ने कर्मबाहेक केही गर्न पनि सक्दिनँ अब। यस ब्रह्माण्डमा जन्म लिएर आएपछि आफ्नो नियति भोग्नैपर्ने रहेछ। जिन्दगी भनौं या जीवन भनौं भोग सिद्धिएपछि जानैंपर्ने रहेछ। विद्वान् विदुषीलाई समेत थाहा छैन, पीडामा सहजै रोइदिन्छन् भने चेतनामा अचेत हुँदै जीर्ण शरीरबाट सूक्ष्म शरीरको विभाजन आमालाई कसरी थाहा होला ? उहाँ पनि यस संसारबाट त्यही पर्दाको पछाडि विलीन हुनुभो आखिर शास्त्रमा पनि भनिएकै छ :

**जातस्य हि ध्रुवो मृत्यु ध्रुवंजन्म मृतस्य च।**
**तस्माद्परिहार्येर्थे न त्वं शोचितुमर्हसि ॥**

हुन त जन्मेपछि मृत्यु निश्चित छ। मृत्युपछि जन्म पनि निश्चित छ। त्यसकारण यसमा शोक गरेर केही छैन भन्ने गरिन्छ। आमासँग म नजिक थिएँ। आमासँगै थिए म त्यसैले मैले पो गुमाएँ भन्ने अनुभूति भइरह्यो । आखिर जन्मेपछि मर्नै पर्छ, पुरानो पात झर्ने र नयाँ पात पलाउने

प्रक्रिया हो भनेर सबैले सम्झाउँदा पनि मन थामिएको छैन ।

मातृ स्नेह, मातृवात्सल्य उर्फ आमाको माया भन्ने कुरा अथाह समुद्रजस्तो निर्मल, निराकार भयरहित उठेको छालजस्तो हुँदो रहेछ । मानौं माकुराको जालोमा किराफट्याङ्ग्रा जेलिएजस्तो माया र मोहको लट्टाईमा बेरिएको धागो जस्तै बनेका छौं- त्यही सोचाइमा थिएँ ।

आमाले बोलाएकै आवाज कानमा ठोक्किएर बजे झैं बजिरहन्छ र आमा भन्दै आँसु बगिरहन्छन् तर आमा साथ हुनुहुन्न साथ छ केवल स्मृति र आँसु । अब यो आँसुको के अर्थ होला र ? सम्झन्छु आफूले आफैँलाई धिक्कारेर पनि हिजोको जीवनमा फर्कने त होइन । तर पनि आमाको त्यो कारुणीकता, पवित्रताको कोमल भावना ढुङ्गो बनेको छ एकै क्षणमा ।

सरल जीवनयापन गर्ने स्वावलम्बी मानिसका मृत्युले परिवार, आफन्त, इष्टमित्र र साथीभाइ भावविह्वल हुनु स्वाभाविक हुन्छ । मृतकका स्मरणमा कविता/काव्य लेखिन्छन्, स्मृति पुस्तक छापिन्छन्, चित्र कोरिन्छन्, पाटी पौवा निर्माण गरिन्छन् र चौतारा चिनिन्छन् । कुनै पुस्तकालय, वा गुठी तथा प्रतिष्ठान खोलिन्छ । आमाबाको नाममा खोलिएको अनगिन्ती संस्था छन् । मृत्यु पछिको ।

यतिबेला म गहन चिन्तनमा डुब्छु । आमाको मृत्यु बिझिरहेको छ भित्रै । कति आमाबाहरू सडकमा रोएर बाँचिरहेका छन् । कति आमाबाहरू सकिनसकी काम गरेर अझै दुई छाकको प्रयत्नमा छन् । कति आमाबाहरू अस्पतालमा साहारविहीन ओछ्यान परिरहेका छन् । कति आमाबाहरू वृद्धाश्रममा रगतको आँसु बगाइरहेका छन् र अझ कति हुने खानेका परिवारमा बा आमाको अवस्थाको वर्णन गरी साध्य छैन । म सबै सम्झन्छु ।

आफैं सम्हालिँदै सम्हालिँदै जीवन र मृत्यु सम्बन्धमा चिन्तन गर्न पुग्छु । आफ्नो वेदना समनका लागि श्रीमद्भागवत् गीताको श्रीकृष्णले अर्जुनलाई जन्म हुनेको मृत्यु र मृत्यु हुनेको पुनर्जन्म निश्चित छ भनी सम्झाएको सत्रौ श्लोकको सहारा लिन पुगिएको छ :

**जातस्य हि ध्रुवोर्मृत्यु ध्रुवजन्म मृतस्य च**
**तस्मादपरिहार्यऽर्थे न त्वं शोचितुमर्हसि ॥**

मानिसले बुझ्नु पर्ने सत्य यही हो र बुझेको पनि हुन्छ तर आफ्ना निकटस्थको मृत्युमा क्षणिक शोकले वशीभूत गरी सारा अन्य कुरा बिर्साइदिन्छ । त्यस आवेगलाई जितेर धैर्य धारण गर्न सक्नु नै मानव जीवनको परीक्षामा उत्तीर्ण हुनु हो । मानिसले यही चिन्तनको अनुशरण गरेको पाइन्छ । यसरी हरेक गतिविधिको चित्रणले आफ्नो शोक शक्तिमा बदल्न प्रयास अनुकरणीय छ ।

वर्तमान वैश्विकीकरणको समयमा वैदेशिक रोजगारी, अध्ययन र भ्रमणले कति सन्तान आफ्ना जन्मदाताको मृत्युमा प्रत्यक्ष उपस्थित हुन नसक्दा वेदना र ग्लानिको सामना गर्नुपर्छ । उनको जस्तै गरी घटनाको चित्र आफ्ना मस्तिष्कमा खिच्न सक्ता 'भर्चुअल संसार'ले दिने शान्ति देला कि ! हुन त भिडियो खिचेर शेयर गर्ने प्रचलन बढ्दैछ ।

लेखकको पहिलो दिनदेखि तेह्रौं दिनसम्म चल्ने मृत्युपछिका कर्मको र गरुड पुराणको वर्णनले हाम्रो संस्कार बुझ्न सघाउ पुऱ्याउँछ । यो विश्वासमा संस्कार पालना गर्नुपर्ने देखिन्छ । हरेक दिन मृत वियोगमा कल्पेको र संसार निसार भएको अभिव्यक्ति केही हदसम्म सान्त्वना दिन्छ ।

हरेक व्यक्तिको आमा बासँग बितेको बाल्यावस्था स्मरणले सुखानुभूति ल्याउने गर्छ । म पनि पटकपटक बाआमाको घटना सम्झन्छु । विगतका स्मृति, आफू डुलेको रनवन, बाटाघाटा, विद्यालयको सेरोफेरो र आफ्नो घरको सजीव चित्रले बाल्यकालमा फर्काइदिन्छ । तर आफ्नो विवशता अनि आमाको छहारी गुमेका अवस्था आमाप्रतिको अगाध श्रद्धा र कर्तव्य परायणता अनि संस्कार प्रति विश्वसनियताले आमाप्रति कर्तव्यबोधमा लिन गराउनुको सट्टा केही बाँकी रहँदैन ।

यो संसारको निसारता अनि मानव आत्माको चिन्तन नै यस लेखको मर्म हो । मातृ वियोगको पीडामा फेरि आमालाई सम्झन्छु पटकपटक । आफूभित्रको मातृ अंशले आमालाई बिर्सन दिँदैन । मातृशोकमा आफू फेरि शून्यमा झरेको निकै शिथिल भएको र विस्मृतिको रोगले गाँजेको अनुभूत भइरहँदा आमा ब्रह्मलिन हुनु भएको क्षणले निकै सताइरहन्छ । ◆◆◆

कविता

## एक जवान



✍ **प्र.ज.बिसाल के.सी.**

आउँछ एक जवान रणभूमिबाट फर्केर आउँछ
रगतमा लतपत, दुश्मनलाई जितेर आउँछ ॥

आफूलाई के सम्झेर अहम्ता देखाउछौ ए भाइ
यहाँ हरेक सिपाही मृत्युलाई भेटेर आउँछ ॥

छोरालाई आशिर्वाद दिएर पठाएको युद्ध मैदानमा
एक एक गरि शत्रुको घाँटी रेटेर आउँछ ॥

रित्तो एक्लै आउँछ नसोच्नुस् फौजीलाई
ऊ गोला, बम, बारुत र राइफल बोकेर आउँछ ॥

# नेपालको कृषि विकासमा रूपान्तरण, वैज्ञानिकीकरण तथा आधुनिकीकरणको आवश्यकता तथा महत्व



✍ गम्भीर बहादुर हाडा

सामान्यतया प्रतिव्यक्ति आम्दानी र उपभोगमा वृद्धि हुनुलाई विकास भनेर भन्ने गरिन्छ । तर आर्थिक विकासको निमित्त प्रतिव्यक्ति आम्दानीमा वृद्धि हुनु नै पर्याप्त शर्त भने होइन किनभने आर्थिक विकास भनेको एउटा जटिल तथा दीर्घकालीन प्रक्रिया हो । आर्थिक विकासको निमित्त प्रतिव्यक्ति आम्दानीमा वृद्धिको साथै सामाजिक, संस्थागत र संरचनात्मक कुराहरूमा पनि परिवर्तन हुनु आवश्यक हुन्छ । आर्थिक विकास मानिसले मानिसकै लागि गर्ने भएकोले यो मानव कल्याणसँग सम्बन्धित हुनुपर्दछ । प्रतिव्यक्ति आम्दानीका साथै जनताहरूको जीवनस्तरमा भएको वृद्धि, उत्पादनको संरचना तथा साधनहरूको वितरणमा संरचनागत परिवर्तनहरू, बचत र पूँजी निर्माणको दरमा भएको वृद्धि, देशमा उपलब्ध स्रोत साधनहरूको समूचित विकास र प्रयोग, विज्ञान र प्रविधिमा हुने विकास आदि जस्ता महत्वपूर्ण विषयहरू पनि आर्थिक विकासको मापदण्ड र सूचकहरू हुन् । यसको साथसाथै गरिबी निवारण, रोजगारीको अवसरहरूमा वृद्धि, समाजमा आय तथा धन सम्पत्तिको न्यायोचित वितरण, मानिसका आधारभूत आवश्यकताहरूको पूर्ति, मानव जीवनको भौतिक गुण, परिसूचकहरूमा हुने सुधार, मानव विकास परिसूचक र मानव गरिबी सूचकमा भएको सुधार आदि आर्थिक विकासका राम्रा परिसूचकहरू हुन् । आर्थिक विकासका परिसूचकहरूलाई आम्दानी परिसूचक र गैर आम्दानी परिसूचक गरी विभाजन गरी अध्ययन गर्न पनि सकिन्छ ।

नेपालको अर्थतन्त्र मूलतः कृषिमा आधारित छ । नेपालका अधिकांश मानिसहरू कृषिमा आश्रित छन् । कृषि नै एकमात्र व्यवसाय भएका कारण ग्रामीण विकासका सन्दर्भमा चर्चा गर्दा कृषिको चर्चा गर्नु अनिवार्य हुन्छ । वास्तवमा भन्ने हो भने नेपालका सन्दर्भमा ग्रामीण विकास भन्नु नै कृषि क्षेत्रको विकास हो । मानिसहरूको निरन्तर संलग्नता, रोजगारीका अन्य विकल्पहरूको अभाव,

औद्योगिकीकरणको अभाव आदिको कारणले कृषिको महत्वपूर्ण तथा सर्वोपरी स्थान रहेको छ। ग्रामीण क्षेत्रमा ६५ प्रतिशत मानिसहरू बसोबास गर्दछन् । अधिकांश ग्रामीण क्षेत्रका मानिसहरू कृषि व्यवसायमा आश्रित रहेका सन्दर्भमा ग्रामीण विकास तथा ग्रामीण क्षेत्रका बासिन्दाको उन्नति कृषि क्षेत्रको उन्नति तथा समुन्नतिमा निर्भर छ । कृषि नेपालीको आर्थिक आधारमात्र नभई सामाजिक संरचनाको निर्धारक समेत रहेको छ। नेपालको कृषि मूलतः निर्वाहमूखी छ । यसमा मूलतः खाद्यवस्तुको उत्पादनलाई बढी जोड दिइन्छ । उत्पादन प्रक्रिया सामान्य र परम्परागत तरिकाको हुन्छ। नाफा कमाउने भन्दा बढी जीविकोपार्जनका लागि गरिन्छ। कृषि उत्पादनका क्रियाकलापहरू सामान्यतः श्रमप्रधान हुन्छन् । यसका विपरीत व्यावसायिक खेती प्रणाली ग्रामीण उत्पादनको विकसित रूपमा रहेको हुन्छ।

उत्पादकहरू जीविकालाई भन्दा पनि नाफालाई प्रधानता दिन्छन्। कृषिलाई एउटा व्यवसायको रूपमा अपनाएर त्यसबाट पूँजी निर्माण गर्दछन्। उत्पादनका लागि आधुनिक उपकरण, मेसिन आदिको उपयोग गर्दछन् । यो मुनाफा केन्द्रित खेती प्रणाली हो। नेपालमा अधिकांश परम्परागत खेतीपाती गरिन्छ जसको कारणबाट ग्रामीण जनताको जीवनस्तरमा सुधार आउन सकेको छैन। त्यसकारण नेपालको ग्रामीण विकासको कुरा गर्दा कृषि क्षेत्रको आमूल परिवर्तन वा आधुनिकीकरण आवश्यक हुन्छ। ग्रामीण विकास र कृषि विकासको एक-आपसमा महत्वपूर्ण सम्बन्ध स्थापित भएको छ । कृषि विकास बिना ग्रामीण विकास परिकल्पना गर्न सकिँदैन। नेपालका ग्रामीण विकास तथा मानिसको समष्टिगत जीवनस्तरमा सुधार ल्याउनका लागि यसले ठूलो स्थान ओगट्ने कुरामा दुईमत छैन । फेरि कृषिसँग एकीकृत गरेर अन्य सामाजिक सुधारका कार्यक्रमहरू अघि बढाउन सकिने अवस्था पनि विद्यमान छ। यसैले हरेक विकास योजनामा कृषिलाई उच्च प्राथमिकता दिइनु जरुरी छ।

आधुनिकीकरणका विविध पक्षहरूमध्ये भौतिक पक्ष (Materialistic aspect) पनि एक हो । कृषिको औद्योगिकीकरण यसैमा पर्दछ। वास्तवमा नेपालको सन्दर्भमा कृषिको औद्योगिकीकरण नगरेसम्म ग्रामीण क्षेत्रमा परिवर्तन ल्याउन कठिन नै पर्दछ। यसको उदाहरण नेपालको पचास वर्षको योजनाबद्ध विकासलाई लिन सकिन्छ । नेपालको उपलब्ध प्राकृतिक श्रोत साधनको पृष्ठभूमिमा दिगो आर्थिक विकास तथा मजबुत ग्रामीण अर्थतन्त्रद्वारा गरिबी निवारण गर्ने बलियो आधार कृषि क्षेत्र नै हो । प्रविधिको प्रयोग न्यून रहेको विद्यमान अवस्थाबाट माथि उठाउन

प्रविधिको व्यापक प्रयोग गराई प्रति इकाइ उत्पादकत्वमा वृद्धि ल्याउन र उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउन नसकिएसम्म कृषि विकासले गति लिन नसक्ने हुन्छ ।

कृषिको व्यवसायीकरणमा निजी क्षेत्रको लगानीलाई पर्याप्त रूपमा आकर्षित गर्न नसक्नु, रासायनिक मलको पर्याप्त व्यवस्था नहुनु, कृषि व्यवसायीकरणको निमित्त पकेट विकास आशानुरूप हुन नसक्नु र निकासी केन्द्रविन्दुहरूको विकास नहुनु, कृषि सडक निर्माणमा आवश्यक लगानी हुन नसक्नु, स्थानीय उत्पादनमा व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि नहुनु, व्यवसायिक पशुपालनले प्राथमिकता प्राप्त कृषि उद्योगको दर्जा नपाउनु चुनौती देखिएको छ। हुनत ग्रामीण विकास कृषिको औद्योगिकीकरणजस्ता भौतिक पक्षको मात्र प्रगति र प्रबर्द्धन मात्र होइन । सांस्कृतिक रूपान्तरण र उन्नति पनि हो। तर जति नै मात्रामा गैर भौतिक पक्षको विकास भए तापनि भौतिक विकास बिनाको विकासले वास्तविक रूपमा ग्रामीण जनताको जीवनस्तरमा रूपान्तरण र उन्नति हुन सक्दैन।

शुल्जले परम्परागत कृषि रूपान्तरणको सिद्धान्त प्रतिपादन गरी विकासका विभिन्न सिद्धान्तहरूको विकासक्रममा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। यस सिद्धान्तको अझ बढी महत्व भने कृषि क्षेत्रमा नै देखापरेको छ। परम्परागत कृषिलाई आधुनिकतातर्फ रूपान्तरण गर्ने प्रक्रिया सजिलो त छैन तर पनि रूपान्तरण प्रक्रियाका विभिन्न सम्भावनालाई शुल्जले प्रस्टूयाउने प्रयास गरेका छन् । यदि पुरानो तथा परम्परागत उत्पादन तरिकाबाट कृषि उत्पादनलाई निरन्तरता दिने हो भने भूमि जतिसुकै उर्वर भए पनि जनशक्तिले अन्तिम प्रयास वा कडा परिश्रम गरे पनि उत्पादनमा वृद्धि हुन सक्दैन तर विज्ञान र प्रविधिलाई अवलम्बन गर्ने हो भने माटो उर्वर नभए पनि र मानिसहरू श्रमप्रति समर्पित नदेखिए पनि उत्पादनमा वृद्धि आउँछ भन्ने धारणा यस नमूनाले प्रस्तुत गरेको छ। वास्तवमा परम्परागत कृषि संरचनामा पुस्ताहरूले प्रयोग गर्दै आएको उत्पादन फर्म समावेश भएको हुन्छ । अनि परम्परागत कृषिमा आश्रित राज्यहरू गरिब हुन्छन् र तिनीहरूले आम्दानीको अधिकतम अंश खाद्यान्नका लागि खर्च गर्दछन् ।

जुन देशको कृषि क्षेत्र विकसित हुन्छ त्यहाँको कृषि उत्पादन तीव्र दरमा हुन्छ । जनताको आँत बलियो हुन्छ । आम्दानीको थोरै भागमात्र खाद्यान्नका लागि खर्च गरिन्छ । यसरी कमजोर, जर्जर वा मितव्ययी अवस्थामा रहेको परम्परागत कृषिलाई कसरी उच्च आर्थिक फाइदा प्राप्त हुने क्षेत्रमा परिणत गर्न सकिन्छ भन्ने कुरालाई यस मोडेलले

प्रकाश परेको छ ।

परम्परागत कृषि रूपान्तरणको आधारभूत समस्या भनेको लगानी समस्या हो । तर लगानीको आपूर्ति गम्भीर समस्याको रूपमा देखा परेको छैन कृषि लगानीको स्वरूपमा निर्धारण गर्ने प्रक्रिया वास्तविक र केन्द्रीय समस्याका रूपमा देखा परेको छ । यसका साथै कतिपय राष्ट्रहरू कृषि क्षेत्रलाई तुलनात्मक रूपले ध्यान नदिइकनै औद्योगिक प्रणालीमा रूपान्तरण भए पनि आर्थिक वृद्धिमा आधुनिक कृषि क्षेत्रले खेल्ने भूमिकालाई सहजै नकार्न सकिँदैन । **परम्परागत कृषिका विशेषताहरू यस प्रकार छन् :**

१) फर्म जीवनको माध्यम हो जुन स्थापित परम्परामा आधारित हुन्छ । परम्परागत कृषिलाई जनताको जीवनयापन गर्ने माध्यमका रूपमा सांस्कृतिक चित्रण गरिएको हुन्छ ।

२) संस्थागत संरचनाले भूमिको कानूनी वैधताको स्वामित्व र कृषि उत्पादनमा घरायसी उपभोगको हिस्सालाई झल्काउँछ र वितरण गर्दछ ।

शुल्जले यी विशेषताहरूलाई खासै ध्यान दिएका छैनन् । यी विशेषताहरूलाई आर्थिक विशेषताका रूपमा लिन्छन् जसलाई विशेष किसिमको वा निश्चित सांस्कृतिक मूल्यहरूसँग सम्बन्धित कार्य, मितव्यीता र जीवनस्तरमा सुधार गर्ने उत्प्रेरणा आदिका सन्दर्भमा व्याख्या गर्न सकिन्छ । वास्तवमा परम्परागत कृषिलाई सापेक्ष आर्थिक वृद्धिका रूपमा परिवर्तन गर्न सकिन्छ । यो विशेष किसिमको सन्तुलन हो जुन लामो समयपछि देखा पर्दछ । उत्पादनका नयाँ इकाइहरू पनि समावेश भएका हुन्छन् । यही समयमा उत्पादनका नयाँ साधन वा इकाइहरूले केही समस्याहरूको सामना गर्नु पर्दछ । तर यतिबेला उत्पादनमा वृद्धिभन्दा पनि ग्रामीण जनताका मूल्यमान्यताले उच्चस्थान लिएका हुन्छन् । जनता कडा परिश्रम विरलै गर्दछन् र अतिरिक्त कार्यबाट पनि प्रतिफल प्राप्त हुन्छ ।

परम्परागत कृषिले आधुनिक कृषि प्रणालीमा उत्पादनका नयाँ इकाइहरूलाई स्वीकार गर्दछ । अनि यहाँ फाइदाको दर र समुचित वितरणको पनि उल्लेखनीय महत्व रहन्छ । शुल्जका अनुसार सबै गरिब कृषि समुदायहरूमा परम्परागत कृषिका समान आर्थिक विशेषताहरू हुँदैनन् । यस्ता समुदायहरूमा मानिसहरूको आर्थिक सूक्ष्म दृष्टि सामान्यतः उपयुक्त हुँदैन किनकि तिनीहरूको आफूसँग रहेका इकाइहरूको दुरूप्रयोग गर्दछन् । तिनीहरूले आम्दानीको थोरै र कममात्र वचत र लगानी गर्दछन् । यसका साथै मूल्यमा परिवर्तन र प्रत्येक चरणमा आर्थिक उत्प्रेरणा गर्नुपर्ने कुरालाई ध्यान दिँदैन र महत्वका साथ लिदैनन् । परम्परागत कृषि समुदायको विचार राम्रो

वा ठिक नभएको दृष्टि तयार गरिन्छ तर यही समयमा गरिब समुदायहरू (poor communities) मा कृषि उत्पादन गर्ने वा फर्मलाई व्यवस्थित गर्ने अनुभव हुँदैन । महत्वपूर्ण विकल्पहरू हुँदैनन् । कुनै किसिमको परिस्थिति अन्तर्गत रहेको परम्परागत कृषि समुदाय गरिब हुन्छ किनकि यस अर्थव्यवस्थाको विभिन्न इकाइहरू परनिर्भर हुन्छन् । प्रशस्त मात्रामा उत्पादन गर्न सक्दैनन् । यस्ता समुदायहरूमा देखा परेको गरिबी उत्पादनका इकाइहरूको अनुपयुक्त वितरणको परिणामका रूपमा भने देखिएको हुँदैन ।

शुल्जले मानव पूँजीमा लगानी गर्नुपर्ने कुरालाई जोड दिएका छन् । यो किसानहरूको सीप र ज्ञान संलग्न रहेको आधुनिक तत्व वा इकाइहरूलाई कसरी उपयुक्त ढंगले प्रयोग गर्न सकिन्छ भन्ने एउटा सिकाइ हो । तर मानव पूँजीको लगानीमा सामाजिक तथा आर्थिक उपयोगिताहरू रहेका हुन्छन् । त्यस्तो अवस्था प्राप्त गर्न तीन वटा माध्यमहरू रहेका छन् । ती हुन :-

१) अनुभवबाट सिक्ने (Learning from experience)

२) कार्य प्रशिक्षण (On the job training)

३) विद्यालय जाने (Schooling)

मानिसहरूले युवा अवस्थामा धेरै कुराहरू सिक्दछन् । युवा अवस्थाको उमेरमा नै नयाँ सीपहरू हासिल गर्दछन् र विद्यालयको गुणस्तरीय शिक्षाद्वारा परम्परागत दृष्टिका विरुद्धमा नयाँ विचारहरू मापन गर्दछन् र झल्काउँछन् पनि । नयाँ ज्ञानद्वारा परम्परागत मूल्यमान्यताका पक्षमा वा विरुद्धमा आफ्नो धारणा तय गर्दछन् । कृषि परिवारमा बाहिरबाट नयाँ ज्ञान र सीपहरू आयात गर्नु पनि उपयुक्त ठहर्छ । यसप्रकार मानव पूँजीमा लगानी गर्ने सबैभन्दा राम्रो स्वरूप शिक्षा हो । वास्तवमा आधुनिक कृषिका कुनै पनि कार्यक्रमहरूको शुरुबाट कृषि निवेश वा सामाग्रीहरूको साथ हुनु पर्दछ । यस्ता सामग्री र मानव एजेन्टहरूको अभिन्न इकाइहरूका रूपमा रहेका हुन्छन् । वास्तवमा शिक्षामा उपयुक्त ढंगले लगानी गर्न सकेमा मात्र परम्परागत कृषिलाई आधुनिक व्यवसायमा रूपान्तरण गर्न सकिन्छ ।

कृषकको लागत सुरक्षा तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य सुनिश्चित गराउने उद्देश्यले धान, गहुँ, दूध र उखुमा सरकारले न्यूनतम समर्थन मूल्य तोक्दै आएको छ । पछिल्ला वर्षमा प्राकृतिक विपद् तथा अन्य विपद्जन्य घटनाबाट हुनसक्ने क्षति न्यूनीकरण गरी कृषकको लगानी सुरक्षाको प्रत्याभूतिका लागि कृषि तथा पशुपन्छी बिमा लगायतका व्यवस्था कार्यान्वयन गरिएको छ । बैङ्क तथा वित्तीय संस्थाबाट

कृषि क्षेत्रमा प्रवाह हुने कर्जा समेत बढ्दै गएको छ । कृषि क्षेत्रलाई थप आकर्षित बनाई यस क्षेत्रको व्यवसायिकरण र आधुनिकीकरण गर्नको लागि अन्य प्रमुख कृषि उपजमा समेत न्यूनतम समर्थन मूल्य लागू गर्दै जानुपर्ने देखिन्छ।

दक्षिण एसियाली राष्ट्रमध्ये भुटानपछि सबैभन्दा बढी वन क्षेत्र नेपालको रहेको छ। झाडी तथा बुट्यान क्षेत्र समेत गरी नेपालको वन क्षेत्र कुल क्षेत्रफलको ४५.३१ प्रतिशत पुगेको छ। समग्र वातावरण तथा पारिस्थितिकीय पद्धतिमा कुनै खलल नपर्ने गरी विद्यमान वन सम्पदाको महत्तम उपयोग गरी राष्ट्रिय आय र उत्पादनमूलक रोजगारी वृद्धि गर्न क्षेत्रगत नीति केन्द्रित हुनुपर्ने देखिन्छ । आन्तरिक बसाइसराइ व्यवस्थापन र वैज्ञानिक भूउपयोग नीतिको अभावमा विशेषगरी तराई तथा सहरी क्षेत्रमा कृषियोग्य भूमि खण्डिकृत हुने तथा आवास निर्माण प्रयोजनका लागि उपयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ । वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा निरन्तर वृद्धि हुँदै गएसँगै कृषि श्रमिकको अभावमा हिमाली एवम् पहाडी क्षेत्रमा जग्गा बाँझो हुँदै गएको छ । जग्गा बाँझो रहन नदिन भूमि बैङ्कको अवधारणालाई कार्यान्वयनमा ल्याउने र जग्गाको बढ्दो खण्डिकरणलाई निरूत्साहित गर्न तीन तहका सरकारको बीचमा नीतिगत समन्वय हुनुपर्ने देखिन्छ।

त्यसैगरी कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या पनि घट्दै गएको छ । सन् २०१८ मा भएको श्रमशक्ति सर्वेक्षण अनुसार कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या ६०.४ प्रतिशत रहेकोमा सन् २०२१ मा भएको श्रमशक्ति सर्वेक्षण अनुसार यस्तो जनसङ्ख्या ५०.४ प्रतिशत रहेको छ।

नीति अनुसन्धान प्रतिष्ठानले सार्वजनिक गरेको प्रतिवेदनअनुसार खाद्य तथा अन्य बाली, तरकारी, फलफूल र मसलाको उत्पादनमा आएको कमीले जीडीपीमा कृषि क्षेत्रको हिस्सा घट्दै गएको हो। यी खाद्य उत्पादन हुने क्षेत्रफलमा कमी आएकाले उत्पादन घटेको प्रतिवेदनमा उल्लेख छ। राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को पहिलो छ महिनाको प्रतिवेदनअनुसार पनि खाद्य, तर कारी, फलफूल र मसला उत्पादनमा प्रयोग हुने जमिनको कुल क्षेत्रफल दुई दशमलव एक प्रतिशतले घटेको उल्लेख छ।

अघिल्लो वर्षको सोही अवधिमा सो क्षेत्रफल दुई प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल दुई दशमलव एक प्रतिशतले घटेको छ। गत वर्ष सो क्षेत्रफल नगन्य प्रतिशतले घटेको थियो। समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै ३० दशमलव दुई प्रतिशत

रहेको छ । साथै प्रमुख खाद्य बालीमध्ये मकैको क्षेत्रफल २० दशमलव आठ प्रतिशत र गहुँको क्षेत्रफल १४ दशमलव नौ प्रतिशत, कोदोको क्षेत्रफल पाँच दशमलव आठ प्रतिशत र जौको क्षेत्रफल शून्य दशमलव पाँच प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल पाँच दशमलव नौ प्रतिशतले घटेकोमा बागबानीले ढाकेको क्षेत्रफल शून्य दशमलव छ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा सो बालीले ढाकेको क्षेत्रफल क्रमशः शून्य दशमलव पाँच प्रतिशत र एक प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल एक दशमलव दुई प्रतिशतले बढेको र मसलाले ढाकेको क्षेत्रफल दुई दशमलव चार प्रतिशतले घटेको छ भने गत वर्षको सोही अवधिमा ती बालीले ढाकेको क्षेत्रफल एक दशमलव एक प्रतिशतले बढेको थियो ।

**कृषि विकासको क्षेत्रमा आधुनिकीकरण तथा वैज्ञानिकीकरण गर्न देखा परेका समस्या तथा चुनौतीहरू:**

१) प्राकृतिक कारण (Natural Challenges)

- मनसुनमा निर्भरता (Dependence on monsoon),
- बालीनालीमा रोगको प्रकोप (Attack of crop-diseases),
- कम उब्जाउ जमिनमा खेती (Cultivation on low fertile land),
- भू-क्षय (Soil-erosion),
- बाढी-पहिरो (Land slides),
- खडेरी
- मलिलो माटोको अभाव (Lack of fertile land),
- प्रतिकूल हावापानी (Unfavourable climate),

२) प्राविधिक समस्या (Technological Challenges)

- सिँचाइको समस्या (Problem of irrigation),
- उन्नत बीउविजन तथा रासायनिक मलको अभाव (Lack of improved seeds, chemical fertilizer),
- अवैज्ञानिक उपकरणको उपयोग (Un-scientific methods of cultivation),
- यातायातको समस्या (Problems of Transportation),
- सूचना तथा कृषक तालिमको अभाव (Lack of information and farmers training),
- पर्याप्त नीति तथा कार्यक्रमको अभाव (Lack of policy),

३) **संगठनात्मक समस्याहरू (Organi zational challenges)**

- जमिनको खण्डीकरण (Fragmentation of land),

- ♦ अवैज्ञानिक/विभेदपूर्ण भूमि वितरण (Unscientific/Discromonation),
- ♦ पूँजीको अभाव (Lack of capital),
- ♦ किसानको गरिबी तथा ऋणग्रस्तता (Poverty and indebtedness of the farmer),
- ♦ कृषि बजारको अभाव (Problems of agricultural marketing),
- ♦ अशिक्षा (Illeteracy),
- ♦ अन्धविश्वास (Seperstition)
- ♦ परिवर्तन हुन नचाहने परिपाटी (Registence to change),
- ♦ भण्डारणको अभाव (Lack of storage),
- ♦ किसानहरूको कार्यक्षमताको कमी (Ineficiency of farmers)।

नेपालमा सर्वप्रथम कृषि क्षेत्रलाई रूपान्तरणको लागि भूमिको उत्पादकत्वमा वृद्धि गर्नुपर्दछ । भूमिको क्षेत्रफलमा हुने वृद्धिका कारण बढ्ने उत्पादनले सकारात्मक असर पार्दैन किनकि सीमित मात्रै भूमि भएको अवस्थामा त्यो दिगो र प्रभावशाली रहँदैन । बरु, हाल भएकै जमिनहरू जो सीमित सामन्ती वर्गहरूसँग छन् जसका कारण त्यसलाई प्रभावकारी ढंगले प्रयोग गर्न सकिएको छैन यदि त्यो जमिन वास्तविक किसानलाई पुनर्वितरण गरी आवश्यक लगानी र प्रविधिको विकास गर्न सके उत्पादकत्वमा वृद्धि ल्याउन सकिन्छ । त्यस्तै कृषिमा काम गर्ने श्रमिकको पनि उत्पादकत्व बढाउन जरुरी छ जसका लागि अदृश्य बेरोजगारका रूपमा कृषि क्षेत्रमा रहेका व्यक्तिलाई अन्य क्षेत्रतर्फ विस्थापन गर्ने तथा आवश्यक श्रमिकलाई गुणात्मक तवरले योग्य बनाइ तिनको उत्पादकत्वमा वृद्धि गर्न जरुरी छ ।

कृषि क्षेत्रले देशको कुल गार्हस्थ उत्पादकत्वको करिब ४०% स्थान ओगटछ् र ८१% जनसंख्या कृषि पेशामा संलग्न छन् । कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनको करिब एक तिहाई योगदान पशुपालनको दुई तिहाई भाग ओगट्छ जसअनुसार दुध उत्पादनले देशको कुल गार्हस्थ उत्पादनको करिब ८% भाग ओगट्छ । दीर्घकालिन कृषि विकास योजनाअनुसार कृषि क्षेत्रको उत्पादकत्व सरदर वार्षिक वृद्धिदर ५% हुने लक्ष्य राखिएको छ । यसमा पनि पशुपालन क्षेत्रमा प्रथम १० वर्षमा ५.५% वार्षिक वृद्धिदर कायम गरिएको छ । नेपालमा पशुपंक्षी पालन व्यवसायको प्रशस्त सम्भावनालाई मध्यनजर राखी दीर्घकालीन विकास योजनाले यसलाई प्राथमिकतायुक्त क्षेत्रको रूपमा पहिचान गरी योजनाको अन्त्यमा पशु सेवा क्षेत्रको योगदान कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनको ४५% पुऱ्याउने लक्ष्य छ ।

नेपालको आर्थिक विकासमा घरेलु तथा साना उद्योगको महत्वपूर्ण

भूमिका रहेको छ। ग्रामीण क्षेत्रमा स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थानीय जनताको रोजगारीको अवसर बढाउन यस क्षेत्रको विकास हुन आवश्यक छ। यस क्षेत्रले रोजगारीको करिब ८२% र कुल निर्यातको ६५% हिस्सा ओगटेको हुन्छ। संख्यात्मक हिसाबले घरेलु र साना उद्योगको हिस्सा कुल उद्योगमा ९५% भन्दा बढी रहेको छ। ग्रामीण आर्थिक संरचना भएको हाम्रो जस्तो मुलुकमा घरेलु र साना उद्योगको विकास एवं विस्तारबाट उत्पादन आधारलाई विविधीकरण गरी ग्रामीण क्षेत्रमा व्यापक रुपमा गैर कृषि रोजगारी सिर्जना गर्न सकिने कुरा निर्विवाद छ। देशको आर्थिक विकासमा यद्यपि कृषि क्षेत्रको योगदान अग्रणी नै छ। कृषिमा आधारित अर्थतन्त्रलाई परिवर्तन गर्न उद्योग क्षेत्रको विकास अपरिहार्य रहेको छ। हाम्रो जस्तो भूपहाडी धरातल भएको मुलुकमा ग्रामीण क्षेत्रमा संचालन गर्न सकिने उद्योग घरेलु र साना उद्योग नै हुन्। ठूला उद्योगको लागि आवश्यक पूर्वाधार कमी तथा ठुलो लगानीको आवश्यकता पर्ने हुँदा ग्रामीण क्षेत्रमा यस्ता उद्योग खोल्न सक्ने सम्भावना देखिदैन। औद्योगिक विकासका लागि प्रमुख आधार भौतिक पूर्वाधार हो। पहाडी भौतिक पूर्वाधार नपुगेको वा अपर्याप्त रहेका क्षेत्रमा ठुला उद्योगको विकास गर्न नसकिए तापनि स्थानीय माग र आवश्यकता अनुसार स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योग व्यवसाय संचालन गर्न सकिन्छ। नेपालको कुल श्रम शक्तिको ४.९% बेरोजगारी र ४७% अर्धबेरोजगार रहेको वर्तमान अवस्थामा उत्पादनशील रोजगारीको अवसर बढाउन गैर कृषि क्षेत्रका प्रमुख भूमिका रहेको छ। ग्रामीण विकासका लागि कृषि विकास अपरिहार्य भएकाले कृषि क्षेत्रका समस्याहरूका बारेमा ध्यान दिनु जरुरी छ। माथि उल्लेख गरिएका तमाम समस्याहरूलाई सम्बोधन नगरिएसम्म कृषि विकास सम्भव छैन। यसकारण कृषि क्षेत्रका समस्या समाधानहरू यसप्रकार उल्लेख गर्न सकिन्छ :

- ◆ सिँचाइको विकास (Development of irrigation),
- ◆ उन्नत बीउ तथा मलको व्यवस्था (Provision of improved seeds and fertilizer),
- ◆ माटोको संरक्षण (Protection of soil),
- ◆ पशुधनको सुधार (Improved of livestock),
- ◆ चक्लाबन्दी खेतीलाई सुधार (Promotion of casolidated farming),
- ◆ वैज्ञानिक खेती (Scientific cultivation),
- ◆ क्रान्तिकारी भूमिसुधार (Radical land reform),

- ♦ ऋण सुविधा (Credit facility),
- ♦ भूमिको पुनः वितरण (Redistribution of land),
- ♦ कृषिमा व्यवसायिकरण (Professi onalization of agriculture),

कृषकहरूको सोचाइमा गुणात्मक परिवर्तनको लागि आवश्यक शिक्षा तथा तालिमको व्यवस्था गर्ने र स्थानीय तहमा कृषि क्षेत्रलाई सहयोग पुग्ने गरी साना कृषि उद्योगको विकास गर्नुको साथै कृषिलाई जीवननिर्वाह प्रणालीबाट व्यवसायिक बनाउन र विकेन्द्रित ग्रामीण योजना बनाई कार्यान्वयन गर्नु अति आवश्यक र हन आएको छ । उत्पादनको वृद्धिका नाममा खाद्यान्न क्षेत्र वृद्धि गर्नका लागि अनावश्यक रूपमा जंगल फँडानी तथा कमजोर जमिन उपयोग गरिएमा त्यसले विभिन्न प्राकृतिक प्रकोप तथा वातावरणीय समस्यालाई समेत निम्त्याउने भएकाले त्यस सन्दर्भमा उचित उपाय अवलम्बन गर्नुपर्दछ । सिँचाइ प्रणालीको विकास गर्दा तथा त्यसको कार्यान्वयन गर्दा माथिबाट सञ्चालन गर्ने तथा सरकारबाट सञ्चालित भएमा त्यसको कार्यान्वयन र रेखदेखमा बेवास्ता गरिन्छ । जसका कारण सिँचाइ प्रणाली प्रभावकारी हुँदैन । त्यसैले सिँचाइलाई जनताबाटै सञ्चालित गराएमा तीनमा अपनत्वको भावना जागृत भई प्रभावकारी ढंगले उपयोग गर्न सक्छन् ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यअनुसार यस आर्थिक वर्षमा खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा भन्ने नाराका साथ हरेक स्थानीय तहमा कृषि एवं पशुपन्छी विषयका स्नातक जनशक्ति व्यवस्थापन गर्न रु.४७ करोड विनियोजन गरिएको छ। यसबाट किसानले खेतबारीमा नै प्राविधिक सेवा प्राप्त गर्न सक्ने विश्वास लिइएको छ । धान र आलुमा आत्मनिर्भर हुन एक सय स्थानीय तहमा धान र आलु खेती विस्तार गरिनुका साथै हाइब्रिड जातको धानको विकास र चैते धान खेतीको विस्तार गर्न उत्पादनमा आधारित अनुदान उपलब्ध गराइने नीति लिइएको छ।

प्राङ्गारिक कृषि उत्पादन र उपयोगलाई प्रवर्धन गर्न कार्यक्रम सञ्चालन गरिनुका साथै प्राङ्गारिक र प्राकृतिक खेती गर्ने किसानलाई उत्पादनमा अनुदान दिने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ। प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरण तथा ब्राण्ड प्रबर्द्धन गरी बजारीकरणमा सहयोग गर्नुका साथै निर्यात गर्न प्रोत्साहन गरिने नीति लिइएको छ । समुदायस्तरमा प्राङ्गारिक तथा गड्यौंले मल उत्पादन गर्न सहयोग गरिने कार्यक्रम राखिएको छ। मल तथा किटनाशक विषादीको प्रयोग बिना नै गरिने प्राकृतिक खेतीलाई प्रबर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनुका साथै सरकारी

कृषि फार्ममा नमुनाको रुपमा प्राकृतिक खेती शुरुवात गरिनुका साथै यसबाट माटोको प्राकृतिक उर्वरा शक्ति ह्रास नहुने, गुमेको उर्वराशक्ति पुनः प्राप्त हुने र न्यून उत्पादन लागतमा स्वस्थ कृषि उपज प्राप्त हुने विश्वास लिइएको छ।

वर्तमान पन्ध्रौं पञ्चवर्षिय योजना (२०७६–२०८१)मा कृषि विकास कार्यक्रम अन्तर्गत खाद्य तथा पोषण सुरक्षा तथा खाद्य सम्प्रभूता सहितको दिगो प्रतिस्पर्धी एवं समृद्ध कृषि अर्थतन्त्र बनाउने सोच राखिएको छ । त्यस्तै प्रतिस्पर्धी जलवायु अनुकूल आत्मनिर्भर एवं निर्यातमूखी उद्योगको रूपमा कृषि क्षेत्रलाई रूपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ। यसको साथसाथै कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु, कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी तथा आम्दानी वृद्धि गर्नु, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्ने आदि जस्ता उद्देश्यहरू राखिएको पाइन्छ।

देशको करिब दुई तिहाइ जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि कृषि क्षेत्रमा निर्भर रहेको भए तापनि कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइमात्र रहेको छ। साना किसानहरूको बढी संलग्नता रहेको र निर्वाहमुखी कृषि प्रणालीबाट गुज्रिरहेको तथा कृषिमा व्यापक रूपमा व्यावसायीकरण एवम् विविधीकरण हुन नसकेकोले यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहेको छ। नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको सन्दर्भमा प्राकृतिक तथा अन्य सङ्कटका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थासमेतलाई मध्यनजर गर्दै उत्पादनमा आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपरेको छ। देशको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बीउबिजन र प्रविधि, स्रोत साधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र राष्ट्रिय आवश्यकता तथा नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका सन्धि, सम्झौता, प्रतिबद्धता, दिगो विकास लक्ष्य, राष्ट्रिय नीतिहरूमा गरेका प्रतिबद्धतालाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु पनि त्यत्तिकै जरुरी छ।

सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई सम्मानजनक बनाई आय तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार

सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ। बढ्दो जनसङ्ख्याको खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति विपरीत नेपालमा हरेक वर्ष कृषिजन्य वस्तुहरूको आयात बढ्दो छ। वैदेशिक रोजगारीका लागि युवा जनशक्तिको पलायन, कृषि सामग्री आपूर्तिको दूरूह स्थिति, माटोको उत्पादकत्वमा ह्रास, कृषिमा यान्त्रिकीकरणको अभाव, कृषकहरूको बढ्दो लागत, आयातीत सामग्रीहरूसँगको प्रतिस्पर्धा, कृषि भूमिको अत्यधिक खण्डीकरण र भूउपयोग परिवर्तन, जलवायु परिवर्तनका कारण मौसमी फेरबदललगायतका कारणले परम्परागत कृषि प्रणाली असफलताउन्मुख रहेकाले आगामी समयका लागि व्यावसायिक कृषिको प्रभावकारी योजनासहित कार्यक्रमहरूको परिणाममुखी कार्यान्वयनको टड्कारो आवश्यकता छ।

सर्वप्रथम कृषि क्षेत्रलाई रूपान्तरणको लागि भूमिको उत्पादकत्वमा वृद्धि गर्नुपर्दछ । भूमिको क्षेत्रफलमा हुने वृद्धिका कारण बढ्ने उत्पादनले सकारात्मक असर पार्दैन किनकि सीमित भूमि भएको अवस्थामा त्यो दिगो र प्रभावशाली रहँदैन। बरू, हाल भएकै जमिनहरू (जो सीमित सामन्ती वर्गहरूसँग छन्) लाई प्रभावकारी ढंगले प्रयोग गर्न सकिएको छैन। यदि त्यो जमिन वास्तविक किसानलाई पुनर्वितरण गरी आवश्यक लगानी र प्रविधिको विकास गर्न सके उत्पादकत्वमा वृद्धि ल्याउन सकिन्छ ।

त्यस्तै कृषिमा काम गर्ने श्रमिकको पनि उत्पादकत्व बढाउन जरुरी छ जसका लागि अदृश्य बेरोजगारका रूपमा कृषि क्षेत्रमा रहेका व्यक्तिलाई अन्य क्षेत्रतर्फ विस्थापन गर्ने तथा आवश्यक श्रमिकलाई गुणात्मक तवरले योग्य बनाई तिनको उत्पादकत्वमा वृद्धि गर्ने जरुरी छ । कृषि क्षेत्रले देशको कुल गार्हस्थ उत्पादकत्वको करिब ४०% स्थान ओगट्छ र ६०% जनसंख्या कृषि पेशामा संलग्न छन् । कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनको करिब एक तिहाई योगदान पशुपालनको दुई तिहाई भाग ओगट्छ जसअनुसार दुध उत्पादनले देशको कुल गार्हस्थ उत्पादनको करिब ८% भाग ओगट्छ।

◆◆◆

रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट **www.nepalpolice.gov.np** मा समेत सुन्न सकिने छ ।

कथा

# पिएचडीवाला साइको



✍ अधिवक्ता प्रेमराज सिलवाल

उसले मोबाइल खोल्यो । फेसबुकबाट एउटा पब्लिक मेसेज पोष्ट गऱ्यो। जसमा लेखिएको थियो- 'स्वाभिमानी नेपाली विश्वको जहाँ भए पनि माटोको माया हुन्छ । नेपाल समृद्ध पार्नु सबैको कर्तव्य हो ।'

दाह्री झ्याप्प पालेको, ब्याग भिरेको, चश्मा लगाएको र किताबको झोला बोकेर सडक-सडक हिँडेपछि मान्छे पक्का साइको हुन्छ । सिन्धुलीको मूलकोट माध्यमिक विद्यालयमा एकजना हेड सर थिए । धेरै पढेका । धेरै पढेपछि मान्छे साइको बन्छ । कुनै काम नपाएको डुकुलन्ठु देखिन्छ । भारी बोक्ने जस्तै देखिन्छ मान्छे । चाहिने भन्दा बढी पढेपछि साइको हुन्छ । चौतारिमा 'जिम्वाल बा' ले यस्तै गफ गरेको सुन्थ्यो श्याम । कता उसको मनले त्यतिबेलाकै कलिलो उमेरले भन्थ्यो-'डबल डिग्री गरेको, बौद्धिक क्षमता भएको, अध्ययन-अनुसन्धानमा लाग्ने मान्छे साइको हुन सक्दैन् ।'

उसको मनले पिएचडी सक्ने बेला सम्म पनि उक्त कुराले मनमा डेरा जमाएको थियो । तर ऊ त्यस्तो कुरा मान्नै तयार थिएन । हुने पनि कुरा भएन । भारतको प्रसिद्ध जवाहारलाल नेहरु विश्वविद्यालयमा पिएचडी गरेको एसियाकै टप श्रेणीमा परीक्षा पास गरेको मान्छे साइको हुनै सक्दैन् । मान्छेको हेर्ने दृष्टिकोण विभिन्न हुन्छ । एउटा हात्तीलाई अन्धाले भकारी सम्झन सक्छ । एउटा जीव विशेषज्ञले पृथ्वीको विशाल जनावरको शक्ति, त्यसको बाँच्ने तरिका हेर्न सक्छ । एउटा समाजशास्त्रीले हात्तीबाट मानवले के-के कुरा सिक्न सक्छ भन्ने सोच्न सक्छ । एउटा अर्थशास्त्रीले हात्तीबाट कसरी आर्थिक फाइदा लिन सकिन्छ भन्ने विषयमा विचार गर्न सक्छ । हलीले हात्तीलाई जोत्न पाए दुई दिनको मेलो दुई घण्टामै सकिन सक्छ भन्दै मनमनै गम्न सक्छ । तसर्थ मान्छेको बुद्धि, विवेक, क्षमता, चिन्तन तथा योग्याताले हरेक कुरालाई हेर्ने रहेछ ।

राजनीतिलाई समाजको मूल नीति पनि भन्छन् । राजनीतिले समाजलाई मूल बाटो देखाउछ । राजनीतिले समाजलाई मार्ग देखाउनु पर्ने सिद्धान्तको कुरा

किताबमा पढ्न पाइन्छ । चुनाव, गुण्डागर्दी नै राजनीति हो भन्ने परेको छ गर्जनलाई ।

सात कक्षा पढ्दै गर्दा स्कुल ड्रेसमै हरियो आर्मी ड्रेस लगाउन पाइने लोभमा उसले बन्दुक समाएको थियो । 'ल विद्यार्थी भाइबहिनीहरू महान क्रान्तिको अवसरमा बुर्जूवा शिक्षा पढेर केही हुन्न ।' रातो फेटावाल कमाण्डरले भनेका थिए-'तपाईँहरूको योगदानको उच्च मूल्याङ्कन गरिनेछ । त्यतिबेला तपाईँको हातमा सबथोक हुनेछ ।' गर्जनलाई आजै जस्तो लाग्छ उसको तत्कालीन कमाण्डर 'ज्वालामुखी' ले भनेका वाक्यहरू ।

पकरवास (रामेछाप) सुख्खा रातमाटे बारी भएको गाउँ हो । खानेपानीको तिर्खा मेट्न मान्छेहरू कोशी पुग्छन् । घाँस, दाउरा गरी गाउँकै स्कुलमा पढेर राम्रो डिभिजनमा एस.एस.सी. परीक्षा पास गरेका थिए श्यामले ।

चार छोराछोरीमा जेठो श्याम पढ्नमा खुबै मिहेनती थियो । पञ्चायत कालमा गाउँमा स्कुल नभएकाले कोशी पारीको मूलखर्क (सिन्धुली) मा पढन जानु पर्दथ्यो । स्कुलबाट फर्कदा एक जर्कीन पानी कोशीबाट नल्याए बेलुका खाना खान पाईँदैन थियो । बिहान बेलुका बाख्रा चराउन पनि जानु पर्दथ्यो । घाँस, दाउरा, गाईबस्तु गरीकन कोशीपारी गएर पढेको श्याम पढ्नमा तेज भएकोमा गाउँलेहरू अचम्मित थिए । गाउँबाट एस.एल.सी. पास गर्ने श्याम पहिलो व्यक्ति थियो । उसले परीक्षा पास गर्दा डाँडाकाँडा हल्लिएको थियो ।

रिमालबाजेको छोरा 'इसेलसी' पास भयो रे ! मान्छेहरू चौतारीमा गफ गर्दथे । भीरपानीको बाटो भएर कोशीपारी गएर तीन घण्टा ओरालो-उकालो गरेर पढेको श्यामे 'मास्टर' नै हुन्छ ।

पकरवास जस्तै भीरपानीमा पनि एकथोपा पानी पाउन सकिन्न । मान्छेहरू सुकेका दाउरा जस्ता छन् । पेटभरि पानी खान पाउने त्यहाँ धनी हुन्छ । हरेक चुनावमा कोशीको पानी ल्याएर खुवाउने चर्चा-परिचर्चा गरिन्छ । चुनाव सकियो, पानीको चर्चा पनि सकियो ।

भर्खर एस.एल.सी परीक्षा पास गरेको श्यामलाई पढेपछि गाउँका लागि पनि केही न केही गर्छु भन्ने लागिसकेको थियो । हर्के, मने, बिर्खेहरू जो उसका साथीहरू थिए । स्कुल पढ्दैमा उनीहरू सशस्त्र आन्दोलनमा गएका थिए ।

'ल श्याम हामीहरू मुक्तिका लागि गयौं, त पढ्नु हाम्रो भाग पनि ।'

अस्ति जस्तो लाग्छ मनेले भनेका कुराहरू श्यामलाई । सेनाको गोली लागेर घाइते भएको मने र बिर्खे भने गाउँमा बाख्रा चराउँदै गरेका छन् । चितवनको शिविरबाट मनेले दिल्लीमा पढ्दै गरेको बेला एउटा चिठ्ठी श्यामलाई पठाएको रहेछ ।

'श्याम तँ बुर्जूवा शिक्षा पढेर कहाँ पुग्लास् ?' हामी त महान क्रान्तिमा लागेर सेना समायोजनका लागि शिविरमा बसेका छौं। पार्टीले मलाई सरकारी सेना बनाउने भनेको छ। तँ पढेर आर्मीमा सेकेण्ड लप्टन बन्न नसकेर दिल्ली पढ्न पुगेको छस्, हेर हामी यहाँ बसेर राष्ट्रको सेना बन्दैछौं।'

मने बाख्राको पुच्छर समाउँदै सम्झन्छ। घरवार पनि गयो। शिक्षा पनि गयो। उमेर पनि गयो। जीन्दगी पनि गयो। समाजलाई पनि केही देन दिन नसकिने भयो। उसले यस्तैयस्तै सोच्यो।

'के सोचेर बसेको ए मने' 'खसीले माइलाको मकै खाइसक्यो।' बलबहादुर बाजेले कराएपछि झर्सङ्ग हुन्छ मने। 'ए! होर बा, ल ल लागैं।' संघर्षमा यति मान्छे मरे भन्ने जस्ता समाचारले विश्वमा रहेका नेपालीको मन धमिलो बनेको थियो। पढाइको लागि दिल्ली गएको श्यामलाई पनि देशको चिन्ता थियो।

श्याम भन्ने गर्दथ्यो–'आजको युग लोकतन्त्रको युग हो। प्रजातन्त्रको युग हो। विज्ञानको युग हो। विकास गर्न नसक्दा शासन र शासक समाप्त भए। तानाशाह भए पनि लि क्वान यगुले सिङ्गापुरमा पैतीस वर्ष शासन गर्दा विश्वको वाहवाही मात्र पाएनन् देशको मुहार नै फेरेको उदाहरण छ। त्यसैले देश गएपछि राजनीति गर्छु जसमा विकास, समृद्धि र प्रगतिको कुरा युवाहरूलाई पढाउने मूल काम हुनेछ। समृद्धिले देश बन्छ।' श्यामले आफ्नो पिएचडीको थेसिसको विषय नै 'नेपाली स्वाभिमान र समृद्धिमा युवाको भूमिका' बनाएको थियो।

पकरवासबाट उसको बुबाको टेलिफोन आएकोले उसले रोटी खान रोकेर कुरा गरेको थियो। 'दिल्लीमा खाने पानी फिरीमा खानदिन्छ रे!' 'हामी यहाँ वर्षौंदेखि तिर्खार बसेका छौं।' 'कोशीबाट पानी ल्याएर फिरीमा खुवाउने सुत्र भारतका नेता-मन्त्रीबाट सोधेर आउनु।' दालमा रोटी चोपेर खाँदै उसले भन्यो-'बा यस वर्ष जुलाईमा मेरो पेपर प्रिजेन्स सकिन्छ।' 'त्यसपछि म आउनेछु। त्यहाँ पनि केही केही गर्नै पर्छ।'

मने, बिर्खेजस्ता केटाहरू बेहाल बने। 'अनि त्यो मने के गर्दैछ गाउँमा ?' 'के गर्नु त्यै कोशीका किनारमा खसी, बोका चराएर बसेको छ।' 'स्वास्नी पनि पहिल्यै पोइल गइहाली। आमा पनि मरी... ।'

श्यामको थेसिस समेत सम्पूर्ण पढाई सकिएको दिन विश्वविद्यालयमा बिदाइ सकेर नेपाल फर्कने तयारीमा रहेको हुन्छ।

एकजना केरलाको सँगै पढने साथीले उसलाई आफ्नो देशको चिनो भन्दै एउटा ताजमहलको फोटो दिन्छ। ऊ जतनसँग राख्छ। भन्छ-'इण्डिया बढा है,

आए कभिकभि घुमने के लिए जरुर आइएगा ।' 'ये लिजिए एक टुरिज्म गाइडका किताब !' 'कभि मन हो तो हमारा 'करला' भि आईए ।'

'ठिक है...वाईवाई ।'

श्याम रेलको टिकट काउन्टर नजिकैको चिया होटेलमा बसेर उक्त टुरिज्म गाईडको पाना पल्टाउछ । पल्टाउदै गर्दा गौतमबुद्धको लुम्बिनी पनि देख्छ ! तर, भारतको उत्तर प्रदेशको नक्साभित्र पारिएको देख्छ । उसको मन कुटुक्क दुख्छ । कस्तो कस्तो हुन्छ । ऊ टोलाएर बसेको हुन्छ ।

धेरैबेर झोक्राएर बसेको देखेर सँगै रहेको पन्जावी ढावाको साहु नजिक आउछ । 'भैया-तुम् नेपाली हो न ?' 'काम करेगा !' 'हमारे ढावामे काम करो बहादुर अच्चा तन्खा दुङ्गा !'

'जल्दी बोलो बहादुर । बोलो !'

श्यामको शरीरका मस्ती एकैपटक गलेर आउँछ । केही बोल्दैन् । 'नाँ भि नही हाँ भि नही ... ?' 'बोलो बहादुर काम करेगा हमारा होटेल मे !'

'अच्छा तन्खा है । खाने रहनेका भि अच्छा व्यवस्था है । बोलो बहादुर बोलो !'

पन्जावी एकोहोरो कचकच गरेको श्यामलाई पटक्कै मन परेको थिएन । तर, कुनै जवाफ दिन सकेको पनि थिएन । उसले भर्खरै सकेको 'नेपाली स्वाभिमान कुन अध्यायमा परेको छ' भन्ने कुरा गम्दै थियो । पन्जावी रिसाएछ क्यारे । बोल्यो-'कैसा साइको आदमी है ।'

'साइको पागल ।' श्यामले आफ्नो टोपी झिकेर पसिना पुछ्न नपाउँदै आँखाबाट आँसु झरिसकेका थिए । उसले मनमनै सोच्यो-'के पिएचडी गरेपछि मान्छे साइको हुन्छ ?' ऊ त्यसको जवाफ खोज्दै नेपालतर्फ बाटो लाग्यो । ♦♦

**गजल**



✍ **रत्न प्रजापति**

जिन्दगीमा कि नाम हुनुपर्छ कि बदनाम हुनुपर्छ
हरेक खेल जित्नलाई यहाँ ठूलै छलछाम हुनुपर्छ ।

सिधा मान्छेलाई कसले चिन्छ आजको समयमा
चिनाउन पनि कि रावण हुनुपर्छ कि राम हुनुपर्छ ।

जिन्दगी खुला सडकजस्तै हो र यात्राजस्तो पनि
सडकलाई बुझ्न कि बन्द हुनुपर्छ कि जाम हुनुपर्छ ।

जतिसुकै रङ्गीन होस् आखिर कागजको फूल
प्रेमले चुम्न कि चिठ्ठी हुनुपर्छ कि खाम हुनुपर्छ ।

लुकेर प्रेम गर्नुमा केही मजा त छ है जिन्दगीमा
चर्चित हुन कि गोप्य हुनुपर्छ कि खुलेआम हुनुपर्छ ।

# बढ्दो साइबर ठगीका घटना र रोकथाममा प्रहरीको प्रयास



✍ प्र.ना.उ. जनार्दन घिमिरे

सूचना प्रविधिको विकास र विस्तारले मानव विकासमा जसरी सहज र सरलीकरण गर्दै आइरहेको छ त्यसै गरी यसको विकासले विभिन्न चुनौती पनि सिर्जना गर्ने गरेको छ। सूचना प्रविधिको विकास र विस्तारले सिर्जना गरेको विभिन्न चुनौतीहरूमध्ये पछिल्लो समयमा बढ्दै गइरहेको साइबर अपराध र त्यस अन्तर्गतको साइबर ठगी पनि एक हो। फेसबुक ह्वाट्स् एप, भाइबर इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरि विभिन्न प्रलोभनमा पारि सय रूपैयाँ देखि लाखौं रकम एकै पटक वा पटक पटक गरेर ठगी हुने गरेका कयौं घटना अहिले हाम्रो समाजमा प्रशस्त छन्। यस्ता घटनासँग सम्बन्धित सयौं उजुरी प्रहरी कार्यालयमा दिनहुँ आउने गरेका छन् भने प्रहरीले पनि यस्ता घटनाको सन्दर्भमा गम्भिरताका साथ अनुसन्धान र संलग्नलाई कारबाहीको दायरामा ल्याउन अग्रसर भइरहेको छ। साइबर ठगीका बारेमा चर्चा गर्नु पूर्व केही प्रतिनिधिमूलक घटनाको बारेमा चर्चा गर्नु सान्दर्भिक हुन आउछ।

**घटना नम्बर** १.

काठमाडौंका रमेश (नाम परिवर्तन) लाई फेसबुकमा एउटा फ्रेन्ड रिक्वेस्ट आउछ। अपरिचित व्यक्तिले पठाउने त्यस्तो रिक्वेस्ट पछि फेसबुकमा गरिने कुराकानीको क्रममा उक्त अपरिचित व्यक्तिले आफू रसियामा सेनामा रहेको युद्धको क्रममा आफूसँगै काम गर्ने साथी मारिएको र करोडौं डलरको सम्पत्ति भएको उक्त साथीको अपुताली खाने कोही नभएकोले उसको थर तपाईंको थरसँग मिल्ने भएको र यहाँको नियम अनुसार थर मिल्ने मानिसलाई अपुतालीको रूपमा उसको सम्पत्ति सार्न मिल्ने कुरा बताउछ। उसको कुरा सुन्ने बित्तिकै रमेश अपुतालीको लोभमा पर्छ र त्यसको लागि के गर्नु पर्छ ? भनेर प्रश्न गर्दा त्यसको लागि सम्पत्ति सार्न केही रकम लाग्ने बताएपछि रमेशले पैसा दिन हिच्चिकचाउछ। तर फेरि ठगी गर्ने व्यक्तिले पैसा नेपालकै एजेन्टको खातामा जम्मा गर्ने हो फरक

पर्दैन भनेर विश्वस्त पार्छ । त्यसपछि रमेशले विश्वासमा परेर पटक पटक गरेर ४४ लाख पैसा पठाईसकेपछि ऊ आफू ठगिएको महसुस गर्छ र प्रहरीको सम्पर्कमा पुग्छ, त्यसपछि मात्र ऊ ठगिएको थाहा पाउछ।

**घटना नम्बर** २.

काठमाडौँकै विन्दु (नाम परिवर्तन) लाई फेसबुकमा एउटा प्रतिष्ठित विदेशी इलेक्ट्रोनिक्स कम्पनीले एउटा छोटो भिडियोमा एउटा महिलाको मुख घुमिराखेको र त्यसलाई जोडेर दुरूस्त तस्विर बनाई त्यसको स्क्रिन सट उक्त फेसबुक पेजमा पठाएमा आइफोन उपहार पर्ने भनेर भनिएको हुन्छ । विन्दु पनि आइफोनको लोभमा परि उक्त तस्विरको घुमेको मुखलाई ठिक स्थानमा रोक्ने प्रयास गर्छिन् र सफल पनि हुन्छिन् । त्यस पश्चात उनले उक्त स्क्रिन सट भनिएको पेजमा पठाउछिन् । त्यसको केही समय पछि उनलाई आइफोन गिफ्ट परेको बधाइ समेतको मेसेज प्राप्त गर्छिन् । त्यसको केही समय पश्चात उनलाई प्राप्त भएको पुरस्कार उनको ठेगानामै प्राप्त हुने तर त्यसको लागि उनले कर बापतको रकम जम्मा गर्नुपर्ने अर्को मेसेज प्राप्त गर्छिन् । त्यस पश्चात उनले कसरी पैसा पठाउने भने पश्चात उनको म्यासेन्जरमा एउटा क्युआर कोड आउछ । त्यस पछि उनले त्यस क्युआर कोडमा पैसा पठाउछिन् । उनले पैसा पठाएको केही दिनमै आइफोन उनको घर ठेगानामै आउछ भनेको धेरै दिनसम्म पनि सामान नआएपछि उनले सोही म्यासेन्जरमा गएर बुझ्ने प्रयास गर्दा उनलाई ब्लक गरिसकिएको रहेछ त्यस पश्चात शंका लागेर प्रहरीकोमा पुग्दा बल्ल उनले आफू ठगिएको थाहा पाइन् ।

**घटना नम्बर ३**

सुदिप (परिवर्तित नाम) लाई फोन कल आउछ । हामी इसेवाबाट बोलेका हौँ । तपाईँले के.वाई.सि अपडेट गर्नु भएको रहेनछ । त्यसको लागि तपाईँको मोबाइलमा एउटा ओ.टि.पि. कोड आउछ त्यो हामीलाई पठाउनु भयो भने हामी अपडेट गरिदिन्छौँ भनेर कुराकानी हुन्छ त्यसो भनेर फोन राखेको केही समयमा नै उसको मोबाइलमा एउटा ओटिपि कोड आउछ र उक्त कोड आउने बितिक्कै उताबाट फेरि फोन आउछ । त्यस पश्चात सुदिपले आफ्नो ओटिपि कोड उक्त व्यक्तिलाई दिन्छन् । त्यसको केही समय पश्चात उनको खाताबाट धमाधम पैसा काटिन थाल्छ । त्यस पछि उनी आत्तिदै प्रहरीकोमा पुग्छन् र तब मात्र उनलाई गलत नम्बरबाट फोन गरी ठगेको भन्ने थाहा हुन्छ ।

यी त केही प्रतिनिधि घटना मात्र हुन् । अहिले सामाजिक सञ्जालको प्रयोग गरी विभिन्न तरिका अपनाएर धेरै व्यक्ति ठगीमा परेको सुन्नमा आइरहेको छ । हरेक

दिन यस्तै यस्तै घटनामा पीडित भएका सयौँ व्यक्ति दिनहुँजसो उजुरी लिएर प्रहरी कार्यालयमा आउने गरेको छन् । विगतमा चिठ्ठा पर्यो भनेर हुने ठगिका घटनामा मानिस सचेत हुन थाले पश्चात ठगीका तरिका पनि परिवर्तन हुँदै गएको छ । पछिल्लो समयमा सामाजिक सञ्जालमा विभिन्न अनलाइन सपिङ भनेर विभिन्न सामानहरू बजार मूल्य भन्दा निकै सस्तोमा राख्ने र किन्ने मानिसले अर्डर गरिसके पश्चात सिमित स्टक रहेकोले पहिल्यै भुक्तानी गर्नुपर्ने भनिन्छ र पैसा भुक्तानी पश्चात सामान आउदैन बरू भुक्तानी गर्ने व्यक्तिलाई व्लक गरिन्छ। यस्ता घटना पनि प्रहरीकोमा दिनहुं जसो आइरहन्छ । यी र यस्ता घटना अहिले दिनहुँ बढिरहेको प्रहरी कार्यालयमा आउने उजुरीले प्रस्ट्याउछ।

हुन त ठगीका घटनाको प्रमुख कारक तत्व भनेको पीडित प्रलोभनमा पर्नु नै हो। खास गरेर करोडौं रूपैयाँ एकैपटक हात लाग्ने वा बजार मूल्य भन्दा सस्तोमा विभिन्न सामान पाइने प्रलोभनमा मानिसहरू ठगिन पुगेका छन् । अझ भनौ सामाजिक सञ्जालमा आउने यस्ता म्यासेजको सन्दर्भ राम्रोसँग बुझ्नु जरूरी हुन्छ। अझ प्रहरीले गर्ने अनुसन्धानको क्रममा देखिएको रोचक रोचक कुरा त के छ भने जुन खातामा पैसा जम्मा भएको हो उक्त खातावाला व्यक्ति पनि वास्तविक व्यक्ति भन्दा फरक भएको पाइएको छ । खाता खोलिएको व्यक्तिको नागरिकता दुरूपयोग गरेर अर्कै व्यक्तिले खाता संचालन गरेको र रकम समेत तुरून्तै निकाली सकिएको पाइएको छ। त्यसै गरेर कतिपय व्यक्तिको खातामा जम्मा भएको पैसाको सन्दर्भमा विदेशबाट आफन्तले पैसा पठाएको भनिएकोमा उताबाट एजेन्ट मार्फत पैसा पठाइएको र यता यस्तै ठगीको पैसा जम्मा गराइएको समेत पाइएको छ । यसरी गैर कानूनी बाटोको प्रयोग मार्फत पैसा पठाउँदा पीडक भनिएका व्यक्ति समेत स्वयम् पीडित भएको पाइएको छ । कतिपय अवस्थामा ठगी गर्ने व्यक्तिले विभिन्न व्यक्तिलाई विभिन्न प्रलोभनमा पारि नेपालकै बैंकमा खाता खोल्न लगाउने र त्यस पश्चात उक्त खातावालाको चेक र एटिएम कार्ड समेत ठगी गर्ने व्यक्तिले लिएर प्रयोग गर्ने गरेको र खातावालासँग उक्त व्यक्तिको बारेमा सोधपुछ गर्दा ह्वाट्स एप मार्फत चिनजान भएको युरोप र अमेरिका लैजाने प्रलोभनमा पारि खाता खोल्न लगाएको र एटिएम कार्ड पार्शल गरेर पठाउन लगाएको बताउने गरेका छन् जसले गर्दा वास्तविक पीडकसम्म प्रहरी पुग्न कठिनाई हुने गरेको छ।

यसरी सामाजिक सञ्जालको प्रयोग गरि हुने साइबर ठगीको रोकथामको लागि नेपाल प्रहरीले ठुलो प्रयास नगरेको भने होइन । यसको अनुसन्धानको लागि

नेपाल प्रहरीको साइबर ब्यूरोले प्रहरी नायब उपरीक्षकको कमाण्डमा एउटा छुट्टै पिल्लरनै स्थापना गरेर यस्ता घटनाको अनुसन्धान गरिरहेको छ भने दर्जनौलाई कारबाहीको दायरामा ल्याइसकेको छ। यसै गरेर देशभरका जिल्ला प्रहरी कार्यालयले पनि यस प्रकारको अपराधमा अनुसन्धान गरी दोषी उपर कारबाही गरिरहेको छ । तापनि अहिले साइबरजन्य अपराध र ठगीका घटना दिनानुदिन बढिरहेको छ । यसको प्रमुख कारणमा जनचेतनाको कमि र प्रलोभन नै हो । यसको लागि आम मानिसले निम्न कुरामा ध्यान दिनु जरूरी छ :

- ♦ कुनै पनि बहानामा चिठ्ठा पर्‍यो भनेर विभिन्न सामाजिक सञ्जालबाट आएका म्यासेजको विश्वास नगर्ने ।
- ♦ अपुतालीको नाममा आउने विभिन्न म्यासेजको भ्रममा नपर्ने ।
- ♦ कुनै पनि वालेट अपडेट गर्नु पर्‍यो भनेर आएका फोन कलको भरमा आफ्नो विवरण वा ओटिपि कसैलाई पनि नदिने। त्यस्तो फोन आएमा उक्त मोबाइल वालेटको आधिकारीक वेवसाइटमा त्यस्ता वालेटको आधिकारीक नम्बर दिएको हुन्छ त्यसमा फोन गरेर कन्फर्म हुने ।
- ♦ कसैले पनि विभिन्न प्रलोभनमा बैंक खाता खोलेर त्यसको विवरण र एटिएम कार्ड मागेमा नदिने ।
- ♦ अनलाइन सपिङका नाममा बजार मूल्यभन्दा अस्वाभाविक रूपमा सस्तो मूल्यमा राखिएको सामान खरिदको प्रलोभनमा नपर्ने । खरिद गरीहाल्नु परे पनि डेलिभरि पश्चात मात्र भुक्तानी दिने ताकी नठगियोस । यसै गरी सस्तोमा राखिएका सेकेण्डहेण्ड मोबाइल चोरीको पनि हुनसक्छ विचार पुर्‍याउने ।
- ♦ इन्स्टाग्राममा पैसा डबल हुन्छ भनेर गरिएका विज्ञापन भ्रामक हुन् पछि नलाग्ने ।
- ♦ आफ्नो नाममा सिमकार्ड निकालेर अरूलाई प्रयोग गर्न नदिने ।
- ♦ आफ्नो नागरिकता पासपोर्ट जस्ता महत्वपूर्ण कागजात अपरिचित व्यक्तिलाई नदिने।
- ♦ आर्थिक कारोबार गर्दा त्यसको स्रोत र प्राप्त व्यक्तिको विवरण एकिन गरेर मात्र गर्ने । वैदेशिक रोजगारीको पैसा भनेर ठगीको पैसा जम्मा गरिदिएको हुन सक्छ।

समग्रमा भन्नुपर्दा यो वा त्यो बहानामा अनावश्यक प्रलोभनमा कहिल्यै पनि नपर्ने। भर्दै नभरेको चिठ्ठा पर्दै पर्दैन । त्यसै गरेर हाम्रो नाम र थर पश्चिमा मुलुकमा रहने व्यक्तिसँग मिल्दैन र एउटा व्यक्तिको नाममा रहेको सम्पत्ति सजिलै अर्को व्यक्तिमा सार्न सकिदैन । त्यसका विभिन्न कानूनी पाटाहरू हुन्छन् । त्यस्तो सम्पत्ति ग्रहण गर्ने व्यक्तिले समेत विभिन्न कानूनी

प्रकृया पुऱ्याउनुपर्ने हुन्छ त्यसैले त्यसको पछाडि लाग्दै नलागौं । त्यसै गरेर ठगी गर्नेले रकम जम्मा गर्नको लागि कुनै अर्को नेपालीकै खाता दिन सक्छ यसरी दिएको खातावाला व्यक्ति पनि पीडित हुन सक्ने भएकोले यस्तो खातामा ढुक्क परेर पैसा जम्मा नगरौं त्यसले थप अर्को एकजनालाई पीडित बनाउन सक्छ । त्यसै गरेर बिना स्वार्थ कसैले एक कप चिया त खुवाउदैन भने करोडौंको सम्पत्तिको प्रलोभन ठगी गर्ने बहाना मात्र हो, भ्रममा नपरौं । ♦♦♦

कविता

# सपनाको कविता



✍ **डा. बमबहादुर थापा 'जिताली'**

कोल र बियो ढिकुवा कात्री म आफैं बन्दछु
पेलिन्छु अनि यै कोलभित्र तेल मै बन्दछु ।
यै तेल घसी आमाको आँत सुधार गर्दछु
नराखी आशा आमाकै सेवा सुसार गर्दछु ॥

म गोरू नारा, हलो र जुवा, जोतारा बन्दछु
मै हलो जोती कुटो र गैंती, कोदाली खन्दछु ।
चपरीलाई वल्टाइ र पल्टाइ म खेती गर्दछु
नेपालभरि फूल र फल, अनाज भर्दछु ॥

बाउसेदेखि रोपारतक बनेर खेतालो
गाउँछु गीत असारसित भएर गोठालो ।
मुलुकैभरि छरेर आभा अँध्यारो फार्दछु
छुपुमा छुपु रोपेर गाभा सुनौलो पार्दछु ॥

स्वप्नमा पनि नेपाली भाषा सिँगार्ने गर्दछु
आजको बढ्दो विकृतिलाई पछार्ने गर्दछु ।
जसरी हुन्छ प्रकृतिलाई पार्छु म हरियो
रैथाने कला देखाइ छाड्छु कुँदेर गरियो ॥

यो विश्वलाई हिमालजस्तै सौन्दर्य दिन्छु म
बगाई आफ्नै श्रमका धारा ऐश्वर्य दिन्छु म ।
पौरख पोखी दूधको भारा नतिरी छाड्दिन
जुगानुजुग रहने कीर्ति नराखी छाड्दिन ॥

निबन्ध

# प्रिय सन्तति



✍ डा. छायादत्त न्यौपाने 'बगर'

प्रिय सन्तति मिठो सम्झना, न्यानो स्नेह, सुखद जीवनको कामना !

सदैव सान्निध्य रहोस् । पराई जसरी परिवार बिरानिने वर्तमान दशालाई सहज बनाई सहृदयी सदस्यहरूको सुखद मिलन जीवन्त बन्न सकोस् र बनिरहोस् । विश्वास छ यसतर्फ तिमीहरूको ध्यान जाने नै छ । विवेकी व्यवहारले मन जितिरहोस् ।

हो, तिमीहरू शैक्षिक प्रमाणपत्र र ओहदाको हिसाबले उच्च स्थानमा छौँ । खुसी लाग्छ, यसैमा गर्वानुभूति हुन्छ । यस्तै सुखद सन्देश कर्णप्रिय लाग्छ । हृदय प्रफुल्लिन्छ तर भौतिक सुख दिने प्रविधिको वश परेको व्यवहार भने मुटुमाथि ढुङ्गा राखे जस्तो भइदिन्छ ।

खै के भनूँ ! कसरी भनूँ ! तिमीहरू यति एकलकाटे भयौ कि बखानका लागि शब्दै पुग्दैन । हो,व्यस्तता आफैमा ठिकै हो, सक्रिय जीवनको द्योतक पनि तर पारिवारिक व्यवहार, मानवीय सचेतना बिर्सेर स्वार्थसिद्धिमा सीमित हुनु, क्षणिक सुखमा व्यवहार बिर्सनु सुखद होइन, यसबाट त व्यक्ति, परिवार, समाज कसैको हित हुँदैन । एकाङ्गी बाँचेर जीवन अर्थ भेट्न पनि सकिँदैन ।

कस्तो हो यो अचेलको औपचारिक शिक्षा ? यसले बनाएका शिक्षितले नैतिक मूल्य चिन्न नसकेको देखियो । एकाकी जीवन बाँच्ने त होइन नि मान्छेले । समुदायमा भिजेर रम्ने हो मान्छे, हामी त समूहका सदस्य हौँ, सदस्यता समूहको लिने व्यवहार एकाङ्गी गर्ने ? यसलाई सचेत अनि इमानदार सन्तानको कर्तव्य मानिँदैन । मान्छे भएपछि दुःख सुखको साथी बन्न सक्नुपर्छ । छिमेकीको दुःखमा मलम र सुखमा अन्तरङ्गी भइएन भने सामूहिक सुखमा रमाउन जान्ने सचेतना जीवित रहँदैन । यसतर्फ तिमीहरूको ध्यान गएको देखिएन है ! बेलाँ मेला पर्स्ने र समयमै घरजम गर्ने परम्परित मान्यता अर्थपूर्ण चलन हो र यो चासोको विषय पनि ।

अँ, हो,आज हामी प्रविधिमैत्री बन्नुपर्ने छ, बन्ने पनि हो तर प्रविधिकै अधीन हुनु राम्रो हुन्न । उपयोगी हरेक वस्तु वशमा लिने हो, त्यसको वशमा बाँधिने

होइन । भात भोक मेट्न खाने हो, भात हामीले खाने हो भातले हामीलाई खाइदियो भने जीवनले गति लिँदैन, भनिन्छ-गतिहीन जीवन काम लाग्दैन । प्रविधिको कुरा पनि उपयोग गर्ने हो, उपयोग हुने होइन । त्यसबाट लाभान्वित हुने हो तर त्यसकै दास बनेर आफ्ना सामाजिक मूल्य-मान्यता, पारिवारिक स्नेह, वैयक्तिक सम्बन्धका सूत्रहरूको जतन गरिएन र चुँडालेर एक्लिइयो भने मान्छे, मान्छे नरहने खतरा उत्पन्न हुन्छ । त्यसैले हामी बेलैमा सचेत हुनु जरुरी हुन्छ । कुनै पनि कुरा बढी हुनुहुँदैन । अति भो भने खति हुन्छ भनिन्छ नि । यस अन्तर्यमा अर्थ छ । यो अर्थप्रति हामी गम्भीर हुनु जरुरी देखिन्छ ।

घरमा बुढा बाआमा हुनुहुन्छ । उहाँहरू प्रविधिबाट टाढा हुनुहुन्छ । हामी उहाँहरूलाई प्राविधिक सिप सिकाउने चेष्टा पनि गर्दैनौँ । दिउँसोमा त काम हुन्छ । घर बाहिर निस्किइएको हुन्छ तर साँझबिहान त हामी उहाँहरूको नजिक बसेर भलाकुसारी गर्न सक्छौँ नि । यो व्यवहार कुशलता हामीबाट हराउन खोज्दै छ । यसो हुनु उज्यालो भविष्यको सङ्केत होइन । कतै हामी प्रविधिको वश परेर ब्ल्याकहोलतिर पस्दै त छैनौं । यो स्थितिले हामीलाई कहाँ पुऱ्याउला ? हाम्रो मधुर सम्बन्ध कस्तो रहला ? समयमा सचेत भइएन भने हामी निस्कन नसकिने गरी गाँजिन पुग्छौं । त्यतिखेर हामी हाम्रो परम्परा ठिक रहेछ भनेर सचिन चाह्यौ भने धेरै ढिलो भइसकेको हुनेछ । यस्तै भएर होला समय बलवान् हुन्छ भनिएको । सही बाटो हिँडे सही ठाउँमा पुगिन्छ रे नि !

मलाई विश्वास छ तिमीहरू आजको विश्वसमुदायसित परिचित युवा । तिमीहरूले स्वकर्तव्य र मानवीय गरिमा धान्न सक्छौं । मैले उपदेश दिइरहुनु आवश्यक छैन । यो मेरो उपदेश दिने मनसायको अभिव्यक्ति पनि होइन तर प्रविधिमैत्री जीवन जिउने सन्दर्भमा हामीले हुर्काएको आत्मीय सम्बन्ध नै चुँडालेर एक्ले बाँदरजस्तो भइने त होइन ? यो कठोर बन्दै गएको मनलाई भावनात्मक साइनोले जोडेर सुरक्षित राख्ने आग्रह चाहिँ अवश्य हो ।

हामी अभिभावक हरबखत तिमीहरूको उन्नति-प्रगति देखेर रमाउने वर्ग हौँ । हामी चाहन्छौं सन्तान अग्ला होऊन् । सम्झन सक्छौ ? तिमीहरू केटाकेटी हुँदा हामीले काँधमा बोक्थ्यौं र भन्थ्यौं म भन्दा अग्लो भयौ, म भन्दा अग्लो भयौ । यसको अर्थ हो प्रगति गर उच्चासनमा पुग तर जग नबिर्स कि कहाँ टेकेर अग्लिएका हौँ हामी !

हामी चाहन्छौं माटोको उत्पादनशील माटो, सहृदयी आमाको, प्रेरक बाबाले उठाएको शिर लिएर बाँचेको हो जीवन भन्ने वस्तुतथ्य मनन् गरी रमाउन

सक, तिमीहरूसँग यही अपेक्षा छ । हामी साथै छौं ।

म यसरी पानाभरि पोखिएको देखेर तिमीहरूलाई लाग्न सक्छ बुढालाई के भो ? केले घोच्यो ? कहाँ दुख्यो ? यतिसम्म मथिन भ्यायौ भने मेरो गन्थन ठिकै भयो भन्ठान्ने छु । मलाई थाहा छ- तिमीहरू आँ, गर्दा अलङ्कार बुझ्छौ । त्यसैले थोरै सङ्केत गरेर चुप लाग्छु ल !

पस्केको खाना बिर्सेको, कतिपटक विद्यालयको बस छुटेको, कार्यालय ढिलो पुगेको, तताउन बसालेको दूध सकिएर कुँडे कालो भएको, ननिदाई रात बितेको, आफन्तहरूसँग सन्चोबिसन्चो भलाकुसारीमा सहभागी नहुँदा चित्त दुखाको अनन्त सन्दर्भ, बाटोमा एकोहोरिएर हिँड्दा नाथ्रो फुटेको घटना, कार्यालयको कुर्सीमा बसिरहँदा हाकिम आएगएको पत्तो नभएको यथार्थ स्मरणमा बिउँझेर आए। प्रविधिबाट भाग, धेरै टाढा जाऊ भन्ने आशय पटक्कै होइन । हो, के भने मोबाइल चलाऊँ, प्रविधिसँग खेलौं, रमाऊँ, सूचना बटुलौं, ज्ञानविज्ञान महिमा गान गरौँ तर त्यसलाई आफ्नो अधीनमा राखौँ, उसको अधीनमा गएर आफूलाई नहराऊँ ।

यी बेलाबखतका झिना मसिना कुरा ! मस्तिष्क कोट्याइरहे धेरै भेटिएहोलान् । अहिले नै भने मेरो अनुनय बस् यत्ति ल ! ◆◆◆

कविता

## एकोहोरो माया



✍ **शशीश्री आचार्य**

एकोहोरो माया भनौं त !
सुरु उतैबाट भयो
एकोहोरो भाव भनौं त !
पहिला उतैबाट पोखियो

दुई तर्फी गर्न खोज्दा
त्यही माया घृणा भो !
दुई तर्फी गर्न खोज्दा
त्यही माया पीडा भो !

हेराइ पनि फरक अहिले
देखाई पनि कड़क भो !
पर्खाइ त ! छैन आजकाल
कुराई पनि फरक भो !

पहिला देख्दा खुसी लाग्थ्यो
अहिले दुःख परक भो !
पहिला माया सितल लाग्थ्यो
अहिले किन?कडक भो !

पहिले माया मुटुमा धड्कन्थ्यो
अहिले मुटु नचल्ने भो !
संगम हुने आश लाग्थ्यो
तर अहिले दूरी भो !

एकोहोरो माया भनौं त !
सुरु उतैबाट भो !

# लागु पदार्थको दलदलमा चालक



✍ **प्र.व.ना.नि. विष्णु थापा**

**घटना नम्बर १**

नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय तथा लागु औषध नियन्त्रण ब्यूरोको टोलीले गत २०८० चैत्र २ गते नागढुङ्गा नाकामा गरेको संयुक्त चेकजाँचका क्रममा गोरखाबाट काठमाडौँ तर्फ आउँदै गरेको बा ३ च ८८२ नम्बरको एम्बुलेन्स चालक दोलखाको कालिञ्चोक गाउँपालिका ३ का २५ वर्षीय सागर दर्जीले लागु पदार्थ सेवन गरी संवेदनशील सवारी साधन एम्बुलेन्स चलाउँदै गर्दा पक्राउ परे । सोही दिन काठमाडौँबाट यात्रु लिएर काँकडभिट्टा जाँदै गरेको प्रदेश १-०१-००१ ख ४३४० नम्बरका बसका चालक सुनसरीको धरान उपमहानगरपालिका १५ का ४३ वर्षीय भोला चिमरिया पनि लागु औषध सेवन गरी बस चलाउदै गरेको अवस्थामा पक्राउ परे । ट्राफिक प्रहरीले बसका धनिलाई सम्पर्क गरी अर्को सवारी चालकको साथमा यात्रुहरूलाई गन्तव्यमा पठायो ।

**घटना नम्बर २**

गत २०८० चैत्र २३ गते उपत्यका भित्रिने र बाहिरीने प्रमुख नाका नागढुङ्गा नाकाबाट नै लागु पदार्थ सेवन गरी सवारी साधन चलाउँदै गरेका ५ जना चालक पनि पक्राउ परे । जसमा काठमाडौँबाट विभिन्न गन्तव्यमा जाँदै गरेका ३ वटा बसका चालक, १ जना ट्यांकर चालक र अर्का १ जना कार चालक थिए ।

**घटना नम्बर ३**

त्यसरी नै चेकिङका क्रममा गत २०८० माघ ५ गते लागु पदार्थ सेवन गरी सवारी साधन चलाउँदै गरेका ७ जना चालकलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लियो । बा २ ख ४० १७ नम्बरका माइक्रो चालक कास्कीको पोखरा महानगरपालिका १७ का २४ वर्षीय मिलन गिरी, ग १ ख २९७३ नम्बरका माइक्रो चालक पोखरा महानगरपालिका १ का ३५ वर्षीय मिन बहादुर तामाङ, बा ३ ख २१९५ नम्बरका माइक्रो चालक गोरखाका ३० वर्षीय हिमाल कोईराला, बा ५ ख २३७ नम्बरको बस चालक गोरखाको भिमसेन थापा गाउँपालिका ४ का २२ वर्षीय भुवन सुर्खेती, ना ७ ख १३८६ नम्बरका ट्रक

चालक खोटाङ घर भएका ३२ वर्षीय कटक बहादुर मगर, लु २ ख ३३५२ नम्बरका ट्रक चालक पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका २ का ३३ वर्षीय पवन थापा र ना ५ ख ७७७५ नम्बरका ट्रक चालक धादिङको धुनिबेसीं नगरपालिका ८ का ३० वर्षीय प्रजय कार्कीलाई लागु पदार्थ सेवन गरी सवारी साधन चलाइरहेको अवस्थामा फेला पारी प्रहरी वृत्त थानकोटबाट आवश्यक अनुसन्धान तथा कारबाही भइरहेको छ।

प्रस्तुत घटनाक्रमलाई हेर्ने हो भने नेपाल प्रहरीको मादक पदार्थ सेवन (मापसे) गरी सवारी साधन चलाउने चालक विरुद्धको व्यापक र निरन्तरको कारबाही अभियान पश्चात चालकहरू पछिल्लो समयमा लागु पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने प्रवृत्ति तर्फ मोडिएको आंकलन गर्न सकिने बलियो आधार बनेको छ । बिरामी तथा यात्रु बोक्ने जस्तो संवेदनशिल सवारी साधन चलाउने चालकले नै लागु पदार्थ सेवन गरी सवारी साधन चलाउनु आफैंमा निन्दनीय कार्य त हुँदै हो साथै यो आपराधिक कार्य समेत हो । सवारी साधनका चालकहरूले लागु औषध सेवन गरी सवारी साधन चलाए नचलाएको सम्बन्धमा नेपाल प्रहरी अस्पताल महाराजगञ्जको प्राविधिक टोली सहित टि.एच.सि. (Tetra hydro cannabinol)किटको प्रयोग गरी २०७९ साउन ९ गतेबाट ट्राफिक प्रहरीले चेकजाँच अभियान शुरु गरेको हो । अभियान शुरु भएको यो १५ महिनाको अवधिमा १ हजार ५ सय ४१ जना चालकलाई गरिएको परिक्षणमा २ सय ८१ जना चालक लागु पदार्थ सेवन गरी सवारी साधन चलाउँदै गरेको अवस्थामा पक्राउ गरि आवश्यक कारबाही तथा अनुसन्धान भइरहेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्कले देखाउँछ। लागु औषध सेवन गरी सवारी हाक्ने अभियुक्त पक्राउ संख्या बढ्नुको प्रमुख कारण प्रहरी सक्रियता, प्रभावकारी अभियान र नागरिकसँगको सहकार्य नै हो । यात्रु, सवारी र सडकलाई सुरक्षित बनाउँदै सहज रुपमा गन्तव्यमा पुऱ्याउन तथा दुर्घटना न्यूनीकरण गर्न नेपाल प्रहरीले मापसे तथा लापसे चेकिङ प्राथमिकतामा राखेको छ।

लहै लहैमा लागेर घर भन्दा टाढाको दूरीमा गई मादक पदार्थ तथा लागु पदार्थ सेवन गर्ने र सवारी साधन चलाएर हिँड्ने प्रवृत्तिले आकस्मिक र गम्भीर दुर्घटना निम्त्याउने गरेको तथ्याङ्कले देखाउँछ । सिसिटिभिको पहुँच न्यून र सीमित ठाउँमा मात्र ट्राफिक प्रहरीको उपस्थितिका कारण मापसे र लापसे गरी सवारी चलाउने प्रवृत्ति बढ्दो देखिन्छ ।

यस्तो प्रवृत्तिलाई निरूत्साहित र मापसे र लापसे नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले विभिन्न समयमा विविध नीति लागु गरी सफल र प्रभावकारी कार्यान्वयन गर्दै आएको छ । लागु औषध सेवनले सेवनकर्तालाई मात्र नभई परिवार, समाज र देशलाई नै प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेको छ । कालान्तरमा यसले परिवार, समाज र देशलाई नै नकारात्मक असर पार्नुका साथै राष्ट्रिय रूपमा राज्यको सम्पत्ति अनुत्पादक क्षेत्रमा खर्च भई राष्ट्रलाई ठूलो नोक्सान हुने तथा उर्जाशील जनशक्ति गलत बाटोमा लाग्दा राष्ट्रलाई दूरगामी प्रभाव पारिरहेको हुन्छ ।

नेपालमा खास गरी साथीभाइको संगत, बढ्दो बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागु पदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारीका चिन्तन आदिले नेपालमा लागु पदार्थको दुरुपयोग बढ्दो छ । परिवारका सदस्यहरू पनि आफ्ना बालबालिकाको क्रियाकलापबारे सचेत हुन आवश्यक छ । युवावर्ग भविष्यप्रति सचेत भई यसको सेवनबाट टाढा रहन सक्नुपर्छ । नेपाल प्रहरीले लागु औषध प्रयोग र कारोबार हुने ठाउँको पहिचान गरी त्यस्ता ठाउँमा कारबाही तीव्र पारेको छ । जनचेतनामूलक कार्यक्रम गरिरहेको छ । प्रहरीको साथै अन्य सरकारी तथा गैरसरकारी संघ संस्था, सरोकारवाला निकाय र आम नागरिक मिलेर सक्रिय हुँदै कामप्रति समर्पित हुन सके यस अपराध नियन्त्रणमा थप सफलता मिल्छ ।

विश्वव्यापी साझा समस्याको रूपमा रही आएको लागु औषधको प्रयोग नेपालमा पनि समस्याको रूपमा देखा परेकोले यसको निरुत्साहन गर्ने ध्येयका साथ नेपाल सरकारले ‘‘लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३’’ कार्यान्वयनमा ल्याएको छ। साथै यही नीतिले लक्षित गरेका उद्देश्यानुरूप “लागु औषध दुर्व्यसन रहित स्वस्थ र समुन्नत समाजको प्राप्ति” का लागि आर्थिक, सामाजिक, सांस्कृतिक पक्षमा बहुआयामिक कार्यक्रम सञ्चालन गरी लागु औषध दुर्व्यसन रहित समाजको सिर्जना गर्ने लक्ष्यानुरुप लागु औषध नियन्त्रण रणनीति, २०६६ को कार्यान्वयन गर्दै यसबाट प्रस्तुत लक्ष्यहरू पूरा हुने अपेक्षा गरिएको छ। लागु पदार्थको अवैध ओसारपसार, कारोबार एवं आपूर्तिमा कडाइका साथ नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउन विभिन्न नियन्त्रणमूखी कार्यक्रम सञ्चालन गर्नु पनि उत्तिकै जरुरी छ । यसैगरी लागु पदार्थको अवैध खेती एवं ओसारपसारलाई निरुत्साहित गर्न विभिन्न दबाबमूलक कार्यक्रमका साथै सोसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी

तुल्याउनु आवश्यक देखिन्छ।

लागु पदार्थ सेवन गरी सवारी साधन चलाउँदा चालकको मात्र नभइ यात्रुहरूको जीवन समेत जोखिममा पर्ने भएकाले आफ्नो नागरिक दायित्वको महसुस गर्दै कही कतै आफू सवार सवारी साधनका चालकले लागु पदार्थ तथा मादक पदार्थ सेवन गरेको शंका लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय र कन्ट्रोल रुमको हटलाईन नम्बरहरू १०० र १०३ मा जानकारी गराईदिने हो भने त्यस्ता चालकलाई नियन्त्रणमा लिन र सम्भावित दुर्घटना रोक्न ठूलो सहयोग पुग्छ। सवारी धनिले पनि आफ्नो चालक के गदैछ, उसको व्यवहार, साथी संगती कस्तो छ ? कतै लागु औषधको कुलततीर पो लागेको छ कि ? त्यसको सुक्ष्म निगरानी राख्दै सजग सचेत र संवेदनशिल हुने हो भने यसका कारण सडकमा हुन सक्ने सम्भावित क्षतिलाई रोक्न ठूलो मद्दत पुग्ने देखिन्छ। यदि हामीले देखे बुझेका यथार्थ सूचना तथा जानकारीहरू प्रहरीलाई दिएर सहयोग तथा नागरिक दायित्व बहन गऱ्यौ र सरोकारवाला निकायले पनि आ-आफ्नो भूमिका र दायित्व बहन गर्दै सडक सुरक्षा प्रति सजग, सचेत र संवेदनशिल बन्ने हो भने निश्चय पनि लागु पदार्थ सेवनबाट बाटो बिराउदै गएका केही चालकहरूलाई कुलतमा फसेर धरापको जीवन बाँच्ने होइन, जिम्मेवारी सहित गन्तव्य तय गर्नु गराउनु पर्छ भन्ने भावनाको विकास गराउदै आफ्नो पेशाप्रति थप इमान्दार भई असल बाटो रोज्न लगाउने बनाउन पो सकिन्थ्यो कि ? ♦♦♦

कविता

## यो मेरो देश



✍ **इन्द्र कुमार श्रेष्ठ 'सरित'**

तिमीबाहेक
मेरो अर्को संसार छैन
तिमीलाई छाडेर मेरो अर्को
प्रेमको परिभाषा पनि छैन
त्यसैले तिमी नै मेरो प्रेम
तिमी नै मेरो परिचय
तिमी नै मेरो प्रतिष्ठा
तिमीले दिएको जमिनबाहेक
मेरो लागि टेक्ने अर्को धर्ती छैन
मेरो देश
तिम्रै मायामा म आकण्ठ डुबिरहेको बेलामा
हर रात सपनीमा ऐठन हुन्छ
सपनीमै तर्सिन्छु म
ब्युँझिन डर लाग्छ मलाई
विपनीमा आँखा खोल्दा
कतै मेरो भूगोल खोसिएको त हुन्न ?
कतै मेरो परिचय फेरिएर
नागरिकता नयाँ बनाउँनु पर्ने त हुन्न ?

संस्मरण

# फेरि क्षेत्रवास



✍ **लीलाराज दाहाल**

परिवारमा बिमारी परेपछि सबै सदस्य हत्तु हैरान परिन्छ । मन भित्रैदेखि दुखिरहेको थियो । यस्तो असाध्य रोगले छोए पनि बुबालाई बचाउन सकिन्छ कि भन्ने आशाको लहर मेरो अनुहारमा पनि सलबलाइरहेको थियो । हामीले नभ्याउँदा मेरी पत्नी इन्दिरा र भाइ बुहारी गङ्गाले पनि अस्पतालमा बुबाको हेरचाह गरिरहेका थिए । छोरा ईश्वर र भतिजो सन्देश आफ्नो पढाइ छोडेर पनि अस्पताल पुगिरहेका थिए । नातामा पर्ने विभिन्न व्यक्तित्वहरूले यही रोगका कारण प्राण त्याग्नु भएको भएपनि आफ्नै परिवारमा पर्दा भने आफैं भित्रैदेखि गलिँदो रहेछ ।

बुबाले खाना खान छोड्नु भएपछि भने डाक्टरहरूको समूह बुबाको पेटको शल्यक्रिया तत्काल गर्नुपर्ने निस्कर्षमा पुग्नु भएको थियो । शल्यक्रिया त गर्ने तर बुबाको शरीरमा हेमोग्लोबिन र प्रोटिनको मात्रा भने असाध्यै न्यून थियो । २०८०

चार दाजुभाइमध्येमा सबैभन्दा निरोगी मानिनु हुन्थ्यो बुबा ! सामान्य बिमारी हुनु त स्वभाविक हो तर थलै पर्नेगरी बुबा बिरामी नहुनुभएको धेरै भइसकेको थियो । ७९ वर्षको उमेरमा पुग्दा भने बुबा अलि कमजोर देखिन थाल्नु भयो ! बुबाको सङ्घर्षमय जीवनले पनि रोग व्याधिमाथि विजय हासिल गर्नु भएको हो कि जस्तो लागेको छ मलाई ।

आँखाको मोतियाविन्दुले बुबालाई अप्ठ्यारो पार्न थालेपछि आँखाको उपचार गराउन काठमाडौं ल्याइएको थियो । आँखाको उपचार चल्दाचल्दै कब्जियतले पनि सताउन थाल्यो । खानामा रूचि घट्न थालेपछि पेटको उपचार शुरू गरियो । भाइ मार्फत वीरेन्द्र अस्पताल छाउनीमा भर्ना गरी शुरू गरिएको उपचार र विविध प्रकारका परीक्षण पश्चात बुबालाई ठूलो आन्द्रामा क्यान्सर भएको निक्यौंल भयो । क्यान्सर विभिन्न स्थानमा फैलिएको र कलेजोमा पनि गम्भीर असर पारिसकेको रहेछ । उपचारको क्रममा भाइ उमेश पनि अहोरात्र खटिरहेको थियो । हाम्रा दिनचर्या बदलिएका थिए । हाम्रा दिन अस्पतालमा बितिरहेका थिए । खान र सुत्नको कुनै ठेगान थिएन ।

साल मङ्सिर २३ गते बुबाको शल्यक्रिया सफल भयो र हामीले पनि सन्तोषको श्वास लियौं ।

अब शल्यक्रिया विभागले बुबालाई अङ्कोलोजी विभागमा सिफारिस गरेको थियो ।

क्यान्सर रोग विशेषज्ञ डाक्टर सुनीलकुमार श्रेष्ठले केमोथेरापीको तयारी गर्ने क्रममा यस रोगको पहिचान गर्ने सम्बन्धमा धेरै महत्वपूर्ण कुराहरू बताउनु भएको थियो ।

उहाँले भन्नुभयो, "कुनै पनि व्यक्तिलाई अकारण पखाला लाग्ने र कब्जियत हुने भइरह्यो भने चाहिँ आन्द्राको क्यान्सरको सम्भावना अधिक हुन्छ ।"

बुबाको उमेर, शारीरिक अवस्था र भर्खरै गरिएको शल्यक्रियाका कारण पनि बुबाले केमोथेरापीका जटिलताहरू थेग्न सक्ने अवस्था थिएन । निरन्तर रूपमा हेमोग्लोबिन र प्लेटलेटको मात्रा घटिरहेको थियो । त्यसैले डाक्टर सावहरू पनि केमोथेरापीको उपचार पद्धतिबाट अपेक्षित लाभ हुनेमा शङ्कित नै हुनुहुन्थ्यो । अन्तमा डाक्टरले निस्कर्ष सुनाउनु भयो, "बुबालाई घरमै राखेर हेरचाह गर्नुहोस् । मन लागेको कुरा खान दिनुहोस् ।"

जतिसुकै मन थाम्न खोजे पनि भित्रैदेखि बिचलित हुँदै थियौं । सम्भावनाका क्षेत्रहरू पहिल्याउँदै पनि थियौं ।

कसैको केही सीप लागेन। वैकल्पिक उपचारका सम्भावनाहरू सिमित हुँदै गए । बुबा केही समयको मात्रै पाहुना हो भनेर मान्न मन तयार थिएन।आखिर यो असाध्य रोगले बुबालाई लगि छाड्यो । २०८१ साल वैशाख ८ गते शनिबार बेलुकी ४:३० बजे तिर बुबाले प्राण त्याग गर्नुभयो । सबै परिवारहरूका बिच बुबाले आँखा चिम्लनु भयो । रूवाइको ध्वनिले घर कोलाहलमय बनेको थियो । सम्झाइ बुझाइ गर्नुपर्ने मानिस नै रूने कार्यक्रममा सामेल भएपछि परिस्थितिलाई कसले सम्हाल्ने । झमक्क साँझ पर्दासम्म पनि म अन्यौलताको पोखरीमा डुबिरहेको थिएँ । बागमती नदीको किनारमा बुबाको अन्तिम दाह संस्कार सम्पन्न गरी राति करिब १० बजे तिर हामी घर फर्कियौं । हामीले मान्दै आएको संस्कारले हामीलाई सेता कपडा पहिर्याएर कोराभित्र हुलिदियो।

कोठाको एक कुनामा आमा सेतै परिधानमा कुचुक्क परेर बस्नु भएको थियो । आमाको सिउँदोबाट सिन्दुर पुछिइसकेको थियो । हातका चुराहरू फुटिसकेका थिए । अब एक कुनामा म र भाइ, अर्को कुनामा आमा । अर्को कोठापट्टि आमाका बुहारीहरू र छोरी बसेका थिए । परेपछि भोग्नु पर्छ भनेको यही हो ।

समाज र संस्कारले हामी किरियापुत्रीका लागि कडा नियम बनाइदिएको छ । हामीले कसैलाई छुन नहुने, कसैले पनि हामीलाई छुन नहुने ! छोएमा फेरि क्षेत्रवास बस्नुपर्ने ! क्षेत्रवासका दिन केही खान नहुने ! दाँत माझ्न नहुने, सावुनले हात धुन नहुने ! पाँचसय वर्षअघि जेजस्तो गरिन्थ्यो अहिले पनि सोही मुताविक गर्नुपर्ने आचारसंहिता बनेको थियो ।

नियम पनि थरिथरिका हुँदा रहेछन् । पुरोहितको छुट्टै नियम, वरिपरि झुम्मिने आगन्तुकहरूका छुट्टै नियम, दाजुभाइका छुट्टै नियम, यस्तो कर्म गरिसकेका भुक्तभोगीहरूका छुट्टै नियम, घरका महिला सदस्यहरूका छुट्टै नियम । यी छुट्टाछुट्टै नियमहरू पालना गर्न पनि कति गाह्रो ! हाम्रो संस्कार भन्ने कि कुसंस्कार भन्ने ! कुसंस्कार भन्ने आँट जुटाउन पनि गाह्रो रहेछ ! हप्की दप्की खानुपर्ने ! दोस्रो दिनदेखि दशौं दिनसम्म बिताउन एक युग जस्तो लाग्ने रहेछ । दिशा पिसाव गर्न जान पनि पालो पहरा चाहिने । बिरालो, कुकुर जस्ता जनावर बाट सधैं टाढै रहनु पर्ने जस्ता कठिनाइपूर्ण दिनहरूको स्मरणले पनि सारा शरीर सिरिङ्ग हुने रहेछ । यो समाज सितिमिति परिवर्तन नहुने रहेछ भन्ने कुरा मजाले भोगिँदै थियो ।

यस्तो बेलामा सामाजिक सहयोग भने मज्जाले पाइँदो रहेछ । पुगनपुग, सर सहयोगका लागि छिमेकीहरूले बढाएका हातहरूले मनमा निकै ढाडस दिँदो रहेछ । क्षेत्रवासका दिन ढिकुरो उठ्दो रहेछ अनि त्यसको भोलिपल्टदेखि ढिकुरोको पूजा ! ढिकुरे भाइहरू वरिपरि जुट्दा रहेछन् । ढिकुरे भाइहरूलाई पनि सधैं आइपुग्न कठिनाइ ! दूरीमा अलि टाढा भए पनि मधु दाइ डालो बोक्न खटिनु भएको थियो भने उहाँलाई ल्याउने लैजाने र हामीलाई खानपिनको व्यवस्थापन गरिदिने कार्यमा जीवन भाइ खटिए । डाले दाइको उपाधिले फुरूक्क परेका मधुदाइ हौसी हौसी काम गरिरहेका थिए । अरू अरू दाजुभाइहरूलाई पनि सहयोग गरेको जस्तो पनि देखाउनु छ, सहयोग गर्न मन छैन फिटिक्कै ! एकजना भाइले त भनी पनि हाले, “खर्चवर्च छ कि छैन नि ! भनिहाल्नु है ! मसँग नभए पनि साहुले पत्याउँछन् मलाई !”

“धन्यवाद भाइ । अहिलेसम्म चल्दैछ ।” यति भनेर मैले कुरा टुग्याउन खोजें। भोलिपल्ट उसैले फेरि भन्यो, “पुरोहितलाई दान दक्षिणा राम्रै गर्नु पर्छ नि । गरूड पुराण भन्नेलाई पनि ठग्नु हुँदैन । थाहा छ कि छैन ।”

आफूलाई मनभरि सन्ताप छ । केही ढिकुरे भाइहरूलाई चाहिँ पुरोहितले पाउने दान दक्षिणाको चिन्ता छ । यस्ता दाइभाइहरू हामीलाई सहयोग गर्न जम्मा भएका हुन् कि हामीलाई खाल्डो खनेर पुर्न जम्मा भएका हुन्, मैले बुझ्न सकिरहेको थिइनँ ।

अब सरसामान जुटाउने समय आउँदै थियो । पहिले जे परेपनि हामी छौं भन्ने केही ढिकुरे भाइहरू पछिपछि हट्दै थिए । एघारौं कसरी गर्ने भन्ने कुरामा उनीहरू हामीलाई निर्देशन गर्दै थिए। कुनै बाहुनलाई खोजेर काट्टो खुवाउनु पर्छ भनेर उनीहरू हामीमाथि दवाव बढाउँदै थिए । हामीले मानेनौं । यस विषयमा भाइ उमेश र म एकमत थियौं । काट्टो खुवाउने अमानवीय प्रथालाई हामी कुनै हालतमा स्वीकार गर्दैनौं भनेपछि उनीहरू अलि टाढाटाढा हुँदै गैरहेका थिए । तेह्रौं

पुण्यतिथिका दिन शैयादान गर्ने बेला कसैले सुनको प्रतिमाको कुरा उठायो । म छक्क परें ! एक टुक्रा सुन नलगाई बुबा आफ्नो भौतिक जीवन त्यागेर पण्डाहरूले भन्दै आएको स्वर्गीतिर लागिसक्नु भयो, अब यहाँ सुनको प्रतिमाको खोजीमा पुरोहित आत्माहरू तड्पिरहेका थिए ।

जेनतेन बुबाको काजकिरिया सम्पन्न गर्यौं । व्यवहारिक कठिनाइका कारण कपडा फुकाउने निर्णय गरियो । यस विषयमा पनि व्यवधानहरू सिर्जना भए । यस विषयमा नजिकका काकाको पनि बिमति रह्यो । शोकको घडीमा हामीलाई सम्झाइ बुझाइ गर्नुपर्ने बेलामा उहाँले हामीलाई गाली गरिरहनु भएको थियो । उहाँको आशय थियो-सेतो कपडा लगाएर एकवर्ष पनि बाबुको शोक बोक्न नसक्ने गधा हौ तिमीहरू । गाउँको मामा पर्ने एक जना व्यक्ति पनि निकै कुर्लिए । उनको नजरमा कपडा फुकाएर हामीले ठूलो अपराध गरेका थियौं । उनले आक्रोशित हुँदै भने, "तिमीहरूको बाबुप्रतिको भक्ति पनि देखियो । एक वर्ष सेतावश्त्र धारण गर्न नसक्ने तिमीहरू कसरी छोरा भयौ । बाउ बारबार मर्दैनन् त ।"

यिनको धार्मिक कट्टरताको वचन वाणले गर्दा हाम्रो मन छियाछिया भएको थियो । भाइले त यिनलाई मुखभरिको जवाफ दिइ पनि सकेको थियो । म भने यस्ता मोटा बुद्धिसँग किन सवाल जवाफ गर्नु भनेर चुप लागेर बसेको थिएँ । सामान्य परिवर्तनलाई पनि स्वीकार गर्न नसक्ने यी आदिम पण्डाहरूसँग केही गरी नसकिने रहेछ । यस्ता संस्कारहरूलाई सरल बनाउँदै लगेर सबैलाई सहज हुने बनाउनु पर्नेमा देखासिकि गर्दै जटिल बनाएर संस्कार सिध्याउन र धर्मान्तरण गराउन यस्ता स्वाँठ पण्डाहरूको पनि हात रहेछ भन्ने बुझ्दा भित्रैदेखि मन दुखिरहेको थियो ।

यी पुराना सोचका मानिसहरूका नजरबाट जोगिँदै बुबाको काज किरिया सिध्यायौं। बुबाको आशिर्वादले गर्दा हामीले फेरि फेरि दोहोरो क्षेत्रवास बस्नु परेन । ♦

**अपराधीलाई झस्काउछ घरी घरी,**
**तपाईंको सुरक्षामा छ, राष्ट्र सेवक नेपाल प्रहरी।**

# विश्व मानचित्रमा नेपाल र नामाकरण



✍ त्रिचन्द्र प्रतीक्षा

विश्व मानचित्रमा नेपाललाई हेर्दा पृथ्वीको सबैभन्दा ठूलो उत्तरी गोलार्द्धमा रहेको एसिया महादेशको बीच भागमा चीन र भारतको सिमाना भएर हिमालयको काखमा पूर्व-पश्चिम ५१२ माइल र उत्तर-दक्षिण ९० देखि १५० माइलसम्म फैलिएको छ।

पृथ्वीको कुल क्षेत्रफलमा नेपालको भूमिले करिब ०३ प्रतिशत र एसियामा ०.३ प्रतिशत भू-भाग ओगटेको छ। नेपालको भू-खण्डलाई नियाल्दा यो स्वीट्जरल्याण्ड भन्दा तेब्बर र श्रीलंका भन्दा दोब्बर छ भने उत्तरको विशाल छिमेकी राष्ट्र चीन भन्दा ६५ गुना र दक्षिणको छिमेकी राष्ट्र भारतभन्दा २२ गुना सानो छ।

विश्व मानचित्रमा १,४७,१८१ वर्ग किलोमिटर क्षेत्र ओगटेको नेपाल एक सानो राष्ट्र भए पनि यस भित्रका विविधता नै यसका विशेषता हुन् यति सानो चौडाइलाई मात्र समेटेर पनि ८८४८ मिटरको सर्वोच्च शिखरदेखि तराईको झापाको किचनाकलन (नेपालको सबैभन्दा कम उचाईको जमिन) ७० मिटरसम्मको उचाइलाई नेपालले समेटेको छ।

२०७८ सालका जनगणनाका नतिजा अनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ। जसमध्ये पुरुषको संख्या १,४२,५३,५५१ (४८.९८ प्रतिशत) र महिलाको संख्या १,४९,११,०२७ (५१.०२ प्रतिशत) छ। कुल जनसंख्यामध्ये अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ। सबैभन्दा बढी वार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला भक्तपुर (३.३५ प्रतिशत) र सबैभन्दा कम वार्षिक औसत जनसंख्या वृद्धिदर भएको जिल्ला रामेछाप (-१.६७ प्रतिशत) रहेका छन्। १० वर्षमा नेपालको जनसंख्या करिब २७ लाखले बढ्यो।

प्राचीनकालमा हाम्रो देश पूर्वमा आसामदेखि पश्चिममा कश्मिरसम्म विशाल भएर फैलिएको पाइन्छ। मध्यकालमा आएर अनेकौं टुक्रामा विभाजन भयो। पृथ्वीनारायण शाहबाट थालनी भएको एकिकरण अभियानबाट यसले पूर्वमा सिक्किम र पश्चिममा गढवालसम्म विस्तार

हुन सकेको थियो । तर वि.सं. १८७३ मा अङ्ग्रेजसँग भएको सुगौली सन्धि अनुसार यस देशको क्षेत्रफलले निकै खुम्चिनु पऱ्यो पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म मात्र सीमित भयो ।

भौगोलिक विविधतालाई केलाउँदा नेपाललाई तीन भागमा विभाजन गरेको पाइन्छः

१. हिमाली क्षेत्र- ४,८७७ मिटरदेखि ८८४८ मिटरसम्मको जम्मा १५ प्रतिशत

२. पहाडी क्षेत्र- १,८२९ मिटरदेखि ४८७७ मिटरसम्मको जम्मा ६८ प्रतिशत

३. तराई क्षेत्र- ७० मिटरदेखि ३०८ मिटरसम्मको जम्मा १७ प्रतिशत ।

हाम्रो देशको नाम नेपाल कसरी रहन गयो भन्ने कुरामा भिन्नभिन्न धारणा रहेको देखिन्छ । लोकोक्ति छ- कुनै बेला काठमाडौँ उपत्यका एक ठूलो पोखरीको रुपमा थियो । फेरि भनिन्छ, काठमाडौँ उपत्यका एक पटक हिमपातको लहरमा पर्न गई तलाउमा परिणत हुन गएको हो । तलाउको पानी सुक्न अढाई लाख वर्ष लाग्यो । आजभन्दा करिब अढाई लाख वर्ष पहिलो उपत्यकाको पानी सुकेर गएपछि क्रमशः पुनः सभ्यताको प्रारम्भिक भयो ।

बौद्धमतानुसार मञ्जुश्रीले पहाड काटेर पानी सुकाएपछि ज्योतिर्लिङ्गको दर्शन पाएर शहर बसाई आफ्ना शिष्य धर्माकरलाई राज्य दिए । हिन्दू ग्रन्थअनुसार बाग्मतीको पानी छेकेर बसेको असुर (कच्छपासुर) लाई मारी विष्णुले चोभार र कटुवाल दहको बाँध फोरी थुनिएको पानीलाई बाहिर निकालेर जमिन सुक्खा गराई यस रमणीय उपत्यकालाई बस्ती बसाई गुल्जार गराउने कार्यभार 'ने' नामको मुनिलाई सुम्पेका थिए । हिन्दू-बौद्ध पौराणिक आधारमा मात्र नभइ आज भूगर्भशास्त्रीहरूबाट पनि काठमाडौँ उपत्यका एक पटक नागदह पोखरीको रूपमा परिणत भएको थियो भन्ने कुरा पुष्टि गरिसकेको छ ।

विभिन्न धार्मिक ग्रन्थहरूमा समेत नेपालको नाम उल्लेख भएको पाइन्छ । जस्तैः स्कन्दपुराण, हिमवत् खण्डमा गण्डकी र कौशिकी (कोसी) नीलकण्ठ (हिमाल) र नटेश (भारतको चम्पारन जिल्ला अन्तर्गत नारायणीको किनारमा रहेको नटेश्वर नामक शिवलिङ्ग) को चौकिल्लाभित्र रहेको वन तथा स्थललाई सुखदायक देव क्षेत्र 'नेपाल' भनिएको छ । भने नेपाल माहात्म्यमा 'ने' अथवा 'नेमि' नाम भएका मुनिले पालना गरिएको हुनाले हिमालयको काखमा रहेको क्षेत्रको नाम 'नेपाल' रहन गयो भनिएको छ । नेपालको सीमा पूर्वमा सबै पाप नाश गर्ने पुण्य जला कौशिकी गङ्गा (कोसी), पश्चिममा त्रिशूली गङ्गा, उत्तरमा शिवपुरी र दक्षिणमा शीतलोदका (चिसापानी खोलो) बताइएको छ । यसै पुराणको

एकअर्को श्लोकमा उल्लेखगरिए अनुसार यस देशको नाम सत्ययुगमा 'सत्यवती' थियो भने त्रेतायुगमा 'तपोवन', द्वापरयुगमा 'मुक्तिसोपान' र कलियुगमा 'नेपाल' नाम हुन गयो भनिएको छ।

यस्तै, शक्तिसङ्गम तन्त्रमा तिब्बती भाषामा 'ने' भनेर 'पवित्र गुफा' लाई र 'पाल' भनेर 'समूह' लाई भनिन्छ । पवित्र गुफाहरूले परिपूर्ण भएको देश 'नेपाल' भनियो । काश्मीरदेखि पूर्व कामरूपदेखि पश्चिम सम्पूर्ण पहाडी भू-भाग नेपाल नामबाट सम्बोधित गरिन्छ भनिएको छ।

अग्रवाल जातिका प्राचीन इतिहासका अनुसार अग्रवाल जातिका पूर्वजहरूमा धनपालका वंशज नेमि नाथले एउटा नयाँ देश स्थापना गरेको हुँदा 'नेमिपाल' नाम रहन गएको थियो भने त्यसैको अपभ्रंश भई 'नेपाल' भनियो भनिएको छ।

पाणिनी, अष्टाध्यायी ग्रन्थमा 'मुनि' को अपभ्रंश भई 'ने' हुन गएको र 'पाल' भनेको चाहिँ 'समूह' हुनाले मनिहरूको समूहले निवास गर्ने गुफाहरूले परिपूर्ण प्रदेश भन्ने अर्थमा 'नेपाल' भनेर सम्बोधन गरियो यसै ग्रन्थको अर्को श्लोकमा न्यायद्वारा पालिएको देश हुनाले 'नयपाल' भन्ने ठाउँ रहन गएको र त्यसैको आधारमा 'नेपाल' हुन गएको होला भन्ने उल्लेख गरिएको छ।

पुरातात्विक साधनमा समुद्र गुप्तको प्रयाग स्तम्भाभिलेख र नेपालमा लिच्छवि राजाहरूका ६ वटा अभिलेखहरूमा नेपाल शब्द उत्कीर्ण गरिएको छ । चिनियाँ यात्री हुयानृत्साङ्गले नेपाललाई 'निपोलो' लेखेका छन् भने तिब्बतीभाषामा 'वालयुल' वा 'वाल्पो' भनि लेखिएको पाइन्छ। मङ्गोलियाली भाषामा नेपाललाई 'बाल्वा' भन्दछन् ।

नेपाल शब्द सर्वप्रथम 'अभर्व परिशिष्ट' (ई.पू. ६००-८००) मा उल्लेख भएको देखिन्छ । भने महाभारतमा एउटा यस्तो प्रसङ्ग पाइन्छ जसको आधारमा त्यसबेला पनि 'नेपाल' नामको देश रहेको कुराको पुष्टि हुन्छ।

**प्रययौ च दिशः सर्वान् नृपतीन् वशमानयात्।**
**स हैमवतिकान्जित्व करं सर्वानदापयत्॥६॥**
**नेपाल विषये ये च राजानस्ता नवाजयत्।**
**अवर्तीय ततः शैलात् पूर्वा दिशमभिद्रुतः॥७॥**

यसको अर्थ- त्यहाँबाट सबै दिशामा गएर उनले सबै राजालाई जितेर हिमालय प्रदेशका राजालाई जितेर उनीहरूबाट कर लिए । त्यसपछि नेपाल देशको राजालाई पनि जिते। त्यसपछि उनी हिमालयबाट ओर्लिएर पूर्वतर्फ लागे।

यो प्रसङ्गले हिमालय श्रृंखलामा 'महाभारत' कालभन्दा पहिलेदेखि नै नेपाल एउटा गणनायोग्य अर्थात् समृद्ध देश रहेको कुराको पुष्टि हुन्छ।

(स्रोतः महाभारत दोश्रो खण्ड

पेज नं. १६६५, शक्तिसङ्गम तन्त्र, श्लोक ३३, नेपाल माहात्म्य अध्याय ५, श्लोक ३-५ र नेपाल माहात्म्यकै अध्याय ११, श्लोक ६१-६२, पाणिनी अष्टाध्यायी ग्रन्थ २।२।२४, स्कन्दपुराण, हिमवत्‌खण्ड अध्याय ७० र ७२ र नेपाल परिचय) । ♦

कविता

# आफ्नै अनुहार भुल्नै त हो !



✍ **जयश्वर रिमाल**

जंगलको बिचमा चलेको मन्द बतासले
गुँडमा बसेको चरी मदहोस् भो ।
चराहरूको चिरबिर कम हुँदै जाँदा,
रातको मधुरता छिप्पिदै गो ।।

शीतल पवनले आवधिक विश्राम लिँदा,
हठात् उसको जवानी झर्रिंदै गो ।
चाहना असीमित अनि गन्तव्य अनिश्चित हुँदा,
छटपटिरहने उसको गति बेलगाम भो ।।

जंगलको बिच प्रयोग नै नहुने बाटोमा डोजर चलाउँदा,
वनजंगल विनाश हुने नै भो ।
अर्थहिन उडान नभर्न सुझाव दिनेलाई पेल्दै, थिच्दै र निचोर्दै जाँदा
यात्राका सारथीहरू छिमलिँदै गो ।

आफ्नामा रमाई राम्राहरूलाई पाखा लगाउँदा,
सज्जनहरूलाई समेत गुमाउँदै गो ।
असुरक्षित उडानमा साथ नदिनेलाई लछार्दै, बडार्दै अनि टुक्र्याउँदै जाँदा,
उसकै गन्तव्य प्राप्ति अनिश्चित भो ।।

स्वार्थका खातिर निर्णय फेरिरहँदा
बहुरुपी पहिचान नि बन्ने नै भो ।
सक्कली ऐनामा आफूलाई नजाँच्दा,
आफ्नै अनुहार भुल्ने त हो ।।

नियात्रा

# कोन्ज्योसोम नल्लुमा पाथीभराको उज्यालो



✍ घनबहादुर थापा

'भोलि बिहानै पाथीभरा मन्दिर दर्शन गर्न जाऔं है !' झम्के साँझमा चिया सुरूप्प पार्दै सावित्रीजीले प्रस्ताव गरिन् ।

'त्यति टाढा पुग्नुपर्छ । बिना पूर्वयोजना कसरी जान सकिन्छ र ?' मैले प्रश्न गरेँ । 'अफिसमा बिदा पनि लिनु पर्‍यो । साथीसङ्गी पनि जुटाउनु पर्‍यो ।' सुझावको शैलीमा प्रस्तुत भएँ ।

'भोलि शनिबार, बिहान गएर बेलुकी फर्किने त हो नि ! अनि किन चाहियो बिदा, योजना र साथीसङ्गी ?' सावित्रीजीको सहज उत्तरले म अलमलिएँ ।

'पाथीभरा' भन्ने बित्तिकै ताप्लेजुङ सम्झेछु । म अलमलिनु र सावित्रीजीले व्यङ्ग्य मुस्कान छोड्नु लगभग एकैसाथ भयो । उनले प्रस्ट पार्दै भनिन्, 'ललितपुर नल्लुको पाथीभरा क्या !' 'ए, मैले त ताप्लेजुङ जाने भन्ने पो बुझेछु ।' लजाएको आवृतिमा मेरो प्रतिक्रिया फुत्कियो ।

वि.सं. २०७९ जेठ २८ गते बिहान ८ बज्दै थियो । घामले घर अगाडिको मन्दिर माथि चढेर प्रकाश फाल्दै थियो । जेठको घाम यसै त चर्को भइहाल्ने भयो झन् चढ्दो बिहानीमा क्रमशः कडा हुँदै थियो । त्यही समयमा हाम्रो टोली घरबाट निस्कियो । आज ठिक दुई वर्ष पछाडिको जेठ २८ गते यी हरफहरू कोरिरहँदा त्यो दिनको स्मरण ताजा भएर आयो र कलम अघि बढ्न सहज पनि भयो ।

'अहिले त यातायातको सुविधा छ । मोटरसाइकल, स्कुटर पनि सजिलै जान्छ ।' यस्तै यस्तै जानकारी थियो हामीलाई । एउटा मोटरसाइकल र दुइटा स्कुटरमा ६ जनाको टोली अगाडि बढ्यो । काठमाडौँ बानियाँटारबाट गोंगबु, लैनचौर, भद्रकाली, लगनखेल, लेले, नल्लुखोला किनारको चैत्य हुँदै बिहान १० बजे पुगियो, नल्लु पाथीभरा । केही ठाउँमा बाटो थाहा नपाएर अलमलमा परियो । सोध्दै खोज्दै हाम्रो यात्राले करिब दुई घण्टाको समयमा गन्तव्य टेक्यो ।

अहिले ठ्याक्कै सम्झना भएन तर मोटरसाइकलको दूरी मापन यन्त्रले काठमाडौँदेखि नल्लुसम्मको दूरी करिब २४/२५ किलोमिटर देखाएको थियो ।

छिनमै पक्की सडकमा सरर गुड्न पाइने । छिनमै कच्ची सडकले हैरान पार्ने । छिनमै उकालोले स्कुटर घ्यारघ्यार पार्ने । छिनमै ओरालीमा ब्रेक दवाउँदा हातै दुखाउने । गियरबिनाको स्कुटर त थाम्नै मुस्किल । गग्रानवाला कच्ची सडक त झनै खतरा । त्यसमाथि नागबेली बाटो उकालो ओरालो । यस्तै चुनौतीसँग जुध्दै बाटो काट्यौं ।

उता काठमाडौँ शहरका घरैघर हेरेर थाकेका आँखाले हरियाली वातावरण देख्न पाए । चैतको धुपमा रूखको सियाल छिचोल्दै अगाडि बढ्दा आएको आनन्द महसुस गर्दा लाग्यो सायद स्वर्ग यस्तै होला ! अग्ला डाँडाकाँडातिर मन बहलाउँदै गुड्दा कतै प्रकृतिको राजधानी पुगेको आभाष भइरह्यो ।

मन्दिर गेटमा पुग्दा माथि साइनबोर्डमा ठूला अक्षरमा लेखिएको देखियो, "ओम् जय श्री पाथीभरादेवी 'प्रतिकृति' मन्दिर, कोन्ज्योसोम गाउँपालिका नल्लु ललितपुर-स्थापना २०६७ ।" मूलद्वारमा दायाँबायाँ सिंहका प्रतिमा रहेछन् ।

भित्र पस्नासाथ रातो साडीमा सजिएकी पाथीभरादेवी झुलुक्क देखिइन् । सिंहमाथि चढेर गजधम्म बसेकी देवीका हातमा त्रिशुल र खड्ग चम्किएका थिए । छातीमा चुराको माला र निधारमा रातो टिका टाढैबाट प्रस्ट देखियो । मूर्ति अगाडि पाथी स्ट्याण्ड, नजिकै घण्टी, चन्दा बाकस, मण्डप, विविध भगवान्का वग्रेल्ती स-साना मूर्तिहरू र हरिया रूखहरूले मन्दिर परिसरको शोभा बढाएका देखियो ।

सावित्रीजी र सोनीजी छेउतिर लाग्नु भो, सगुन किन्न । नजिकै मेनु रहेछ, लेखिएको थियो-पाथीमा द्रव्य रू..., पाथीमा धान रू..., पाथीमा चामल रू..., मानामा द्रव्य रू... आदि । देवीलाई चढाउने तरिका पनि मेनुमै रहेछ, कति सजिलो !

हातमा धान भरिएको पाथी, चुरा, टिका, धागो आदिको पूजा सामग्रीको सगुन आएपछि तयार भइयो पूजामा सहभा गी हुन । पुत्र असिम, म आफै, दिनेशजी र बिपिनजी सावित्रीजी र सपनीजीको निर्देशनमा पूजामा सहभागी भइयो । पाथीभरादेवीलाई पछ्यौरी, साडी पनि चढाउने प्रचलन रहेछ ।

पाथीभरादेवी मन्दिर अवस्थित नल्लु क्षेत्र कोन्ज्योसोम गाउँपालिकामा पर्ने रहेछ । 'कस्तो अप्ठेरो नाम राखेका होलान् ?' प्रश्न उठ्यो । बुझ्दै जाँदा 'कोन्ज्यो' भनेको 'भगवान्' रहेछ । 'सोम' भनेको 'तीन' रहेछ । तीन भगवानको समूह भएकोले गाउँपालिकाको नाम नै कोन्ज्योसोम राखिएको रहेछ । 'भगवान्' शब्दलाई केन्द्रविन्दूमा राखेर नामाकरण गरिएको पवित्रस्थलको धार्मिक महत्व यो सानो संस्मरणमा के स्मरण गर्न सकिएला र ! तै पनि आफ्नो सीप र क्षमताले भ्याएसम्म

त्यहाँका गाउँले र व्यावसायीको मुस्कान झैँ सुन्दर बनाउने प्रयत्न चाहिँ छ।

संसारमा प्रकृति भन्दा ठूलो केही छैन। समथर जमिन हात पार्नेहरूले भन्दैछन्, हामीले कसैले गर्न नसकेको विकास गरेका छौं । तर जसलाई प्रकृतिले चारैतिर थुम्कै थुम्का र अग्ला होचा पहाड दियो, त्यहाँ विकास शून्य प्रायः छ । नागबेली बाटो र ओरालो उकालोले रेलमा सलल हैन दैनिक जीन्दगी जिउँन कठोर बनाइदिएको छ । तर त्यसले दिने प्राकृतिक सौन्दर्यको खुसी समथर भू-भागमा घामको तापले छटपटाएका अनुहारहरूले पढ्न सक्लान् र ?

नल्लु (१,८९० मिटर) पनि यस्तै पहाड बिचको थुम्को लाग्यो । समथर भूमिका रैथाने परिभाषाले त यो थुम्को थुम्को मै सीमित हुनुपर्ने हो तर आज यसको जुन उचाइ छ त्यो पाथीभरा देवी मन्दिरकै उपज मान्नुपर्छ। रमणीय उचाइमा स्थानीय जयबहादुर स्याङतानले तीन रोपनी जग्गा दान दिएपछि पाथीभरादेवीका भक्त रमेशकुमार श्रेष्ठको पहलमा नल्लु पाथीभरादेवीको २०६७ सालमा स्थापना भएको बताइन्छ। जे होस् यसले धार्मिक, सांस्कृतिक, आर्थिक र पर्यटकीय क्षेत्रमा पुऱ्याएको यागदानको कदर गर्नैपर्छ।

हामीले सुन्दै आएका थियौं, ललितपुर ऐतिहासिक, धार्मिक एवम् पुरातात्विक महत्वका हिसाबले विशिष्ट स्थान ओगटेको जिल्ला हो । आफ्नै आँखाले नजिकैबाट नियाल्दा यो तथ्य सत्य सावित भयो । जति नजिकबाट हेर्दै गयो त्यति महत्व बुझ्दै जान सजिलो सजिलो रहेछ। पाटन दरवार स्क्वाएर विश्व सम्पदा सूचीमा अङ्कित छ भन्दा नेपालीले गौरवानुभूति गर्दछौं। पाटन दरवार स्क्वाएर जस्ता अनेकौं प्रसिद्धस्थलहरूको साथै ललितपुरमा अवस्थित अन्य ठाउँहरूसँग साक्षातकार गर्न पाउँदा हाम्रो गौरवको पहाड झनै उँचो बन्यो।

नेपाल पहाडी मुलुक भन्ने त थाहा नै छ । तर उपत्यकामै यति उच्च पहाड सहितको भौगोलिक बनावट होला भन्ने कल्पना निकै न्यून थियो । नल्लु र वरिपरिको पहाडी भूगोल साँच्ची नै नेपाल चिनाउने गतिलो अस्त्र सावित भएको छ। उता बस्ती पनि घना छ, शहरी वातावरण झल्काउने । नजिकै वनजङ्गल पनि छन्, शान्तिको प्रतीक झल्काउने । नल्लु पाथीभरा मन्दिरदेखि पछाडीपट्टीको भागबाट निकै तल देखिने खोला, तालतलैया मन बहलाउन सहायकसिद्ध नै सावित भए । यस्तो भौगोलिक विविधताको सङ्गमस्थल दिनभरी दृश्यपान गर्दा पनि धित नमर्ने रहेछ, मरेन।

नल्लु पाथीभरा वरिपरि खासगरी तामाङ जातिको बाहुल्यता रहेछ । त्यस

भेगले जनजातिको रहनसहन थामेकै रहेछ । त्यसमाथि स्थानीय भेषभुषाले आफ्नै पहिचान पस्केको पाइयो । यस्तो विविधतासँगै स्थापित धार्मिकस्थलमा पाथीभरा देवीको मन्दिर सुनमा सुगन्ध सावित भयो । यसैकारण पछिल्लो समय पर्यटकीयस्थलको रूपमा विकशित भएको पाउँदा यो गाउँ अन्य ठाउँको लागि पनि उदाहरणीय बन्न सकेको पाइयो ।

हेर्दै, हिँड्दै, रमाउँदैको क्रममा स्थानीय परिकार चाख्ने रहर जाग्यो । छेउपट्टीको खाजाघरमा छिरियो । मन्दिरदेखि पछाडि पट्टीको गहिरो भागले अहिले पनि गहिरो स्मृति छोडेको छ । खाजाघरकी सञ्चालिका भन्दै थिइन्, 'गएको चैत ११ गते ठ्याक्कै १२ वर्ष पुगेर १३ वर्ष लाग्यो, यहाँ पाथीभरा देवीको मन्दिर स्थापना भएको । भैरवनाथ भने पहिलेदेखि नै थिए । हामी सानो बच्चा हुँदादेखि नै नरिवल चढाएको याद छ अझै ।'

तामाङ गाउँकी आमै खाजाघरमा व्यस्त थिइन् । हामीले राखेका जिज्ञासा मेटाउन सकभर कोसिस गरिन् । स्थानीय जातजाति, भाषाभेष, खानपान, रहनसहनबारे पुराना कुरा र अहिलेको परिवर्तनबारे जानकारी दिइन् । 'तामाङ गाउँ नै बढी छ यता । पहिले खेतबारीमा काम गर्न निकै दुःख थियो । शहर जान पनि पैदलै हिँड्नु पर्थ्यो । बाबै अहिले त यो ठाउँ पनि हेर्दाहेर्दै शहर नै भैसक्यो' उनले भनिन् ।

खाजा खाँदै गफ गर्दै गर्दा समयले नेटो काटेछ । खाजाले त अघायौं तर यहाँको सौन्दर्यपानले अघाएका थिएनौं । तै पनि हिँड्नु नै थियो । 'अब त जाऔं' हामी निस्किने तरखरमा लाग्यौं ।

'अहिले त होमस्टे सुविधा पनि छ । यतै बसे हुन्न र ?' खाजाघरकी सञ्चालक भन्दै थिइन् । 'पहिले त होटल, होमस्टे नभएकोले हतार हतार पुगेर फर्किनै पर्ने बाध्यता थियो । अहिले त्यो छैन, मज्जाले पाहुना बनेर बस्न पाइन्छ ।'

बस्न त मन थियो नि, तर समय नै दुश्मन छ । स्वच्छ सफा पानीलाई दुई अञ्जुलीको बिचमा राखेर सुरूप्प पार्न मन थियो नि ! जङ्गलले घेरिएको हरियालीमा मृगमरिचिका बन्दै लुट्पुटिन मन थियो नि ! धनाढ्य संस्कृतिलाई ग्वाम्लाङ्ग अँगालो हालेर चिरफार गर्न मन थियो नि ! तल बग्दै गरेको थोस्ने खोलामा झरेर असला माछा बन्दै सलल पौडी खेल्न मन थियो नि ! नजिकैको झरनामा लुगा सहितै भिजेर तामाङ सेलो गाउन मन थियो नि ! दिउँसो पाहारिलो घाम ताप्न र साँझ बिहान चिसो बतासमा घेरिन मन थियो नि ! तर के गर्नु यी सबै मन भाँचेर भोलि अफिस जानका निम्ति पनि आज काठमाडौँ फर्किनै पर्छ ।

बेगिलो हावाको झोक्का झन् बढ्दै थियो । सूर्यले पश्चिम डाँडो ताक्दै

थियो । मन्दिर वरिपरि चिया खाजाघर र फूल पसलमा तीर्थयात्रीको भीड कमी थिएन । उता मन्दिरको लाइनले त झन् पाथीभराको आकर्षण पुष्टी गरिरहेको थियो । 'हैन अब त दर्शन सकेर घर फर्किने बेला हैन र ? मान्छेहरू त अझै आउँदैछन् त ?'

'झ्याउँकिरी बास्ने बेलासम्म पनि भक्तजन यतै रमाएका हुन्छन् । आज त घाम, झर्खर ओर्लँदैछन् ।' तामाङ साहुनीले भनिन् ।

'ल है सेवा गर्नुस्, हामी त लाग्यौं' हात जोड्दै बिदा माग्यौं ।

सडकमा निस्किने क्रममा सिँढीहरू गन्दै गर्दा नजिकैको मकैबारीमा मकैका बोटहरूले हात हल्लाइरहेका थिए । 'हैन रोकिँदैन त हात हल्लाउन क्रम ?' मैले जिज्ञासा राखे जसरी जिस्काएँ ।

'हावा चल्न छोडे पो रोकिन्छ त !' कसैले हाँसेर जवाफ दियो ।

उमङ्गले फुर्किरहेको मनलाई ब्रेक लगाइयो । यसपछि ब्रेक लगाउने पालो स्कुटरमा । 'ठाडो ओरालो बाटो छ । ब्रेक थिच्नु पर्ने त कति हो कति !' मनमा उठे यस्तै प्रश्न र जिज्ञासा ।

पहिले ओरालो अनि उकालो । चढ्दै झर्दै गर्दा सिधा सडकमा पुगियो । अलि माथि पुगेपछि जङ्गल छिरियो । दिउँसै झ्याउँ झ्याउँ गर्दै झ्याउँकिरीले सङ्गीत पस्के । जङ्गल सकिएपछि हिलटप रिसोर्ट फेला पऱ्यो । त्यहीबाट देखियो ललितपुर शहरतिर को रवाफिलो सौन्दर्य । त्यही सौन्दर्य नियाल्दै अगाडि बढ्दा छिरियो धुलो, धुवाँ, सवारी साधनको जाम र घरहरूले घेरिएर आकाश समेत देख्न मुश्किल हुने शहरभित्र । अतासिँदै अगाडि बढ्दा कतिखेर बानियाँटारस्थित घर मा पुगियो पत्तै भएन । यात्रा हो, मान्छेको जिन्दगी, जय पाथीभरा माता ! ♦♦♦

## गीत



✍ **यशु श्रेष्ठ**

अहो मलाई शब्दसँग खेल्न आउँदैन
हो, कलाकारले झैं बुट्टा भर्न आउँदैन
तिमीले म भित्र पसेर हेर्न सक्यौ भने
हो बल्ल महसुस गर्ने छौं सागरका तरङ्गहरू

अहो मलाई भावना पोख्न पक्कै आउँदैन
हो मालीले झैं बगैंचा सजाउन आउँदैन
तिमीले यी आँखा पढ्न सक्यौ भने
हो बल्ल थाप्न पाउने छौं सगरका थोपाहरू

अहो मलाई बातहरू बनाउन आउँदैन
हो कविले झैं शब्दहरू सिँगार्न आउँदैन
तिमीले यो ढुकढुकीलाई सुन्न सक्यौ भने
हो बल्ल अनुभव गर्ने छौं सङ्गीतका सुसेलीहरू

कथा

# सौभाग्य



✍ बिन्दु अधिकारी ढकाल

फूलैफूलको मौसम बोटभरि अनेक किसिमका फल फलेका थिए । पाकेका केराका घरी यत्रतत्र देखिन्थे । बिहानी प्रहर त्यो क्षितिजको डाँडाबाट घाम वरवर सर्दै आए। त्यहाँ वर्तमानको उल्लास धर्तीको आँगनबाट माथि आकाशका तारा गन्न जसरी सकिन्न । हो, बुख्याचा नै गद्‌गदाएको त्यो दिन रहरै रहरले मन मगमगाएको त्यो छिन, बयान गरेर नथाक्ने समय थियो।

"नातामा सानी भए पनि उमेरमा म जेठी छु। यस कारण सबै भन्दा पहिला मेरो मर्यादा गर्नुपर्छ। त्यो कसरी गर्ने, तन मनले सिक्नु । नत्र मैले जानेकी छु...।" उसको उर्दी सुनेर कमिली तीन छक्क परी । उही कुरा पटक-पटक दोहोऱ्याउनाको कारण आफू प्रष्ट हुन हाकाहाकी प्रश्न सोध्नु पर्थ्यो तर खोई किन सोध्दै सोधिन।

हात्तीजस्ती उसले कमिला आकारकी कमिलीलाई हेपेकी त होइन ? एकाएक मेरो मगजमा प्रश्न उब्जियो। हुन त त्यो उनीहरू बिचको कुरा हो। आकाश खसेझैं चासो देखाएर उनीहरूमाझ पस्नु मेरो धर्म होइन तर बाहिर नबोले पनि भित्रभित्रै कमिली उदास थिई । उसलाई नरमाइलो महसुस भएको यथार्थता उसका आँखाले बताउथे।

यद्यपि किन बिछिप्त छौ भनेर मैले कमिलीलाई सोध्न सकिनँ । नयाँ जीवनको सुरुवात कुन तजविजले कसरी दिन बित्दै रात हिँड्दै पुनः साँझ टर्दो छ। म अञ्यानीक शब्द ओकल्ने हुनाले उही पारामा प्रस्तुत हुन कमिलीका घरमा त्यो दिन पाहुना पनि हुनाले धार बाहेक कुरा भएन। यदि मलाई हतार नहुँदो हो, जसरी पनि कुरा खोतल्थैं। मन न दुःखी मुहारमा बादल छाउदैन । लाग्छ, त्यही सेपलाई आँखाले अभिनय गर्छन्।

हामी बाल्यकालदेखिका साथी हौं। सँगै स्कुल पढ्यौं। जसले जे भने पनि कमिलीले मलाई विश्वास गर्छे । उसको भरोसालाई तोड्दिन भन्दाभन्दै मेरी जीवन साथी भइन तर मलाई उसको माया लाग्छ। हो, यो कुरा सत्य हो । अर्को सत्य मैले भन्दा केही गुना बढी उसले मेरो यत्न गर्छे। यसर्थ हामी भावनाको भावले भरिएका

घडा हौँ । जुन तरङ्ग उसका आँखामा छ । बस्, आँखामा । उसो त मैले बजाएको बासुरीको धुन नसुनेको क्षण कहाँ छ ? यो संसार नै मायामा अडिएको हुनाले कसैलाई माया गर्नु पाप होइन । बल्कि धर्म हो । अतः माया भनेको प्राप्ति मात्रै हुँदैन, त्याग पनि हो ।

उक्साउने पछार्नेको दुनिया त्यो हुलिया हेरी शर्मा परिवार असल हुन् । सबै पढेलेखेका जागिरे छन् । मसँग दोहोरो चिनजान नभए पनि यस विषयमा ढुक्क छु । जहाँसम्म जीवन बिताउने साथ र हातको कुरा छ, त्यो अशुभ सोच्नै हुँदैन । शुभसाइतमा बनेको जोडी अखण्ड राम्रो छ । जीवनको रथ महिलाविना पुरुष अधुरो अनि पुरुषविना महिला । आ-आफ्नो अस्तित्व स्वीकार्नु प्रकृतिको नियम हो । जे हुन्छ, राम्रोका लागि हुन्छ र जहाँ हुन्छ, त्यो पनि राम्रैका लागि हुन्छ । अकाट्य सत्य देखेकोले हुँदैन, लेखेकै चाहिन्छ ।

सानै उमेरदेखि कमिली शान्त स्वभावकी थिई । अरुकाबारेमा सोचेर र बोलेर समय नखर्चिनु उसको महानता हो । मित्रताको डोरी सँगै जुनी काट्न हाम्रो भाग्यमा रहेनछ । तथापि आ-आफ्नो ठाउँमा जे छौँ, ठिक छौँ । जिन्दगीको बाटो कति साथ जोडिन्छन् । कति साथ छुटिन्छन्, यसको गणितीय हिसाब छैन । चुरो कुरो धैर्यता हो । गुमाउनु पनि एक प्रकारले पाउनु नै हो ।

मनमा कुराको वेगले सगरमाथा आरोहण गरिन्न । हो, पाइलै नचाली टुप्पो त्यो चुचुरो कहाँ टेकिन्छ ? विद्यार्थी कालमा बुझ्ेको कुरा आफू स्पष्ट हुन प्रतिप्रश्न गर्नै पर्छ । भनाभन होला वा गाली पाइएला भनेर चुपचाप बसे समय पनि त्यसरी नै टोलिन्छ र ओइलिन्छ । मौका छोप्नेले मर्कै नडग्याए झैँ नडग्याउन बेर लगाउदैनन् ।

“दिनदिनै बच्चा हुर्किँदै जान्छन् । सात समुन्द्र पार भोलि विदेश नै पुग्लान् । त्यो मोहले नछोपे स्वदेशमै सरकारी/नीजि अड्डा धाएर पेट पाल्न कुनै न कुनै काम गर्छन् । यो पक्का हो । अनि, त्यो बेला पनि आफूचाहिँ घरै पुछेर र वर्तनै माझेर बूढी हुने ?” त्यस दिन पर्सीले प्रश्नको झटारो फालेको कमिलीले कतिको ख्याल गरेकी छ, उसलाई सोधौँ भन्दाभन्दै सधैँ भूल्दो रहेछु ।

हुन चाहिँ बारीको पाटामा पुगेको बललाई तल खोल्सामा फाल्दिए जसरी पर्सीले कमिलीलाई खसालेर बोलेको हो । यसमा दुई मत छैन । कर्मी मौरी जस्ता किसानले आफ्नो खेतबारी नजिकै खेल मैदान भए उफ्रीएर आएको बललाई कसरी हुर्‍याउछन् ? हो ठ्याक्कै ।

त्यो बेला गाउँको स्कुलमा चार कक्षादेखि एबीसीडी पढेकी कमिलीलाई अङ्ग्रेजी अप्ठ्यारो लाग्थ्यो । शिक्षकले नै हाउगुजी भर्दिएपछि सिकाइको स्तर कहाँ

पुग्यो ? अनुमान गर्न अप्ठ्यारो छैन । गणित पनि त्यस्तै सारो । अप्सनल म्याथ जो कोहीले आट्दैनआट्ने । भूगोल ठिकै, त्यो तुलना नेपाली सजिलो !

"हेर कमिली, नातामा ठूली पल्टेर के गर्नु उमेरमा म नै जेठी छु । यस कारण यहाँ पहिला मेरो मर्यादा गर्नु । नत्र मैले जानेकी छु...।" उसको भनाइको तात्पर्य के हो ? कुनै दिन कमिलीले खण्डन गर्न नसक्नु अपरिपक्क शैक्षिक योग्यता हो । त्यतिखेर मेरो सुझाव थियो- "झिना मसिना कुरा नसुन्न औपचारिक कक्षा पढ । पढ्दा सानो होइदैन बरु ज्ञान बढ्छ । यतिकै घरभित्र बसिरहे मान्छेरुपी धमिरा होइन्छ । कि, कस्तो लाग्यो मेरो कुरा ?" त्यो दिन कमिलीले मलाई सुनेर चुपचाप बाटो लागि ।

"परिवारमा नराम्रो बनाउने तत्व घरभित्रै दही चिउरे जमात कति जागरुक र सक्रिय हुन् । सुरुमा त्यस्तो खराब जस्तो नलागे पनि पटकपटक उही कुरा दोहोऱ्याएको सुन्दा क्रमशः मेरो मन कमजोर भयो । फरकफरक सोचलाई रङ्गीविरङ्गी फूलका माला जसरी कसरी मिलाउनु ? चौतर्फी मन कोही एकत्रित नहुने चलन । त्यो बेला आफ्नै बुद्धि पनि कति सानो ! कलिलो मगज ठूलो भूमिकामा देखा पर्न सधैँ धक र सरम लाग्यो । फेरि, मान्छे पिच्छेका कुरा कसले के भन्छन्, कसले के गर्छन्, गाई दुहेसरी मन दुहुने समाजमा कसरी उभिएँ ? साँच्चै, नढाटी भन्नु पर्दा व्यवहार सिक्ने बेला थियो मेरो तर त्यो अवसरलाई छोप्न आएन । किन आएन, आएन । सर्प पनि मर्ने लठ्ठी पनि नभाँचिने त्यस्तो कुन जुक्ती होला ? कतै गलत गरेको भए आफूलाई सपारेर लैजान...?" एक दिन कमिलीले आफूभित्रको वेदना पोखेर मन हलुका बनाई । त्यो प्रहर म नाजवाफ भएँ ।

बिहे पछि जन्मघर पनि छोरीमान्छेका लागि क्रमशः दूर-पराइँ र टाढा हुँदो रहेछ । घर माइत आउजाउ नजिक भए वास्ता हुँदैन थियो कि ? अहोरात्र हिँडाइ पाँच दिनको बाटो सम्झिदै टाढा । हो, त्यस ठाउँमा पहिलो पटक कमिलीलाई देख्दा म छक्क परेको थिएँ । आफू त जागिरे मान्छे, सरकारले खटाएपछि नुनको सोझो नभए परिवार कसरी पाल्नु ?

जिन्दगी भनेको गट्टा खेलेजस्तो ठट्टा होइन । छोराछोरी बढाउनु-पढाउनु छ । पर्सीको प्रश्नात्मक झटारोमा त्यही किसिमको उत्तर तयार गर्नु छ ।...उमेरमा जेठी छु...यो के भनेको हो ? यी सारा कुरालाई सम्झेर कमिलीलाई छटपटी भयो । घरबाहिर कदम चाल्न कसरी हिँड्नु ? मान्छेसँग साथ सहयोग कसरी भिड्नु ?

चार दशक समय कसरी बित्यो ? सकारात्मक कुरा बाड्न सजिलो हुन्छ । जस्तो कि फूल । अर्को, उखु । माला बनाए

पनि नबनाए पनि फूल आखिर फूलै हो । फक्रेको सुगन्ध कसलाई मन पर्दैन ? त्यस्तै, उखु । बटारे-पछारे-निचोरे जेगरे पनि स्वाद गुलियो नै हुन्छ तर चप्पल जस्तो साथी कसैको नहोस् ।

"अलि धेरै पढेकी भए म पनि जागिरे हुन्थेँ । अफिस जानु छ भनेर निश्चिन्त घरबाट बाहिरिन्थेँ । त्यसरी काम गर्दा आफ्नो आर्थिक पाटो बलियो हुनुको साथै, म प्रति समाजले हेर्ने दृष्टिकोणमा नै कति फरक हुने थियो । अनि, लाउनखान पनि आफ्नै हात जगन्नाथ !" कमिलीको मनमा कति पटक यो सोच पलायो, त्यसको हिसाब छैन । सोचाइ जस्तो गराइ हुँदैन अनि गराइ जस्तो सोचाइ । त्यति सङ्लो मनकी धनी उसलाई अचानक के भयो ?

कहिले छिमेकीसँग झगडा त कहिले आफन्तसँग भिषण लडाइ । अरु त अरु आफ्नै बाउआमा र दाजुभाइ बिच केको दाइँ चलाई, चलाई ? ती सम्बन्ध पानी बाराबार भए । अलिअलि गर्दै कमिली बदलेको परै थाहा हुन थाल्यो । छोराछोरी बोलेको नसहने । टाढा भए घर किन आउदैनन् ? भनेर खोज्ने । श्रीमान् श्रीमती बिचको सम्बन्ध एकअर्कालाई चिथोर्न तयार परे जस्ता ।

"मान्छे, आगैआगो भयो भने संसार कसरी चल्छ ? मेरो ठहर पानी नै पानी पनि ठिक हुँदैन । त्यो दिन जोड-जोडले आकाश गर्ज्रेर थोपा वर्षिनु मेलम्ची बजार सखाप बनाएको होइन ? मान्छेले दुःखले आर्जेको सबै, सबै नै स्वाहा भयो । भगवान्‌को कृपाले धन्न तिमी हामीलाई केही भएको छैन । कि, होइन कमिली ?" सम्झ, रेल आफ्नो लिकमा गुडेन भने के हुन्छ ? यस्ता केही उदाहरण दिएर एकदिन मैले उसलाई खुब सम्झाएँ ।

"कालो मन, कालै व्यवहार र त्यही प्रकारको दृष्टि हुनेहरूले मलाई पलपल धम्क्याए । चङ्गाचेट जसरी उचाल्नेले नै चप्पलले जसरी हिलो छ्याप्दै साथ दिए । नयाँ नयाँ चाल चल्ने शर्मा लताको बोली र व्यवहार हावा खुस्केको बेलुन भनेर पत्तो नपाउनु मेरो मन थोरै बेठेगान भयो ।...उमेरमा म जेठी हुनाले सबै भन्दा पहिला मेरो मर्यादा गर्नुपर्छ...।" के मर्यादा ? कुन मर्यादा ? गर्धन दिँदा पनि नकारात्मक भाव पैदा हुन नछोड्नेलाई एकदिन माछोमाछो भ्यागुत्तो नबनाए म पनि बाउकी छोरी होइन । यति बोल्न कमिलीलाई कैयौँ वर्ष लाग्यो ।

खान दिँदा खानै पाइन, लाउन दिँदा मन परेन । घरभित्रैबाट स्वदेश विदेश संसार हल्लियो । इन्टरनेटको पहुँचमा कति कुरा फलदायी हुँदाहुँदै अफाप सिद्ध बने । कमिलीका पाखुराले नधान्ने काम जति सकि त्यति गरी । त्यही चर्को र कठिन परिस्थितिबाट अघि बढेका उसका पाइला

सुर नछोडि लम्केकोलम्कै क्षितिज ताक्न थाली । जीवनको क्यानभासमा अलौकिक रङ्ग जत्रै आँधीबेहरी किन नआओस्, गर्धनै छिनाउनु पर्ने अवस्था भए पनि तिललाई पहाड बनाउन खप्पिस सामु घुडा टेकिन, हात जोडिन । सामाजिक अभियन्ता हुनुको नाता एकदिन मिटिङ सकेर घरभित्र छिर्दा परिवार सबैसँगै बसेर- "अब कुनै भुसुनासँग टेरिदैन ।" भनेको आवाज फ्याटै कमिलीको कानमा परो ।

"आर्थिक रूपमा सम्पन्न परिवार होइनन्, त्यस्ताकी छोरी के गतिली होस् । देखेकालाई पो सबै कुरा थाहा हुन्छ, नदेखेकालाई के थाहा...?" कर्म आमाले बोल्ने यो भाषा शैलीले कमिलीलाई कति मानसिक पीडा भयो ? त्यो हिंसाको हिसाब कसलाई थाहा छ । बोझिलो मन भित्रभित्रै कुडिने चलन सबै कुरा कहाँ भन्थी ? करबलले ओकल्ने हो नत्र सहनै खोज्थी ।

"घामपानी घामपानी स्यालको बिहे रमाइलो...।" यति गुनगुनाएर साधनामा लागि परेकी कमिली जतिबेला पनि अभ्यासमा देखिन थाली । राजनीति शास्त्र पढ्न कलेज भर्ना हुनु त्यो लयले कलमसँगको नाता अक्षर कोर्ने हौसला भरिदै गयो । त्यस पछि हाम्रो भेट क्रमशः पातलियो । मेरो चाहना कमिली पनि मान्छे बनोस् भन्ने थियो । आखिर सबै मान्छे हुन् । अरुले सक्दा उसले किन सक्दिन ?

यही समाजमा रहेर कोरेको रेखाबाट आफ्नो छुट्टै पहिचान मात्रै भएन, विश्वका पाँच उत्कृष्ट महिलाको सूचिमा सूचिकृत कमिलीको नाम यत्रतत्र सर्वत्र समाचार पत्रहरूमा र टेलिभिजनको पर्दामा फोटो सहित सार्वजनिक भयो । एक हातले सूर्य छेकिन्छ ? कदापी छेकिन्न । हिजोको दुःख सम्झेर अघि बढ्नु राजा, प्रजा कोसँग मात्रै उसको भेट भएन । विदेश ओहोरदोहोर पानी पँधेरो । उसको यो प्राप्ति कतिको लागि प्रेरणा स्रोत भई । साधना नगरी झिना कसिना कुरामा अल्झेर बसेकी भए ? आँसु सिवाय कुन सौभाग्य पाउथी ? सिवाय तिरस्कार ! ♦

## गजल



✍ **प्र.स.ह.टीकाराम दुलाल**

अठोट गर्छु जे जसो कतै म हार्न जान्दिन
म गर्छु गर्छु संघर्षै यसै म टार्न जान्दिन

हजार छन् रुवाउने र लाख छन् सताउने
चलाउदैछु जीवनी म आश मार्न जान्दिन

चलायमान छन् अझै सबै अङ्ग पाखुरी
म यत्र तत्र जिन्दगी यसै लतार्न जान्दिन

गरेर खान्छु हातको महेल लाख फालदै
लुकेर कर्ममा अहौँ म शीर झार्न जान्दिन

म कर्म गर्छु है यहाँ निःस्वार्थ बन्छु सेवक
बखान यो उठाउदै कुरा थुपार्न जान्दिन

# सम्बन्ध विच्छेद सम्बन्धी कानूनी व्यवस्था



✍ प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**१.परिचय**

विवाहबाट जसरी पुरूष र महिलाबीचको सम्बन्ध श्रीमान श्रीमतीको रूपमा जोडिन्छ, त्यसै गरी सम्बन्ध विच्छेदबाट सोही श्रीमान, श्रीमतीबीचको नातासम्बन्ध तोडिन्छ । स्पष्ट रूपमा भन्ने हो भने पति र पत्नीबीच कुनै पनि प्रक्रियाद्वारा जोडिएको वैवाहिक सम्बन्ध, सामाजिक र कानूनी मान्यता अनुरूप त्याग्नु नै सम्बन्ध विच्छेद हो ।

अर्को शब्दमा सम्बन्ध विच्छेद भनेको श्रीमान श्रीमती बिचको वैवाहिक नाता सम्बन्धबाट दायित्व रहित तवरले अलग हुने कानूनी आधार हो । यसलाई प्राचिन समयमा पारपाचुके, छोडपत्र, भनिन्थ्यो भने परिस्कृत रूपमा सम्बन्ध विच्छेद भन्ने गरिन्छ । यसलाई अंग्रेजीमा Divorce भनिन्छ भने नेपालमा पनि डिभोर्स भन्ने शब्द नै बढी प्रचलनमा रहेको पाइन्छ। पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि सम्बन्ध विच्छेद गर्न सक्छन् । सम्बन्ध विच्छेद गर्न चाहने पति वा पत्नीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिनु पर्छ ।

नेपालमा सम्बन्ध विच्छेदको अभ्यास प्राचिन समय देखि नै चलन चल्तीमा रहेको पाइन्छ । किनकि प्राचिन समयका नेपालीहरूले धर्ममा विश्वास राख्ने भए तापनि पनि वि.सं. १९१० को मुलुकी ऐनमा पनि यस सम्बन्धी व्यवस्था रहेको र समय सापेक्ष परिष्कृत गरिएको नयाँ मुलुकी ऐन २०२० मा पनि सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था सुधार गरी लागु गरिएको थियो । हाल नेपालमा सम्बन्ध विच्छेद सम्बन्धी कानूनी व्यवस्था मुलुकी देवानी संहिता २०७४ को भाग-३ पारिवारिक कानून, परिच्छेद ३ मा व्यवस्था गरेको छ ।

**२.मुलुकी देवानी संहिता २०७४ मा सम्बन्ध विच्छेद सम्बन्धी कानूनी व्यवस्थाहरू**

२.१.**पतिले सम्बन्ध विच्छेद गर्न सक्ने:**

(**क**) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

(**ख**) पत्नीले पतिलाई खान लगाउन

नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(**ग**) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,

(**घ**) पत्नीले अन्य पुरूषसँग यौन सम्बन्ध राखेको ठहरेमा।

२.२.**पत्नीले सम्बन्ध विच्छेद गर्न सक्नेः**

(**क**) कानून बमोजिम अंश लिई वा मानो छुट्टिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,

(**ख**)पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(**ग**) पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरू कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा,

(**घ**) पतिले अर्को विवाह गरेमा,

(**ङ**) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

(**च**) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

**२.३. अंश सम्पत्ति माथिको अधिकार**

२.३.१.**सम्बन्ध विच्छेद गर्नु अघि अंशबण्डा गर्नुपर्नेः**

(१) पतिको कारणबाट पति पत्नी बीच सम्बन्ध विच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्ध विच्छेद गर्नु अघि पति पत्नी बीच अंशबण्डा गर्न लगाउनु पर्दछ।

(२) संगोलको सम्पत्ति पति पत्नी दुवैको नाममा वा पति पत्नीमध्ये कुनै एकको नाममा रहेछ भने सम्बन्ध विच्छेद हुनु अघि निजहरू बीच कानून बमोजिम त्यस्तो सम्पत्तिको अंशबण्डा गर्नु पर्दछ।

(३) सम्बन्ध विच्छेद हुने पतिले नै बाबु वा अन्य अंशियारबाट अंश लिई नसकेको भए अदालतले दुवै पक्षबाट अंशियार खुलाउन लगाई र अंशबण्डा गर्ने अन्य अंशियार भएमा त्यस्ता अंशियारलाई समेत बुझ्नु पर्ने भए बुझी निजहरूबाट अंशको फाँटवारी माग गरी पति पत्नीको अंश छुट्याई अंशबण्डा गराई दिनु पर्दछ।

(४) अंशबण्डा गर्दा लामो समय लाग्ने देखिएमा अदालतले पति पत्नी बीच सम्बन्ध विच्छेद गरी अंशबण्डा नभएसम्मको लागि पतिको सम्पत्ति र आयस्ताको आधारमा पतिबाट पत्नीलाई मासिक खर्च भराई दिन सक्दछ। तर त्यसरी अंशबण्डा नहुँदै त्यस्ती महिलाले अर्को विवाह गरेमा अंश पाउने छैन।

२.३.२.**एकमुष्ठ रकम वा खर्च भराई दिन सक्नेः** सम्बन्ध विच्छेद हुने पत्नीले अंश नलिई पतिसँग एकमुष्ठ रकम वा वार्षिक वा मासिक रकम वा खर्च भराई लिन चाहेमा अदालतले पतिको सम्पत्ति वा आम्दानीको

आधारमा त्यस्ती पत्नीलाई एकमुष्ठ रकम दिलाई दिन वा वार्षिक वा मासिक रूपमा रकम वा खर्च भराई दिन सक्नेछ । तर त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो रकम वा खर्च दिनु पर्ने छैन ।

२.३.३.**खान लगाउने खर्च भराई दिन सक्नेः** अंशबण्डा गर्नु पर्दा कुनै सम्पत्ति नभई पतिबाट अंश नपाएकी पत्नीले पतिबाट खान लाउन खर्च भराउन चाहेमा र पतिको आम्दानी भएमा अदालतले त्यस्ती पत्नीलाई सम्बन्ध विच्छेद भएको पतिको आम्दानीको आधारमा खान लगाउने खर्च भराई दिन सक्नेछ । तर,

(१) त्यस्ती पत्नीले अर्को विवाह गरेमा त्यस्तो खर्च दिनु पर्ने छैन ।

(२) पतिको भन्दा पत्नीको आम्दानी बढी भएमा त्यस्तो खर्च दिनु पर्ने छैन ।

२.३.४.**सहमति बमोजिम हुनेः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पति पत्नी बीच सम्बन्ध विच्छेद हुँदा पत्नीले पाउने अंश वा खर्चको सम्बन्धमा पति पत्नी बीच कुनै लिखित सहमति भएकोमा सोही बमोजिम हुनेछ । तर नाबालकको हित विपरीत हुने गरी कुनै सहमति गर्न सकिने छैन ।

२.३.५.**अघिल्लो सन्तान वा पतिले सम्पत्ति पाउनेः** सम्बन्ध विच्छेद गरेकी महिलाको मृत्यु भएमा निजको सम्पत्ति निजका छोरा, छोरी भए त्यस्ता छोरा, छोरीले र छोरा, छोरी नभए पूर्व पतिबाट पाएको सम्पत्ति त्यस्ता पतिले र अन्य सम्पत्ति माइतीपट्टिका हकवालाले पाउनेछ ।

२.४.**नाबालकको हकमाः** कानून बमोजिम पति पत्नी भिन्न भएमा निजहरूको कुनै नाबालक भए त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारको व्यवस्थाको सम्बन्धमा पति पत्नी बीच कुनै सहमति भएकोमा सोही बमोजिम र त्यस्तो सहमति नभएकोमा देहाय बमोजिम हुनेछः-

**क**) पाँच वर्ष पूरा नगरेको नाबालक भए आमाको जिम्मा,

**ख**) पाँच वर्ष वा सोभन्दा माथि दश वर्ष पूरा नभएको नाबालक भए बाबुको जिम्मा,

**ग**) दश वर्ष पूरा गरेको नाबालक भए निजले आमा, बाबुमध्ये जोसँग बस्न मञ्जुर गरेको छ निजको जिम्मा ।

### ३. सम्बन्ध विच्छेदको कार्यविधि

सम्बन्ध विच्छेद दुई तरिकाले गर्न सकिन्छ । पहिलो आपसी सहमति र दोस्रो अदालतको आदेशबाट सम्बन्ध विच्छेद हुने गर्दछ ।

#### ३.१.आपसी सहमतीमा मार्फत सम्बन्ध विच्छेदको प्रक्रिया

आपसी सहमतिमा सम्बन्ध विच्छेद गर्दा धेरै समय लाग्दैन र प्रक्रिया पनि लामो हुँदैन । यसमा पहिलो दिनमा पति वा पत्नी कुनै एकले अदालतमा सम्बन्ध विच्छेदको निवेदन दिनु पर्दछ । निवेदन दिए

पछि भोलिपल्ट पति पत्नी अथवा जसलाई मुद्दा हालिन्छ उक्त व्यक्तिले अदालतमा गई अड्डाको रोहबरमा निजलाई जारी गरेको म्याद र निवेदन बुझ्नुपर्दछ । म्याद बुझ्ने पछि सोही दिनमा प्रत्तिउत्तर र मिलापत्र गर्न सकिन्छ । यसरी आपसी सहमतिमा दुई दिनमा सम्बन्ध विच्छेद हुने गर्दछ ।

३.२. **अदालतको प्रक्रिया मार्फत हुने सम्बन्ध विच्छेद**

यदि पति पत्नी बीच आपसी सहमतिमा सम्बन्ध विच्छेद हुन सकेन भने अदालती प्रक्रिया मार्फत सम्बन्ध विच्छेद हुने गर्दछ। अदालती प्रक्रिया मार्फत सम्बन्ध विच्छेद हुँदा अदालतले एक वर्ष सम्म पति पत्नी बीच मिलापत्र गराउने प्रयास गर्दछ । एक वर्ष सम्म पनि मिलापत्र हुन सकेन भने सम्बन्ध विच्छेदको फैसला गर्ने गर्दछ ।

३.२.१. **कानून बमोजिम हकदैया र हदम्याद**

कानून बमोजिम हकदैया भनेको अन्याय/असर परेको व्यक्तिलाई मात्र कानून बमोजिम मुद्दा गर्ने आधिकार हुन्छ भन्ने सिद्धान्त हो । सम्बन्ध विच्छेद मुद्दामा मुद्दा गर्ने हकदैया पति वा पत्नीलाई बाहेक अरूलाई हुँदैन । तसर्थ मुद्दा गर्नु पर्ने कारण परेको व्यक्ति आफै वा कानून बमोजिमको वारेशले सम्बन्ध विच्छेद मुद्दा दर्ता गर्न पाउँछ । त्यसै गरी हदम्याद भन्नाले मुद्दा गर्नु पर्ने कारण परेको व्यक्तिले कानूनले तोकेको म्याद भित्र उजुर गरिसक्नु पर्छ भन्ने हो । सम्बन्ध विच्छेद मुद्दामा ३ महिनाको मात्र हदम्याद रहेको छ ।

३.२.२.**क्षेत्राधिकार भएको जिल्ला अदालतमा फिराद पत्र दर्ता**

वादी वा प्रतिवादीको बसोवास भएको क्षेत्र र कार्य सम्पन्न भएको क्षेत्र भित्रको मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुन्छ। तसर्थ सम्बन्ध विच्छेद मुद्दा पति वा पत्नीको स्थायी ठेगाना रहेको जिल्ला अदालतमा दर्ता गर्न सकिन्छ। साथै अस्थायी बसोवास भएको जिल्ला अदालतमा पनि मुद्दा दर्ता गर्न सकिन्छ तर त्यसको लागि आफू बसोवास गरेको स्थानीय निकायको सिफारिस ल्याउनु पर्छ। फिराद पत्र भनेको वादीले आफूलाई अन्याय परेको विषयमा कानून बमोजिम उपचार माग गर्ने माग पत्र हो । सम्बन्ध विच्छेद मुद्दामा पति वा पत्नीले माथि उल्लेख गरे बमोजिमको आधार प्रमाण सहित सम्बन्धित जिल्ला अदालतमा फिराद गर्नुपर्छ ।

३.२.३. **सम्बन्ध विच्छेदको फिराद पत्र दर्ता गर्दा आवश्यक पर्ने कागजातहरूः–**

**क**) नागरिकताको प्रमाण पत्र

**ख**) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

**ग**) यदि अस्थायी बसोवास भएमा सम्बन्धित स्थानीय निकायको सिफारिस

**घ**) सम्पत्ति दावी गर्ने भएमा सम्पत्तिको विवरण

**ङ**) कानून बमोजिमको ढाँचामा फिरादपत्र

**च**) वारेश नियुक्त गरेको भएमा वारेशनामाको सक्कल कागज

**छ**) अदालती दस्तुर

३.२.४. **विपक्षीलाई म्याद तामेली**

फिरादकर्ताले फिरादपत्र दर्ता गरे पश्चात् विपक्षीलाई अदालतले उक्त फिराद पत्रको जानकारी सहित फिरादको सम्बन्धमा प्रतिवाद गर्न २१ दिनको म्याद दिन्छ । म्याद तामेल गर्ने कार्यविधि धेरै किसिमका हुन्छन्, जस्तैः वादीले गर्ने म्याद तामेल, कानून व्यवसायी मार्फत गर्ने म्याद तामेल, अदालतले गर्ने म्याद तामेल, अड्डाको रोहवरमा म्याद तामेल, इमेल मार्फत म्याद तामेल, राष्ट्रिय दैनिक पत्रिका मार्फत म्याद तामेली गर्ने गर्दछ । विपक्षीले म्याद प्राप्त गरेको २१ दिन भित्र प्रतिवाद गर्न नसकेमा १५ दिन म्याद थप्न पाइन्छ ।

३.२.५. **विपक्षीको प्रतिवाद**

फिरादीले मागदावी गरेको सम्बन्धमा खण्डन गरी वा सहमति जनाई अदालत समक्ष प्रतिवाद गर्नुपर्ने हुन्छ । यसलाई प्रतिउत्तर पत्र भनिन्छ । प्रतिवादीले प्रतिउत्तर पेश गर्दा आवश्यकता अनुसार प्रतिदावी पेश गर्न पनि पाइन्छ । सम्बन्ध विच्छेद मुद्दामा अंश सम्पत्तिमा दावी गरी वा नगरी तथा सम्बन्ध विच्छेद हुने गरी वा नहुने गरी प्रतिवाद गर्न सकिन्छ ।

३.२.६. **प्रमाण मुकरर**

मुद्दामा प्रतिवादीको प्रतिउत्तर परे पश्चात अदालतले अन्य प्रमाणहरू पेश गर्न वादी प्रतिवादीको नाममा आदेश गर्नुपर्ने हुन्छ । यसरी आदेश गर्दा फिराद मागदावी र प्रतिउत्तर जिकिरसँग सम्बन्धित प्रमाण तथा वादी प्रतिवादीहरूको साक्षी बकपत्र तथा अन्य अंशियारहरू खुलाउने समेतको आदेश हुन्छ । सो आदेश बमोजिमको प्रमाणहरू वादी प्रतिवादीले पेश गर्नुपर्ने हुन्छ ।

३.२.७. **मेलमिलापबाट विवाद समाधान**

देवानी प्रकृतिको विवादमा पक्षहरू बिच मेलमिलापको माध्यमबाट विवादको समाधान खोज्न अदालतबाट आदेश हुन्छ । सम्बन्ध विच्छेद मुद्दामा पति पत्नी बिच मेलमिलाप गर्न अधिकतम प्रयास गर्नु पर्छ, मेलमिलाप हुने संभावना नभएको खण्डमा प्रतिवादी हाजिर भएको १ वर्ष पश्चात् सम्बन्ध विच्छेदको मुद्दा फैसला गर्न योग्य भएको मानिन्छ ।

३.२.८.**सम्पत्तिको तायदाती फाँटवारी तथा आयस्रोत विवरण माग**

मेलमिलाप हुने सम्भावना नभएको खण्डमा फिराद मागदावी र प्रतिउत्तर जिकिरसँग सम्बन्धित अंश सम्पत्तिको फाँटवारी माग गर्ने र व्यक्तिगत आयस्रोत समेत माग गर्ने आदेश अदालतले गर्नेछ । यसरी आदेश गर्दा पत्नीलाई अंश खान लगाउन खर्च पतिबाट भराई दिन सहज हुन्छ भन्ने मान्यता रहेको छ । यसरी माग

गरेको फाँटवारी मुद्दाका पक्षले अनिवार्य पेश गर्नु पर्नेछ, यदि पेश नगरी लुकाई छिपाई राखेको ठहरेमा पछि अंश दपोट मुद्दाबाट लुकाउनेको भाग नलगाई अन्य अंशियारले लिन पाउछ।

३.२.९.**फैसला**: यस चरणमा जिल्ला अदालतले अन्तिम आदेश मार्फत विवाहलाई भंग गर्दछ र कानूनी रूपमै सम्बन्ध विच्छेद हुन्छ। यो चरणमा जिल्ला अदालतबाट गरिने कार्यविधिको अन्त्य हुन्छ। अदालतले फैसला गर्दा सम्पत्ति बराबर रूपमा भाग लगाउछ। फैसला भएपछि उच्च अदालतमा पुनरावेदन गर्ने अधिकार हुन्छ।

३.२.१०. **फैसला कार्यान्वयन**: अदालतबाट फैसला भएर सम्बन्ध विच्छेद भएपछि फैसला कार्यान्वयनको लागि निवेदन दिनुपर्दछ। फैसला कार्यान्वयनमा सम्पत्तिको अर्थात घर जग्गाको भाग लगाइन्छ।

**सन्दर्भ सामाग्री**:

◆ मुलुकी देवानी संहिता २०७४ को परिच्छेद ३ र परिच्छेद ४।

◆◆◆

लघुकथा

# 'अर्ति'



✍ **धुव्रराज थापा 'पुरुष'**

"तपाईंलाई बाँच्ने मन छ कि छैन ? श्रीमती र छोराछोरीको माया लाग्छ कि लाग्दैन ?" डाक्टर सम्झाउदै थिए।

बिरामीले प्रतिउत्तर फर्काए, "बाँच्ने मन कसलाई हुँदैन र डाक्टर साहेब!

"त्यसो भए किन परिवारलाई दुःख दिनुहुन्छ ? किन आफ्नो ज्यान धरापमा पार्नुहुन्छ ? उच्च रक्तचापको समस्या भएको मानिस कमसेकम आफूलाई त माया गर्नुस्।" डाक्टरले सुझाए।

कथा व्यथा आ–आफ्नो हुन्छ। रक्सी खाएर आफैलाई सक्न मलाई पनि त मन थिएन नि!"

"त्यसो हो भने किन रक्सी खानुहुन्छ ? तुरून्त छोडी हाल्नुस्। यसले तपाईंलाई राम्रो गर्दैन!" डाक्टरले जवाफ दिए।

बिरामीले जवाफ फर्काए, "गुरू बन्न सजिलो, चेला बन्न गार्हो ! अघि अस्पतालको क्यान्टिनमा डाक्टरसाप पनि चुरोट पिउँदै हुनुहुन्थ्यो त! चुरोटले चाहिँ फाइदा गर्ने हो र डाक्टरसाप ? के तपाईंलाई श्रीमती र छोराछोरीको माया लाग्दैन ?"

गीतिकथा

# पीडा



✍ **प्र.स.नि.अम्बिका के.सी.**

म कुनै दिन कसैकी आमा थिएँ । तर अब म आमा रहिन, जुन दिन मेरो छोराले यस संसारबाट सधैंको लागि बिदा लियो त्यसदिनबाट मेरो नाता सम्बन्ध सहारा सबै सकिएको छ । अहिले म बेसाहारा बनेर बाँचिरहेकी छु । बाँचेर पनि मरेतुल्य छु । मान्छे जीवनमा एकपटक मर्छ भन्छन् तर म त कैयौं पटक मर्दै बाँचेकी छु । यो कहानी कसरी भनौं । जसले नौ महिना कोखमा राखेर जन्माएर हुर्काएर ठुलो बनाएको छोरो गुमाउनु पर्दाको पीडा भोगेको छ । कोही पनि आमालाई यस्तो पीडा भोग्न नपरोस् । एकातिर ३० वर्षको कलिलो उमेरमा नै श्रीमान गुमाउँदाको पीडा त छँदै थियो, अर्को तिर छोरो गुमाउनु पर्यो । यस्तो बज्रपात त जीवनमा सायद कमैलाई पर्छ होला । मेरो जीवनको आसा र भरोसा गुम्यो, मेरो सहाराको खम्बा ढल्यो ।

दोष कसलाई दिनु, छोरालाई दिउँ कि म आफैंलाइ दिउँ । बाबु र आमाको कर्तव्य पूरा गर्नु थियो मैले, गरेकी पनि थिएँ । बाबु १ वर्षको हुँदा उसको बाबा बित्नु भएको थियो । उसलाई कुनै पनि कुराको कमी हुन दिएकी थिइन । बाबा नभएको आभास कहिल्यै हुन दिइन । उसको पढाई पनि राम्रै थियो । जीवनमा आसाका आँकुरा पलाउँदै थिए । हुन त जीवन सधैं एकैनासको कहाँ हुन्छ र ?

समय बित्दै गयो छोरो पनि हुर्कंदै गयो । बिस्तारै उसमा परिवर्तन आएको महसुस हुन थालेको थियो मलाई । न नुहाउथ्यो न लुगा न सफा लगाउँथ्यो । पहिला भन्दा धेरै नै फरक व्यवहार देखाउन थालेको थियो । उमेर बढेसँगै बानी व्यवहारमा परिवर्तन आको होला भनेर सामान्य नै लिए । एकदिको कुरा हो छोरो सुत्ने कोठा सफा गर्छु भनेर छिरेकी थिएँ । उसको सिरानीमुनी चुरोटको खिल्लीमा केही धुलो भरेको देखें । त्यो देख्ने बित्तिकै मेरा हातखुट्टा काप्न थाले । मुटु ढुकढुक भयो । सपना हो कि विपना केही ठम्याउनै सकिन । किनकि मैले यो कुराको कहिल्यै कल्पना सम्म गरेकी थिइन । एकछिन त सोच मग्न भएँ, के होला यो भनेर मनमा कौतुहलता जाग्यो, चुरोट पनि हैन, अर्कै

गन्ध आउने धुलो थियो त्यसमा । मैले त्यस्तो कहिल्यै देखेकी थिइन । सोधौं पनि कसलाई सोधौं, के भनेर सोधौं । भरे स्कुलबाट छोरो आएपछि नै सोध्छु भन्ने लाग्यो । ऊ स्कुलबाट आउन दुई घण्टा बाँकी थियो । त्यो समय मलाई दुइदिन जस्तै लागेको थियो । हुन त पर्खाइ भन्ने कुरा नै गाह्रो कुरा हो ।

६ बज्यो बल्ल छोरो आयो सधैं ५ बजे आउने मान्छे त्यो दिन ढिला आयो । ऊ ढिला आएकोमा भन्दा पनि उसको सिरानीमुनि भेटिएको त्यो वस्तुले मन चिसो भएको थियो । अनि हतार हतार सोधैं बाबु यो के हो ? केही हैन भनेर एक स्वरमा जवाफ फर्कायो र सरासर आफ्नो कोठातिर गयो । म भने एक सुरले उसलाई मात्र हेरेकी थिएँ । आज त उसका आखाँ पनि राता राता थिए । हिजो अस्तीको जस्तो अनुहार पनि थिएन उसको, मलाई त्यस्तो लागेको हो वा त्यस्तो नै हो केही बुझ्नै सकिन । आमाको मन न हो, जति नै ठुलो गल्ति गरे पनि एकैछिनमा बिर्सिदिने । अनि बाबु खाजा खान आ भने । खान्न तिम्रो खाजा तिमी नै खाउ भन्दै बाहिर निस्क्यो । सधैं साथी कहाँ होमवर्क गर्न जान्छु भनेर जान्थ्यो आज पनि गयो होला भन्ने सोचैं । अनि म खाना पकाउन भान्सातिर छिरैं । र ातको ९ बजिसक्यो छोरो आएन । सधैं ८ बजे आउथ्यो । मैले सोधेको कुराले उसको मन दुख्यो कि भनेजस्तो लाग्यो ।

रातको १० बजिसक्यो तर उसको अत्तोपत्तो थिएन । अनि समिरको घरमा फोन गरैं । उताबाट त्यहाँ नगएको भनेर जवाफ आयो । यति राती भइसक्यो कहाँ गयो होला । मनमा छटपटी भयो । त्यतिकैमा मेरो मोबाइलमा नयाँ नम्बरबाट फोन आयो । मन भारी बनाउँदै फोन उठाएँ, उताबाट कसैले सोध्यो तपाईं सफलको आमा हो भनेर ? हजुर हो भने । तपाईं तुरून्त जिल्ला अस्पताल आउनु परो तपाईंको छोरालाई गाडीले ठक्कर दिएर सिकिस्त छ भनेर फोन राख्यो । त्यो सुन्ने बित्तिकै मेरा हातखुट्टा थरथर कापैं, जमिन भासिए जस्तो भयो । हतार हतार हस्पिटल पुगैं । त्यहाँ थुप्रै मान्छेहरू जम्मा भएका थिए, २/४ जना प्रहरी पनि थिए । भिड छिचोल्दै म भित्र गएँ, अनि मेरो सफल खोइ कहाँ छ छिटो भेटाइदिनुस भनेर म चिच्याएँ । अनि डाक्टरले सरि आमा हामीले तपाईंको छोरा बचाउँन सकेनौ भने । त्यसपछि म त्यही ढलेछु त्यसपछि के भयो केही थाहा भएन ।

प्रहरीको अनुसन्धान पछि थाहा भयो कि मेरो छोराले लागु औषध सेवन गर्न थालेको दुइ वर्ष भइसकेको थियो रे, त्यसदिन पनि लागु औषध सेवन गर्दागर्दै प्रहरीलाई देखेर भाग्न खोज्दा गाडीले ठक्कर दिएछ । अनि अस्पताल पुर्याउँदा उसको मृत्यु भइसके को थियो रे । यसरी एकपछि अर्को गरेर मेरो जीवनमा अकल्पनीय घटना घटे । जस्तो

सुकै बज्रपात परे पनि बाच्नै पर्ने रहेछ । दुईदुई वर्षसम्म छोरो कुलतमा फस्दा मैले केही थाहा नपाउनु मेरो कमजोरी थियो । बेलैमा छोराले के गर्छ कहाँ जान्छ ? उसको कस्ता साथीसँग संगत छ । त्यो कुरा थाहा पाउन सकेको भए आज यो घटना आइपर्ने थिएन होला मेरो जीवनमा। त्यसैले यो लागु औषध भन्ने चिज कसैले पनि सेवन बेचबिखन गर्ने जस्ता कार्य नगर्न अनुरोध गर्दछु । ताकि म जस्ता कैयन आमा सन्तान बिहिन भएर बाँच्न नपरोस्, अनि मैले जस्तो पीडा भोग्न नपरोस् । ♦

गीत



✍ **मुरारीराज मिश्र**

चाहे लगाऊ दौरा-सुरुवाल, चाहे धोती-गम्छा ।
नेपाली मन हुनुपर्छ, जे लाएनी हुन्छ ॥

बेग्लाबेग्लै भाषा-भेष, बेग्लै बोलीचाली ।
जेजस्तो होस् रहनसहन, हामी हौं नेपाली ॥
सबै भाषा राष्ट्रभाषा, संविधानले भन्छ ।
नेपाली मन हुनुपर्छ, जे बोलेनी हुन्छ ॥

देउडा गाऔं, झ्याउरे गाऔं, या त देउसी-भैलो ।
रोदी गाऔं, लोकगीत गाऔं, या त तामाङ सेलो ॥
यहाँ गाइने सबै गीतमा, एकताको धुन छ ।
नेपाली मन हुनुपर्छ, जे गाएनी हुन्छ ॥

स्वाभिमानी बन्नुपर्छ, अल्छी गर्नु हुन्न
मेहनतले उब्जाएर, खानुपर्छ अन्न
भात, रोटी, गुन्द्रुक, ढिंडो, के-के खान पुग्छ ।
नेपाली मन हुनुपर्छ, जे खाएनी हुन्छ ॥

चाहे लगाऊ दौरा-सुरुवाल, चाहे धोती-गम्छा ।
नेपाली मन हुनुपर्छ, जे लाएनी हुन्छ ॥

# बहुमूल्य फल 'बोधिचित्त' मूल्यसँगै बढ्दैछ अपराध !



✍ **प्र.स.नि.सुर्यध्वज तामाङ**

नेपाल जैविक विविधता भएको देश हो जहाँ हजारौँ प्रजातिका वनस्पतिहरूको फरक-फरक विशेषता र महत्व रहेका छन्। केही प्रजातिका वनस्पती जडिबुटीको रूपमा प्रयोग हुँदै आएका छन् भने कुनै वनस्पति व्यवसायिक रूपमा प्रयोग भएका छन् । तिनै व्यवसायिक रूपमा प्रयोग हुँदै आएको वनस्पति मध्ये एक हो "बोधिचित्त" । बोधिचित्त बयर प्रजातिको वनस्पती हो । जहाँतही नपाईने यो प्रजातीलाई वनस्पतिविद्हरूले २०१५ मा रैथाने वनस्पति भनेका छन् भने २०१६ मा डि.एन.ए परीक्षण पश्चात यो प्रजाति चाइनिज 'जिजिफस ज्याङ्जेन्सी' जातको वनस्पति रहेको पाइएको थियो । धार्मिक आस्था बोकेको बोधिचित्त फलको संस्कृत शब्द 'बोधी' जसको अर्थ 'ज्योती' र 'चित्त' जसको अर्थ 'प्राण' बाट बनेको छ। तामाङ समुदायले भने बोधिचित्त फललाई 'फ्रेङ्बा माला' वा 'बुद्धचित्त माला' भन्ने गर्दछन्।

'बोधिचित्त' वनस्पति सर्वप्रथम काभ्रे जिल्लाको तेमाल क्षेत्रमा भेटिएको मानिन्छ। किंवदन्ती अनुसार भगवान बुद्धले तीन ठाउँमा रोप्न भनि छाडेको बिउहरू मध्ये लुम्बिनी र नमोबुद्धमा रोपिएका बिउहरू मरेर गएको तर काभ्रेकै तेमालमा छरिएको बिउ हुर्किएर फस्टाएको भनाइ छ। त्यस्तै अर्को किंवदन्ती अनुसार तिब्बती गुरू पद्मसम्भवले आफू तपस्याका लागि तेमाल आउँदा उक्त बोधिचित्तको बिउ रोपेर गएको भन्ने मान्यता पनि पाइन्छ। काभ्रे जिल्लाको तेमाल गाउँपालिकामा केही समय यता बोधिचित्तको व्यवसायिक खेती हुँदै आएको छ । बोधिचित्तबाट किसानले वर्षेनि लाखौं-करोडौं आम्दानी गर्दै आएका छन् जसले केही दशकयता काभ्रेका तेमाल गाउँपालिका, रोशी गाउँपालिकाका साथै रामेछाप जिल्लाका किसानहरूको आर्थिक स्थितिमा ठुलो परिवर्तन आएको पाइन्छ।

काभ्रेका किसानले केही वर्षयता अन्न उब्जाउ हुने बारीमा बोधिचित्त रोप्दै आएका छन् । बोधिचित्त फलको मुख्य बजार चीन हो । केही वर्षयता चिनियाँ व्यापारीहरू बोधिचित्त फल किन्नकै लागि

लाखौं खर्च गरेर नेपाल आउने गरेका छन् । किसानलाई भने आफ्नो बोटमा उत्पादन भएको फल बेच्न कुनै समस्या हुँदैन । बोधिचित्तको फल लाग्ने समय असार-साउन भएपछि उक्त समयभित्र किसानको बोटसम्म व्यापारी आइसकेका हुन्छन् र मूल्य निर्धारण गरि बोटैमा बिक्री हुने गर्दछ । व्यापारीले किसानको बोट किनिसकेपछि टिप्न तयार नभएसम्मका लागि बोधिचित्त फल चोरी हुने डरले सुरक्षार्थ दैनिक प्रतिव्यक्ति १ हजारदेखि १५ सय रूपैंयासम्म भत्ता दिएर युवाहरू परिचालन गर्ने गरेका छन् । बोधिचित्त फल बौद्ध धर्मवालम्बीहरूले मन्त्र जप्ने मालाका रूपमा धेरै प्रयोग हुने गर्दछन् ।

१ सय ८ वटा दाना भएको मालाको प्रयोग लामाहरूले मन्त्र जप्न र बौद्ध गुम्बाहरूमा अधिक हुने गर्दछ । कसैकसैले ब्रासलेट बनाएर समेत लगाउने गर्दछन् भने बुटीको रूपमा पनि यो प्रयोग हुने गर्दछ । यसको प्रयोग र महत्वबारे केही वर्षयता व्यापक चर्चा हुँदै आइरहँदा यसको उच्च बजार मूल्यका कारण किसान र व्यवसायीलाई भने अत्यन्तै फाइदा भएको छ । बोधिचित्त फलको एक माला अर्थात १ सय ८ दानालाई केही हजारदेखि ६-७ लाख रूपैयाँसम्म पर्ने गरेको छ । बोधिचित्त फलको दाना जत्ति सानो भयो उत्तिकै बढी मूल्य आउने गर्दछ भने यसको मुखको आधारमा पनि मूल्य निर्धारण हुने गर्दछ । ८ वा ९ एमएमसम्मको दाना लाग्ने तथा ३ देखि ५ मुखेसम्मको फल लाग्ने बोटको मूल्य लाखौं पर्ने गरेको छ ।

बोधिचित्तले किसानको आर्थिक स्थिति सुधार्न महत्वपूर्ण योगदन त दिएकै छ तर पछिल्लो समय यसका कारण धेरै आपराधिक घटनाहरू घटेका छन् । जुन सुरक्षा निकायका लागि चुनौतीपूर्ण विषय बन्ने गरेको छ । यसै वर्ष पनि काभ्रेका केही स्थानमा बोधिचित्तको लेनदेनको विषयमा धेरै झगडाका घटना भएका छन् । हरेक वर्ष विविध कारणले चर्चामा रहने काभ्रे जिल्लाको रोशी गाउँपालिका-५ मा ३ करोड रूपैयाँमा बिक्री भएको बोधिचित्त मालाको बोट मध्यरातमा अज्ञात समूहद्वार काटिएको थियो । किसानको बारीमा उत्पादित एकै बोटको फल किन्न व्यपारीहरूको समूहबिच झगडा हुँदै आएको छ भने कतिपय घटनामा जिल्ला प्रहरी कार्यालयले थप सुरक्षाकर्मी नै परिचालन गर्नुपर्ने अवस्था निम्तिएका छन् ।

कतिपय अवस्थामा किसान स्वयंले गाउँपालिकामा शान्ति सुरक्षाका लागि निवेदन दिएपछि पनि प्रहरी परिचालन गर्ने गरिएको छ । सुरक्षालाई मध्यनजर गर्दै कतिपय अवस्थामा भने व्यवसायी आफैले हेलिकप्टरमार्फतसमेत टिपिएका बोधिचित्त फल लाने गरेका छन् । सम्भावित खतरालाई

ध्यान राख्दै जिल्ला प्रहरी कार्यालयले बोधिचित्तको मुख्य उत्पादन क्षेत्रमा थप प्रहरी टोली पठाउनका साथै नाका तथा मुख्य राजमार्गमा चेकजाँच गर्ने, गस्ति बढाउने जस्ता सुरक्षा योजना अपनाउदै आइरहेको छ। ◆◆

लघुकथा

# व्यस्तता



✍ **विवेक दुलाल क्षेत्री 'दमक'**

घरकी गृहणी सुनिताको हातमा सबै सदस्यले गर्ने कामको लिस्ट हुने गर्थ्यो । आज सधैं झैं उनीले श्रीमानले अफिस सकिएपछि मन्सुरी चामल र रायोको साग, छोरीले कलेज पछि राइस कुकर र छोराले स्कूल पछि आइरन लिएर आउनु भनेर जानकारी गराइन् ।

सबै जना केही ढिलो गरि फर्किए । तर तिनीहरूको हातमा आफूले दिएको कामको कुनै स-प्रमाण नदेखेर उनी छक्क परिन् ।

सुनिताले सबै कुरा सोध्नुसित अब केही बाँकी थिएन । तर उनीले नबोलेको देखेर रिसाएको अड्कल काट्दै सबैले भट्याउन थाले ।

बाबु चाहिँले भन्यो-"अफिस सकिए पछि मैले यो बारे सम्झेको हो तर हाम्रो संगठनले पनि भोलिको विरोध कार्यक्रममा कस्तो भूमिका निभाउने भन्ने विषयमा छलफल राख्यो र ढिलो भयो ।"

छोरीले यस्तो धारणा पेश गरिन् -

"हाम्रो क्याम्पसले माथिको कामको बारे समिक्षात्मक टिप्पणी गर्दै समर्थनमा गोष्टि राखेकाले मैले काम फत्ते गर्न सकिन !"

छोरो यसो भन्दै थियो-"विद्यालयको पाठ्यक्रममा गलत सूचना दिएकाले म विद्यार्थी समूहको विमर्शमा थिए र ल्याउने कुरा छुट्यो ।"

अब पनि सुनिताबाट कुनै प्रतिक्रिया आएन । सबैले उनीलाई एक साथ सोध्न पुगे- "होइन के भयो आज ?"

"आज म पनि तपाईँहरूसितै सामान पनि नआइ पुगेकाले आजको छाक कसरी टार्ने भनेर सोचाइमा व्यस्त भए !" अब सबै मौन भए । केही बोलेनन् ।

# प्रेम या डर ?



✍ **डा. गितु गैरे**

किन उनीसँग मलाई डर लाग्छ ? किन उनीसँग मलाई हरकुरा सोध्न मन लाग्छ ।

लाग्छ, मेरो जीवनको हर हिसाबको सबैभन्दा उत्तम निर्णय ऊ गर्न सक्छे ।

तर उसले बारम्बार भनेकी छे, "मलाई थाहा छैन । तपाईँले नै विचार गर्नुस् न ! आफ्नो कुरा सबैभन्दा बढी आफैलाई थाहा हुन्छ । कुरो सबैको सुन्ने हो । निर्णय आफूले गर्ने हो ।"

त्यो फुच्ची केटी के विधी जान्ने होला ? यस्तो यस्तो बोल्न, भन्न जानेकी ।

तिमी कति परिपक्व, तिम्रो उमेरका यस्ता मैले विरलै देखेको छु । उसलाई फूर्काएजस्तो लाग्ने फेरि । उफ् !

भन्छे - म प्रशंसाले मात्तिने मान्छे, फूरूङ्ग हुने मान्छे होइन क्यारे ।

म फेरि थपिदिन्छु - मलाई पनि यस्तै मान्छे मन पर्छ ।

उसले ठाडै भनिदिन्छे-तर मलाई हजुर मन पर्दैन ।

यो केटीहरू मन जित्न साह्रै गाह्रो रहेछ । मैले साथीहरूसँग नी सल्लाह गरे । मन नजित्दा सम्म कोसिस गरिरहने हो । एकचोटि जितेपछि जितियो-छोडदैनन् ।

यही ढाडसले म पछि लागिरहेछु, तर किन यसै भनिहाल्न सक्दिन । उसको उपस्थितिको बलियो प्रमाण केही छैन । मात्र मेरो डरबाहेक ।

जीवनमा यसबाहेक पनि मैले सम्बन्ध गासेको थिए । कलेज, विश्वविद्यालय हरेक ठाउँमा मेरा केटी साथीहरू धेरै थिए । तीमध्ये एक न एक जना मेरा केही घनिष्ठतम हुन्थे । उमेर र जवानीको जोस हो की, मेलै जीवनलाई गम्भीर तवरले नसोचेर होकी ? म यसैयसै हावाहावा थिए । जब कलेजका दिनहरू सकिन्थे, उनीहरूसँगको सम्बन्ध पनि सकिन्थे ।

समयले हो या, उमेर या आवश्यकता ? म यही भनी ठम्याउन सक्दिन । अचेल मलाई एकजना साथी चाहिएको छ । जोसँग म बच्चा हुन सकु, मजस्तै भएर बग्न सकु । हाँस्न मन लाग्दा उन्मत भएर हाँसु । रून मन लाग्दा उसको काँधको बिसौनी

लिन सकु । किन रोएको भनी नसोधोस् । मलाई केहीबेर आँसुसँगै बग्न दिओस् । मेरो कल्पनाले मेरो मस्तिष्कले उसकै आकृति देखिरहेछ । तर उसलाई म भनिहाल्न पनि सक्दिन । मैले प्रेम गर्ने भएर ऊसँग डराएको हुँ वा गुमाउछु की भन्ने भयले थाहा छैन । हुन त ऊ कहिल्यै मेरो भएकी छैन, गुमाउने डर नहुनु पर्ने । हुन त हरेक सम्बन्धहरू आवश्यकताले निर्माण हुन्छन् । सायद विवाह पनि दुई आवश्यकता मिलेर एक हुने त होला ।

उससँगको मेरो सामिप्यता अत्यन्तै फरक किसिमले निर्माण भएको हो । उसलाई देख्नैबित्तिकै मेरा आँखाहरू केही चञ्चल भएथे । जुन दिन नयाँ अफिसरको रूपमा मेरै अफिसमा मेरै सहपाटी हुन आएकी थिई । त्यस दिन उसले कालो पाइन्ट र फिक्का गुलाबी रंगको सट लगाएकी थिई । कालो केही अग्लो चप्पल लगाएकी थिई । कपाल पूरै फिजारिएको थियो । बेलाबेला उसले कपालको सप्को पछाडितिर फर्काउथी । हो मलाई दिन, गते र बार सबै याद छ । ज्योतिष विज्ञानमा विश्वास गर्ने म, लाग्छ उसले मलाई घायल बनाउन नै साईत जुराएर यस अफिसमा प्रवेश गरेकी हो । साउनको बीस गते बुधबारका दिन पार्वती वा राधा खै के बनेर प्रवेश गरी कुन्नि । मेरो मनलाई म कसै गरेपनि रोक्न सकिन । अझ ऊ र म एउटै विभागमा काम गर्नुपर्ने भयो । मेरो त होस नै उडेजस्तो भयो, जब सीईयोले तपाईँको असिष्टेन्टको रूपमा उहाँलाई नियुक्त गरेको हो भन्नुभयो तर मलाई खै खबर नै थिएन । हुन त बुढाले मलाई सोधेका थिए । मै बबुरो जान्ने पल्टेर सर त्यो पनि तपाईँकै जिम्मा भयो भनेर भागेको थिए । अलिकति भएपनि काम घट्छ कि भन्ने आशले । तर यहाँ परिस्थिति अर्कै मोड लिएको छ । अरू साथीहरूसँग मज्जाले हाँस्ने, बोल्ने, जिस्कने गर्छु । तर उसका सामु मेरो वाक्य नै फुट्दैन । म अफिसमा फाईन्यास म्यानेजरमा थिए । कामको कुरा पनि कनिकुथी बोल्न थालेको छु अलिअलि । ऊ आफै भन्छे । मलाई काम सिकाउनुस् है, सम्झाउनुस् है गर्नुपर्ने काम ।

ऊ आएको करिब एक महिना भयो । बिस्तारै काम सहज हुँदै गयो । तर मेरो तनमन, मेरो मस्तिष्क, मेरो हृदयमा अमूर्त केही चल्दै थियो । त्यो कल्पना पनि कस्तो । अहो ! कहिलेकाहिँ काम गर्दागर्दै उसको काखमा निदाईदिऊ जस्तो लाग्छ । उसले कपाल मुसार्दिएको कल्पना गर्छु । फेरि केही भैपरी आउने पीरले अत्तालिन्छु । रातभर निदाउन सक्दिन । कोठाकै वरपरवरपर गरिरहन्छु । थकानले निन्द्रा लाग्छ कि भन्ने आशले । फेरि भान्छामा गएर घटघट पानी पिउछु । अनि आएर बिस्तारामा पल्टिन्छु । केही कम भएजस्तो हुन्छ । तर

निन्द्रा पट्क्कै लाग्दैन । श्वासको गति केही बढ्दो छ । के भइरहेछ मलाई यस्तो डर त मलाई सानोमा बासँग लाग्ने गर्दथ्यो । केही काम बिगारी हालेको खण्डमा गाली नखाँदा सम्म म यसैगरी डराउथे ।

मेरा बा स्कुलको प्रधानाध्यापक हुनुहुन्थ्यो, जुन स्कुलमा म पनि पढ्थे । म जन्मिएदेखि बाको जागिर सरकारी भएको रैछ र श्री बालकल्याण मा.वि.को निर्विरोध हुनुभएको रैछ । त्यसैले बाकै स्कुलमा थिए । ठूला दुई दाजुहरू उच्च शिक्षाको लागि काठमाडौं गईसक्नु भएको थियो । दिदी कक्षा नौ मा भएकोले पढाई बिग्रन्छ भनेर पढिरहेकै स्कुलमा थिइन ।

निकै वर्षको फरकमा म जन्मिएको थिए । कान्छो छोरो मेरो दुधपुसुवा हो भनेर आमा औधी स्नेह देखाउनु हुन्थ्यो । तर बाले केही गरेको सम्झना छैन । सानोको त खासै सम्झना छैन । सायद काँधमै हालेर लग्नुहुन्थ्यो होला । स्कुल पुग्न करिब पौने घण्टा हिँड्नु पर्थ्यो । केही उकालो र सानो जंगल थियो । स्याङ्जा वायाखोलाको गहते डाँडामा थियो स्कुल ।

अलिक ठुलो भएपछि त सबेरै उठेर कि वालिङ बजारमा दुध पुर्याउने की खरबारी गएर एक भारी घास काट्ने । अनि हस्याङफस्याङ आधी घण्टामा स्कुल पुग्ने । बाले कहिल्यै मलाई अघि लगाउनु भएन । बा अघिअघि कुद्नुहुन्थ्यो । पछिपछि म दौडन्थे । कता आईपुग्यो भनेर होला बेला बेला पछाडि फर्कनुहुन्थ्यो । ठ्याक्कै पछाडि हुँदा भन्नुहुन्थ्यो । "हेर जीन्दगीमा लामो लामो पाईला चाल्नुपर्छ । तलाई अघि लगाएर, डोराएर हिँड्न सधैं म नहुन सक्छु । त्यसैले त आफैले हिँड्नुपर्छ । आफ्नो गन्तव्य पत्ता लगाएर पाईला अघिअघि सार्नुपर्छ । आज तेरो गन्तव्य स्कुलसम्म मात्रै हो । भोलि देश विदेश हुन्छ । पछाडि कहिल्यै फर्कने होइन । अगाडिको दुरदुर सम्म हेर्नुपर्छ ।

मेरो बाल मस्तिष्कले केही बुझ्दैनथ्यो । तर मेरो लागि भन्नुभएको हो, मलाई माया गरेर हो भनेर म फुरूड पर्थे । बाले कहिलेकाहिँ यस्तो यस्तो भनेको मलाई खुब मन पर्थ्यो ।


सरको छोरो भएकोले उहाँकै इज्जतको लागि भएपनि मैले खुब लगनका साथ पढ्दथे । नौ दशमा पुगेपछि कहिलेकाहिँ मेलै जानिन भनेर सामाजिक, गणित र विज्ञानका प्रश्नहरू लिएर जान्थे। बाले निकै सजिलो गरेर बुझाउनु हुन्थ्यो । अनि बुझे भनेर स्याबास भन्दा म रमाउथे ।

अरूबेला गाली नगरे पनि एक किसिमले मलाई बासँग डर लाग्थ्यो । सायद त्यो डर मेरो बा प्रतिको सम्मान हो भन्ने लाग्छ । बा अलिकति चिन्तन मनन गर्न रूचाउनु हुन्थ्यो । शनिबार पनि घण्टौसम्म

किताब कापी बोकेर माथि बार्दालीमा बसेर निकैबेर घोत्लिनुहुन्थ्यो । सामाजिक, राजनीतिक विषयवस्तु भएका किताबहरू हुन्थे क्यारे । त्यसरी पढ्नु भनेको बाको लागि ध्यान गर्नु सरह थियो । कोही जादैनथ्यो, कसैले बोलाउदैनथ्यो । आमालाई सामान्य लेखपढ गर्न पनि आउदैन्थ्यो । बाटोमा हिँड्दा क्यार्दा पनि सजिलो हुन्छ । कसैले झुक्याउन सक्दैन । छलकपटबाट बच्नु पर्छ । नाम लेख्न सक्नुपर्छ आफै भनेर बाले नै घरमा अक्षर सिकाउनु भएको रैछ । सधैं म नहुन सक्छु नी भन्दा आमाको मन गह्रौ हुँदोरहेछ ।

"म अनपढ गवार, पढेलेखेकी अर्को बिहे गर्नुहुन्छ की भन्ने भय पनि मनमा आउथ्यो रे"। ऊ बेला त पुरूषलाई जति विवाह गर्न पनि छुट थियो । कानूनी झमेला पनि नभएकोले सहज थियो । तर आमालाई कति दुख्दो हो । त्यो समयमा छोरीले कहाँ पढ्न पाउथे र । अशिक्षा र अँध्यारौमै जीवन खेर नफाल है भनेर बाले जबरजस्ती अक्षर चिनाउनु भएको रैछ । सुरूमा त आमालाई पढ्नै मन थिएन । अक्षर चिनेर आफ्नो नाम आफै लेख्न थालेसी भने रमाउनु भएछ ।

यसरी बाले हामी सबैलाई आत्मनिर्भर बन्नुपर्छ भनेर सिकाउनु भयो। ममा बलियो आत्मविश्वास छर्नुभयो । जसलाई श्रद्दा र सम्मान गरिन्छ, उहीसँग त डर लाग्छ । जसको छत्रछायाबाट आज म म बने । अझै केही बन्ने कोसिसमा छु । आज विवाह गर्ने उमेरको लाठे भइसके तै पनि बाको अगाडि धेरै बोल्न सक्दिन । फोनमा लामो संवाद गर्न सक्दिन । बासँग जस्तै म धेरै बोल्न नसक्ने र उस्तै डर लाग्ने के म उनलाई प्रेम गर्छु र ? ♦♦♦



**हरि**ः– इन्स्पेक्टर साव, मेरो घरको काकी र आमाको झगडा पऱ्यो ।

**इन्स्पेक्टर**ः– झगडा परेको कति समय भयो ।

**हरि**ः– एक घण्टा जति भयो ।

**इन्स्पेक्टर**ः– एक घण्टासम्म किन खबर नगरेको त ?

**हरि**ः– अघिसम्म आमाले काकीलाई पछारी रहनुभएको थियो, तर अहिले काकीले आमालाई पछार्न थाल्नुभयो त्यसैले ।

♦ ♦ ♦

**श्रीमानले श्रीमतीसँग भनेछन्**–लेऊ यो मेरो एक लाखको जीवन बिमाको पोलिसी पेपर । मेरो मृत्यु पछि तिमीलाई काम आउछ ।

**श्रीमतीले भनिन्**–ल राम्रो भयो, अब देखि तिमी बिरामी हुँदा डाक्टरलाई नबोलाए पनि हुने भयो ।

**संकलनः– प्र.स.नि. शरणजंग भण्डारी**

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३४ साल अङ्क, १ को **खेलकूद तथा अपराध अनुसन्धान विशेषांक प्रहरी प्रकाशनमा** प्रकाशित **प्र.ह. दण्डपाणि जैसी भट्टराईद्वारा लिखित 'अपराध अनुसन्धानमा तालीमी कुकुरहरूको भूमिका'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौँ ।

*-सम्पादक*

धेरै वर्ष पहिले देखिनै मानिसले कुकुरका अलौकिक गुणहरू देखेर उसलाई आफ्नो एक घनिष्ट मित्रको रूपमा अपनाउँदै आएको छ। यसले आफ्नो स्वामी प्रति वफादार रहनुका साथै रक्षक र आज्ञाकारी हुनाले नै यसको नाम DOG (कुकुर) रहन गएको होला भन्ने कुरो यसको नामको विस्तृतीकरणबाट ज्ञात हुन आउँछ । जस्तै :-

D-Duty Fullness (वफादारी कर्तव्य),

O-Obidient (आज्ञाकारिता)

G-Guard (रक्षक)

इजिप्टको लडाइँमा कुकुरहरूले गरेको प्रशंसनीय कार्यबाट प्रभावित भई रोमले आफ्नो क्याम्पको गार्ड ड्युटीमा कुकुरलाई खटाएको थिए भने सन् १९५४ ई. मा हेनरीले ४०० कुकुरहरू स्पेनको राजा चारलीस फिपथलाई हस्तान्तरण गरेको थिए । भनिन्छ कोलम्बसले अमेरिका खोज गर्दा पनि कुकुरको मद्दत लिएका थिए ।

जति जति समय परिवर्तन हुँदै गयो, कुकुरलाई तालीम दिने कलामा पनि हेर फेर हुँदै गयो र प्रथम विश्वयुद्ध पश्चात् जर्मनले कुकुरलाई अझ बढी प्रभावकारी शिक्षा दिन शुरु गऱ्यो । फलस्वरूप लडाइँमा जर्मनका कुकुरहरूले महत्वपूर्ण योगदान दिएको देखिएको थियो । लडाइँमा १,००००० (एक लाख) कुकुरहरूले  काम गरेका थिए । ३०,००० (तीस हज्जार) कुकुरहरू जर्मनका थिए। उक्त लडाइँमा कुकुरहरूबाट Guard Duty Messenger Duty र Casua lity Detection जस्ता कामहरू लिएको थियो।

सन् १९६० मार्चमा भारत सरकारले पनि आर्मी डग ट्रेनिङ स्कूल खोल्यो र कुकुरहरूलाई Tracker Dog Training, Infantary Petrolling Dog Training समावेश गरी पाँच प्रकारको तालीम दिन थाल्यो ।

संसारमा १३५ प्रकार नस्लका कुकुरहरू पाइन्छन्, तर पुलिस र आर्मी फोर्समा १२ नस्लका कुकुरहरूको उपयोग गरिन्छ ।

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**पुनरावेदक/ प्रतिवादी जिल्ला कारागार कार्यालय पर्सा वीरगञ्जमा कैदमा रहेको योगबहादुर लामा विरुद्ध कोड नाम एल.डि. ६/०६७/०६८, एस.टि.सि.७/ ०६७/०६८ र पि.एल. ८/०६७/०६८ समेत जना ३ को संयुक्त जाहेरीले नेपाल सरकार** (ने.का.प.२०७३, **अंक** १, **निर्णय नं.**९५२५) प्रमाण ऐन, २०३१ को दफा १०(१) को कानूनी व्यवस्था अनुसार कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्षरूपमा देख्ने वा थाहा पाउने वा सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिनुपर्ने व्यवस्था रहेको पाइन्छ। त्यसका अतिरिक्त सोही ऐनको दफा १८ मा कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिनुपर्ने व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्था अनुसार प्रस्तुत घटनाबाट पीडित जाहेरवालीहरूले मौकामा दिएको जाहेरी व्यहोरालाई पुष्टि गर्दै अदालतमा आई बकपत्र गरी प्रतिवादीउपरको अभियोग दाबीलाई समर्थन गरेको देखिएकाले पीडित जाहेरवालीहरूले व्यक्त गरेको तथ्यलाई अदालतले ठोस प्रमाणको रूपमा लिनुपर्ने देखिन आएको अवस्थामा यी प्रतिवादीसमेतको मिलोमतोमा पीडित जाहेरवालीहरूलाई बेच्नको उद्देश्यले नै लैजान लागेको देखिएकाले प्रतिवादीको अदालतको इन्कारी बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

**संकलनः– प्र.नि. सुरेश कुमार हायु**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

- वि.सं. २०१८ सालमा नेपाल प्रहरीमा फाटोग्राफी शाखाको स्थापना भएको थियो।
- वि.सं. २०३१ सालमा (Flying Squad) को व्यवस्था गरी उपत्यकामा आकस्मित प्रहरी सेवाका लागि नगर प्रहरी कार्यालय परिचालन गरिएको थियो।
- वि.स. २०४१ सालमा प्रहरी परिवार महिला संघको स्थापना र विविध समाजिक सेवा कार्य थालनी भएको थियो।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**